
महाश्री धर्मकथिक

सयादो आयुष्मान ऊ. सुन्दरको

# दश पुण्य-पुष्प

(भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूद्वारा
नेपाल भाषामा लिखित)

Dhamma.Digital



अनुवादक :

**'ज्योति' शाक्य, का.बु.**

Downloaded from http://www.dhamma.digital


महाश्री धर्मकथिक

सयादो आयुष्मान ऊ. सुन्दरको

# दश पुण्य-पुष्प

(भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूद्वारा
नेपाल भाषामा लिखित)

Dhamma.Digital



अनुवादक :

'ज्योति' शाक्य, का.बु.

Downloaded from http://www.dhamma.digital

प्रकाशक :

**सन्ति सुखावास प्रकाशन समिति**

चाकुपाट-२२, ललितपुर

बुद्ध सम्वत् : २५४३

नेपाल सम्वत् : १११९

विक्रम सम्वत् : २०५६

इस्वी सम्वत् : १९९९

प्रथम संस्करण १५०० प्रति

मूल्य : १५/-

*कम्प्यूटर :*

**गोविन्द स्यूमत, रामकृष्ण लामिछाने, सुरेन्द्रकुमार राजथला**

*मुद्रक :*

**न्यू नेपाल प्रेस**

***प्रधान कार्यालय :***

नक्साल, नागपोखरी

पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल ।

फोन : ४३४८५०, ४३४७५३

***व्यापारिक कार्यालय :***

शुक्रपथ, न्यूरोड, काठमाडौं

फोन : २५९०३२, २५९४५०

फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital

# नेपाल भाषानुवादकको केही कुरा

मानव मन अचम्म लाग्दो छ । एकैनाशले यो कहिले पनि रहँदैन । सदा परिवर्तन भइरहने यसको स्वभाव हो । यो मन कहिले राम्रो छ, हिस्सि परेको, चित्तिक्क रहेको, निर्मल, चमकदार शोभायमान भएको । कहिले कांहिं राम्रो छैन, हिस्सि परेको हुँदैन, चित्तिक्क रहँदैन । बिसिद्धि हुन्छ, अनुहार बिग्रेको, शोभाहीन, चमक रहित । यसो हुनु अरू अरू कारणले होइन । जब भएको रूपमा सही ढंगले तथ्य रूपमा विचार उब्जन्छ, तब यो सर्बांग रूपले निर्मल, परिशुद्ध चम्केको हुन्छ । तर उल्टो रूपमा बेढंगले नमिल्दो किसिमले जब विचार उब्जन्छ, तब त्यस्को स्वरूप नै फरक हुँदछ । तसर्थ यो मनलाई ठीक ठाउँ राम्रो ठाउँ उचित ठाउँमा लगाउन बडो होश गर्नु पर्छ; राख्नु पर्छ । जागरूक भएर बस्न सक्नु पर्दछ । यही कुरालाई राम्ररी सम्झाउन बुझाउन यो पुस्तक "दश पुण्य-पुष्प' हाम्रो सामू आइराखेको छ । मग मग वास आउने, राम्रो, शोभा युक्त चितिक्क र हिस्सि परेको भित्रै भित्रबाट फलिफूलि रहेको यो दश पुष्प हो । यो हृदयलाई सफा पार्ने फूल हो । मति र गति स्वच्छ पार्ने फूल हो ।

यसको मूल लेखक म्यान्मारको महाशी सासना यैता (ध्यान केन्द्र) को एकजना गौरबनीय ध्यानगुरु नायक सयादो ऊ. सुन्दर महास्थविर हो । वहाँ नेपाल पनि दुइ तीन चोटी आइसक्नु भएको थियो । त्यस उसले वहाँ नेपाली बौद्धहरूसित राम्ररी नै सुपरिचित ब्यक्ति हुनु हुन्थ्यो ।

तर यो संसार आफूले चिताए जस्तो छैन । आज देखा परेको ब्यक्ति भोलि देखा नपर्ने, त्यस्तै आज नदेखिएको ब्यक्ति पनि तुरन्त देखा पर्न आउने यो संसारको रीत । हुने नहुने नहुने हुने अन्तरद्वन्दमा परी परिवर्तन भइरहनु यसको स्वभाव हो । यो स्वभावबाट कोहि पनि मुक्त

Downloaded from http://www.dhamma.digital

हुँदैन । देउता सेउता चाहे जो सुकै होस्, सबै नै यसैको भित्र परी भूमरी जस्तै घुमिरहन्छ, रहन्छ । सयादो ऊ. सुन्दर नेपालबाट म्यान्मार् फर्कनु भो । एक दुइ महिना के बितेको थियो, वहाँ पनि यस संसारको भूमरीमा पर्नु भो । वहाँ यो संसारबाट लोप भएर जानु भो । कस्तो अचम्म लाग्दो छ यो ।

अहिले वहाँ यो संसारमा हुनु हुन्न । तै पनि वहाँको यश कीर्ति र वहाँले गरेर जानु भएका क्रियाकलापहरू यथावत् नै विदयमान रहिरहेका छन् । रहिरहने पनि छन् । त्यो त सिति मिति त्यसै त्यसै हराएर जाने छैन । त्यसैले वहाँ तथागत सम्यक्सम्बुद्धले "राम्ररी सुशोभित सुसज्जित राज-रथ जीर्ण भएर जाने जस्तै यो शरीर पनि जतिसुकै सुरक्षा गरी राखे तापनि जीर्ण भएर जान्छ; तर तथागतहरूको सत्य-धर्म जीर्ण हुँदैन ... ..." भनी उपमामय भाषामा हामीलाई कोट्याएर भन्नु हुँदै ब्युँझाएर जानु भएको छ । हामी भने त्यसरी सजिलैसित ब्युँझिने खालको होइनौं रहेछ । यो त हाम्रो दुर्भाग्यको चिनो नै त होला नि ।

वहाँ सयादोले यो पुस्तक जस्तै अन्य थुप्रै पुस्तकहरू लेखेर जानु भएको थियो । ती पुस्तकहरू अती नै जनप्रिय भएका थिए । ती मध्येको एउटा पुस्तक तपाईहरू समक्ष प्रस्तुत हुँदैछ । यस्मा मलाई खुशी लागेको छ । यही वहाँ सयादो प्रतिको मेरो आफ्नो श्रद्धाञ्जली भन्नु पऱ्यो । अन्यथा वहाँप्रति आफ्नो कृतज्ञता प्रकट गर्ने बाटो पनि त अहिले केही रहने भएन नि ।

यो पुस्तक पढी पाठक वृन्दहरूले आ-आफ्नो जीवनहरूमा सुगन्धयुक्त सुन्दर दश-पुष्पको सुगन्ध बास लिन सकून्; ती पुष्पहरू लगाई सिंगारी भित्र बाहिर दुबै क्षेत्रतिर सुन्दर पार्न सकून् । यस जीवन, त्यस्तै यस पछिको भविष्य जीवनलाई पनि सार्थक तुल्याउन सकून् । अस्तु ।

- भिक्षु ज्ञानपूर्णिक महास्थविर

विश्व शान्ति विहार
मीन भवन, नयाँ बानेश्वर
२०५६ कार्तिक ९ गते मंगलबार

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

श्रद्धालु बौद्धजनले अपनाउनु पर्ने दान, शील, भावना लगायत दश पुण्य क्रिया-वस्तुलाई स्पष्ट गर्दै त्यसको राम्ररी पालन गर्नाले पाइने प्रतिफलका बारे दृष्टांत कथाहरू सहित बुझाइएको यो सानो पुस्तिका हो ।

म्यान्मार् (बर्मेली) - भाषाबाट आदरणीय भन्ते ज्ञानपूर्णिकज्यूले नेपाल भाषा (नेवारी) - मा अनुवाद गर्नु भएको यो पुस्तिका 'पुण्य पुष्प झिफ्व:' नाउँले केही वर्ष अघि प्रकाशित भएको हो । उनै श्रद्धेय विद्वान् भन्तेको वचनानुसार नेपाल भाषाबाट अब यो नेपाली भाषामा रूपान्तर गरिएको हो । म कुनै विशेष शैलीमा लेख्ने क्षमता भएको मानिस होइन र त्यसैले यो सीधा-सादा ढंगले गरिएको केवल शाब्दिक अनुवाद मात्र हो । सर्वसाधारण जनले सरलतापूर्वक बुझ्न सकून् भन्ने कामना सहित अनुवाद गरिएको हुनाले भाषा र लेखन-ढाँचा स्तरीय नभएको पाठकवृन्दलाई महसूस हुनगए त्यसका लागि क्षमा चाहन्छु । अस्तु ॥

भवतु सब्बमंगलम् ।

आषाढ़ पूर्णिमा
बु.सं. २५४३

- अनुवादक

Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय

मूलत :

"दश पुण्य-पुष्प" म्यान्मार् भाषामा लेखेको पुस्तक हो। त्यसलाई बि.सं. २०४१ सालमा भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूले नेपाल भाषामा अनुवाद गर्नु भएको थियो । स्वर्गीय पूर्णमान सिंह तुलाधरज्यूको पुण्यस्मृतिमा वहाँकी श्रीमती लानीदेवी तुलाधर, असन, न्हैकंतला, काठमाडौं- प्रमुख सबै परिवारहरूको सश्रद्धाले 'पुण्य पुष्प भिफ्व: स्वाँ' नामले प्रकाशनमा आएको थियो । त्यही पुस्तकलाई ज्योति शाक्य (कालिङ्गपोंग) ज्यूद्वारा नेपाली भाषामा रूपान्तरण भई आज यो पुस्तक तपाईहरूको समक्ष प्रस्तुत हुँदैछ। आज यस "सन्ति सुखावास प्रकाशन समिति"लाई ज्यादै खुशी लागी रहेको छ।

श्री ज्योति शाक्यज्यूद्वारा नेपाली भाषामा रूपान्तरित यो दोश्रो धार्मिक पुस्तक हो। वहाँको पहिलो पुस्तक थियो "दुश्चरित्र अपराध भय विमुक्ति उपदेश।" वहाँको शारीरिक अवस्थातिर दृष्टि पुऱ्याउने हो भने वहाँले यस किसिमको कार्य कसरी सम्पन्न गर्नसक्नु भयो होला भनी अचम्म लाग्न सकिन्छ । हामी जस्ता सामान्य मनस्थिति भएका व्यक्तिहरूको निमित्त असम्भव नै मान्नु पर्ने हुन्छ। वहाँको बुद्धशासन प्रतिको दृढ आस्था, बुद्धको अमूल्य उपदेश प्रचार प्रसारको निमित्त वहाँको हृदयमा लुकिराखेको उत्साह र उमङ्गको प्रभावले नै वहाँबाट यस किसिमको कार्य सम्पन्न हुन सकेको हो भन्ने हाम्रो विचार र धारणा छ। यसरी वहाँले आफ्नो शारीरिक कमजोरीलाई परवाह नगरी जुन

Downloaded from http://www.dhamma.digital

किसिमको योगदान बुद्ध-शासनको निमित्त पुऱ्याउनु भएको छ, त्यसको लागि वहाँप्रति जति आभार र कृतज्ञता प्रकट गरे तापनि त्यो अत्यल्प नै रहने छ ।

यस पुस्तक प्रकाशनको निमित्त सबै क्षेत्रबाट सहयोगी हुने व्यक्तिहरूका साथै न्यू नेपाल प्रेसका मालिकहरू तथा यस कार्यसित संलग्न सम्पूर्ण प्रेस परिवारहरूलाई यथासमयमै स्वच्छ सुन्दर ढंगले पुस्तक प्रकाशनमा ल्याइदिनु भएकोमा साधुवाद सहित हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

यस्तो किसिमको धर्मदानको कार्यमा संलग्न भई बुद्धको अमृतोपदेश प्रचार प्रसार कार्यमा यथाशक्य योगदान पुऱ्याउँदै जान सकौं भन्ने शुभ-प्रार्थना गर्दै यो प्रकाशकीय मन्तब्य यहिं अन्त गर्दछौं ।

**– सन्ति सुखावास प्रकाशन समिति**

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# विषय-सूचि


| संख्या | विषय | पेज नं. |
| --- | --- | --- |
| अ | केही कुरा | क |
| आ | दुई शब्द | ग |
| इ | प्रकाशकीय | घ |
| १. | प्रणाम | १ |
| २. | पवित्र पुण्य-पुष्प धारण गरौं | २ |
| ३. | पुण्य-क्रिया वस्तु दशवटा | ३ |
| ४. | दान-समूह, शील-समूह, भावना-समूह | ४ |
| ५. | दान दिंदा होश राख्न पर्छ | ५ |
| ६. | पवित्र दानद्वारा सिंगारिनुको फल | ६ |
| ७. | अतीत जन्मका कुरा | ७ |
| ८. | देवेन्द्र पनि अत्तालिने गर्दछन् | १० |
| ९. | दान शक्तिद्वारा निर्वाण पुग्दछ | ११ |
| १०. | पुण्य प्रदान गर्नुमा (छोड़िदिनुमा) फल प्राप्ति | १३ |
| ११. | एकजना साहु | १३ |
| १२. | 'साधु' भनेमा फल हुन्छ | १५ |
| १३. | प्रेतहरूको लामो संसार | १६ |
| १४. | गृहस्थी सम्बन्धी शील, पञ्च-शील | १९ |
| १५. | अष्ट-शील | २० |
| १६. | पवित्र शील-पुष्पले सिंगारिदाको फल | २० |
| १७. | पहिलेका कुरा | २२ |
| १८. | शीलको शक्तिले निर्वाण पुग्दछ | २३ |


Downloaded from http://www.dhamma.digital

१९. गौरव अनि अभिवादनद्वारा आयु वृद्धि २७
२०. आयुवर्द्धन दीर्घायु भएको २८
२१. चार प्रकारका मरण ३१
२२. गौरव पूर्ण सेवाको फल ३२
२३. भगवान बुद्ध वैशालीमा ३३
२४. शंख ब्राह्मणको कुशल वृद्धि ३५
२५. विभिन्न वेय्यावच्च कुशल ३७
२६. श्रवण दुर्लभ पवित्र धर्म ३८
२७. उपदेश सुन्न चाहने धम्मसुद्धर ३९
२८. उपदेश सुने असल फल पाइने ४२
२९. धर्म उपदेशको विशेषता ४२
३०. आठ अङ्ग भएको स्वर (आवाज) ४३
३१. उपदेश सुनिरहने भ्यागुतो ४३
३२. भ्यागुतो देवपुत्र बन्यो ४४
३३. राम्रो (असल) फलयुक्त धर्मदेशना ४६
३४. लोक श्रेष्ठ भगवान बुद्ध ४७
३५. अगिसरा भई स्वागत गर्न जाने बकब्रह्मा ४७
३६. मिथ्यावादी सृष्टिकर्ता ४९
३७. भगवान बुद्धसित कसैले प्रतिस्पर्धा गर्न सक्तैन ५०
३८. सीधा (सोझो) दृष्टिले असल फल ५२
३९. दृष्टि गलत हुनगए अकुशल वृद्धि ५३
४०. नर्कको निमित्त देख्ता मात्र पश्चाताप ५५
४१. शमथ-भावना ५६
४२. कदम अघि बढ़ाउन योग्य ५७

Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ४३. | अद्भूतको वङ्गीस | ५७ |
| ४४. | लोकविद् तथागतको प्रश्न | ६० |
| ४५. | एतदग्गका अधिकारी निर्वाण पुग्दछ | ६१ |
| ४६. | विपश्यना-भावना | ६३ |
| ४७. | रूपधर्म र नामधर्म | ६४ |
| ४८. | भाविता गरिरहेको क्षणमा देवता हुनजान सक्तछ | ६५ |
| ४९. | श्रमण देवपुत्रको भावना | ६६ |
| ५०. | विपश्यना-भावना विधि निर्देशन | ७० |
| ५१. | त्रिपिटकको मूल सार | ७१ |
| ५२. | त्रिपिटक, मार्गअंग ८, शिक्षा ३ वटा | ७२ |
| ५३. | स्मृतिप्रस्थान | ७३ |
| ५४. | भावना गरिरहँदा जहिले पनि मार्गाङ्ग सम्मिलित रहँदछ | ७३ |
| ५५. | शील-मार्गाङ्ग ३ वटा, समाधि-मार्गाङ्ग - ३ | ७३ |
| ५६. | प्रज्ञा-मार्गाङ्ग- २ | ७४ |
| ५७. | एउटै मात्र सत्य-मार्ग | ७५ |
| ५८. | विपश्यना कुशल पुष्पले सिंगारिन पऱ्यो | ७६ |
| ५९. | निगमनबाट पवित्र उपहार समेटौं | ७७ |


Downloaded from http://www.dhamma.digital

# पुण्य - पुष्प

## प्रणाम

**पुञ्जपुप्फं पिलन्धित्वा - यो पापुणि पदं वरं ।**
**अम्हाकम्पि पिलन्धेतुं - देसेसि तं नमामहं ॥**

**यो नायको** = देव, मनुष्य र ब्रह्मा सहित अनेकन सत्त्वप्राणीहरूका मार्ग-दर्शक नायक हुनुभएका तथागतले; **पुञ्जपुप्फं** = देव, मनुष्य र निर्वाण- यी तीनै क्षेत्रमा उक्लन सकिने अवसर-युक्त सुन्दर फूल दशवटा; **पिलन्धित्वा** = क्रमैले हरेक जन्म-जन्ममा टिपीकन स्वयं आफैले त्यसको माला लगाइसकेर; **पदं वरं** = मरण हुन नपर्ने (मृत्यु रहित) पवित्र निर्वाणमा; **पापुणि** = अरहत् फल रूपी फूल मालाले सिंगारिन समेत पुगिसक्नु भयो; **अम्हाकम्पि** = देव, मनुष्य र निर्वाण - यी तीन क्षेत्रमा उक्लने (पुग्ने) अभिलाषा भएका हामी अनेकौं सत्त्वहरूलाई पनि; **पिलन्धेतुं** = तीन क्षेत्रमाथि पुग्न सकिने अवसर-युक्त दशवटा फूलहरू सरल ढंगले मन परेका जति टिपीकन आफूलाई सिंगार्न पाउनका निम्ति; **देसेसि** = 'यी क्षेत्रहरूसम्म माथि पुग्न चाहन्छौ भने यो फूल मालाले सिंगार गर' भनी मार्ग निर्देशन सहित उपदेश दिनु भयो । **सुगतं** = असल कुरा गर्नु हुने; **तं नायकं** = देव, मनुष्य र ब्रह्मा सहित अनेकौं सत्त्वप्राणीहरूका मार्ग-प्रदर्शक नायके हुनु भएका तथागतलाई; **अहं** = अनेकौं धर्म श्रोतागणलाई पवित्र पुण्यपुष्पले सिंगारिनका निम्ति प्रेरणा दायक उपदेश दिने उद्देश्य लिई त्यही अनुरूप विचार अनि प्रयत्न गरी लेख्न तर्खरमा लाग्दै म; **नमामि** = देशक अनि श्रोतागण दुबै पक्षका सबै शत्रुभयले मुक्त होइने कारण बनिरहेको शुभ-कामना प्रार्थना सहित नमस्कार गर्दछु ।

साधु ! साधु !! साधु !!!



Downloaded from http://www.dhamma.digital

# पवित्र पुण्य-पुष्प धारण गरौं

आज दिनलागेको उपदेश "पवित्र पुण्य-पुष्प धारण गरौं" भन्ने उपदेश हो। "पुण्य-क्रिया- वस्तु दशवटा" लाई फूलका रूपमा लिई रूढ़ी ढंगले गरिने उपदेश हो यो । "फूल" जोसुकैले पनि मनपराउँद छ र सबैलाई सुन्दर लाग्दछ । विशेष गरी नारी जातिले फूललाई बढ़ी मनपराउने गर्दछन् । आजको युगमा नारी जातिले मात्र फूल सिउरेर हिँड्ने गरे तापनि अघि अघिको समयमा पुरुषहरूले पनि फूल सिउरेर हिँड्ने गरको देखिन्छ। "फूल सिउरेर हिँडे मात्र राम्रो अनि राजघरानिया जस्तो हुन्छ" भन्ने सम्झँदा रहेछन् । त्यसैले फूललाई खूबै प्यारो गरी मनपराएर माला बनाई लगाएर वा सिउरेर हिँड्ने गर्दा रहेछन् ।

यसरी फूललाई राम्रो र सुन्दर मानेर खूबै प्यारोसित मनपराएर सिउरिने गरे तापनि यस्तो प्रकृतिको फूलले सिंगारिएर हिँड्नेलाई सदा सर्वदा सुन्दर बनाइराख्न सक्तैन । ओइलिएर वा सुकेर नगइञ्जेल केही बेरमात्र सुन्दर बनाइदिनसक्ने हुँदछ। अझ त्यसमाथि पनि चिटिक्क पर्ने गरी अनि ज्यादै भड़किलो नदेखिने गरी सिंगारेर हिँड्न जाने मात्र सुहाउँदो सुन्दर हुँदछ ।

**"पुण्य-पुष्प"** कुशल रूपी फूलले चाहिँ (यी फूल सिउरेर) सिंगारीकन हिँड्नेलाई जन्म-जन्म हरेकपल्ट नै सुन्दर बनाइदिनसक्ने हुँदछ । जति जति कुशल रूपी फूल **"पुण्य-पुष्प"** द्वारा आफूलाई सिंगारी हिँड्न सक्यो, त्यति त्यति नै उत्तम जन्म प्राप्तगर्न सकिने हुँदछ ।

तसर्थ **"प्रकृति फूल"** सिउरीकन हिँड्नु भन्दा कुशल रूपी फूल **"पुण्य-पुष्प"** सिँउरेर हिँड्नका लागि प्रेरणाप्रद उपदेश गर्नुपरेको हो ।



Downloaded from http://www.dhamma.digital

# पुण्य-क्रिया वस्तु दशवटा

"**पुण्य-पुष्प**" दशवटा यस्ता छन् जो प्रत्येक व्यक्तिले सिउरेर हिँड्न योग्य छन्। ती हुन् १. दान, २. शील, ३. भावना, ४. अपचायन, ५. वेय्यावच्च, ६. पत्तिदान, ७. पत्तानुपोदन, ८. धम्मसवन, ९. धम्मदेसना र १०. दिट्ठिजुकम्म ।

यिनीहरूको अभिप्राय पछि उल्लेख गर्दै लैजाऊँला । मूल रूपमा यिनलाई "**पुण्य-क्रिया वस्तु दशवटा**" भनिन्छ ।

पुण्य-क्रिया-वस्तु भन्नाले तीन शब्द मिलेर बनेको पद हो । **पुण्य** = असल, सुन्दर, स्वच्छ-सफा; **क्रिया** = गर्न योग्य अनि गर्नु पर्ने काम, **वस्तु** = आधार । यसरी जम्मै शब्द मिलाउँदा "असल, सुन्दर र स्वच्छ वा निर्मल फलको आधार हुनाले गर्न योग्य अनि गर्न आवश्यक भएको कुशलकर्म" भन्ने यिनको अभिप्राय हो । सरल ढंगले भन्ने हो भने "असल फल उत्पन्न गराउने कारण" हो ।

[सूचना-पुण्य-क्रिया-वस्तुको स्वरूपलाई कुशल चेतना भनीकन ग्रहण गर्न परे पनि यहाँ विशेष गरी बाल्य अवस्थाहरूका निम्ति भन्ने प्रमुख उद्देश्य लिई उल्लेख गरिरहेको हुनाले कुशल चेतना भनी नभनेर व्यावहारिक शब्द उल्लेख गर्दै आएको हो । ]

यी पुण्य-क्रिया-वस्तु दशवटा भए पनि स्वभाव मिलेका जति छुट्याई समूहबद्ध गरे १. दान-समूह, २. शील-समूह र ३. भावना-समूह भन्ने तीन समूह बन्दछन् । कसो गरी भने- १. दान, पत्तिदान, पत्तानुमोदन-दाम-समूह, २ सील, अपचायन, वेय्यावच्च-शील-समूह, ३ भावना, धम्मसवन, धम्मदेसना, दिट्ठिजुकम्म- भावना-समूह होइन्छ ।

छुट्याएर समूहबद्ध गर्नु पनि जान्न योग्य छ ।



Downloaded from http://www.dhamma.digital

## दान-समूह

दिनु, त्यागगर्नु भनेको **दान** त भित्री मनमा खूबै जलन हुनु-ईर्ष्या, कपट वा चिच्चा मन हुनु-मात्सर्य, यी नराम्रा स्वभावहरूलाई नाघेर जान सके मात्र पूर्णरूपले पूरा हुने गर्दछ । आफूले गरेको कुशलकर्मको भाग पुण्य प्रदान गरिदिनु - **पत्तिदान**; यसरी अरूले पुण्य प्रदान गरिदिएकोलाई हर्षले खुशी भई साधु भन्दै अनुमोदन गर्नु - **पत्तानुमोदन** पनि ईर्ष्या र मात्सर्यलाई पारगरेर (उछिनेर) जानसके मात्र उत्पन्न हुनसकिने रहेछन् । **दान**, **पत्तिदान** र **पत्तानुमोदन** यी तीने नाउँ भिन्दै भए पनि स्वभाव अनुसार मिल्दा-जुल्दा हुनाले दान-समूहमा समावेश हुन गएको भनी जान्नु पर्दछ ।

## शील-समूह

शील भन्नाले शरीर र वचनलाई संयमित गर्ने आचरण र अभ्यास हुन् । आफू भन्दा ठूला - बड़ाको गौरव राख्नु - **अपचायन**; आफू भन्दा ठूला-बड़ाहरूका गर्नु पर्ने निर्दोष काम-काज गरिदिनु - **वेय्यावच्च**; यी काम-काजहरू अघि अघिका सत्पुरुषहरूका असल आचरण र अभ्यास नै हुने गर्दछन् । यसरी आचरण र अभ्यास अनुसार मिलेका हुनाले "**सील**, **अपचायन** र **वेय्यावच्च**" - लाई शील-समूहमा समावेश गरिएको भनी जान्नु पर्दछ ।

## भावना-समूह

"श्रेष्ठ उत्तम कुशल चित्त बृद्धि गराउने स्वभाव नै" **भावना** भनिएको हो । सद्धर्म श्रवण गर्नु- = **धम्मसवन**; सद्धर्म बताउनु र देखाउनु = **धम्मदेसना**; सीधा यथार्थ दृष्टियुक्त हुनु = **दिट्ठिजुकम्म** पनि कुशलधर्म वृद्धि गराउने स्वभाव हो । यसरी स्वभाव अनुसार मिल्दा-जुल्दा भएका हुनाले "**भावना**, **धम्मसवन**, **धम्मदेसना** र **दिट्ठिजुकम्म**" लाई भावना-समूहमा समावेश गरिएको भनी जान्नु पर्दछ ।



Downloaded from http://www.dhamma.digital

**दिट्ठिजुकम्म** प्रत्येक समूहमा सम्मिलित हुन जाने स्वभाव भएको हुँदछ । अब उसो एक-एक समूह गरी क्रमैसित उल्लेख गर्दै लैजाऊँला ।

## दान दिंदा होश राख्न पर्छ

दिनु, त्याग गर्नु जति सबै "**दान**" हुन् । दानका सम्बन्धमा धर्मग्रन्थमा छुट्याई छुट्याई विभाजन गरिराखेका धेरै उल्लेख पाइन्छन् । तैपनि यहाँ नवयुवक-युवतीहरूका निम्ति जान्न सजिलो गरिदिन दुइ थरीका दानलाई मात्र संक्षिप्त रूपमा उल्लेख गर्दै जाऊँला । ती हुन् १. पुण्य प्राप्त नहुने लोक विषय दान र २. पुण्य प्राप्त हुने पुण्य-विषय दान ।

१. मा भित्र्याइएको दान मन परेको हुनाले दिने, डर-भय मानेर दिने, नदिई नहुने लाजैले दिने हुन् । यसरी दिइने दान नै भए पनि पुण्य प्राप्त नहुने हो । पछिका जन्महरूमा असल फल यसले उत्पन्न गराउन सक्तैन ।

२. मा परेको दान कर्म र कर्मफल प्रति विश्वास गरी दिइने दान हो । कसो हो भने- दान दिनेले दिएर सिद्धिएको सम्पत्ति भन्दा पनि कयौं बढ़ी भएको चेतना मलाई प्राप्त हुने गर्दछ । यस्तो चेतना छायाँ सरि नै आफ्नो पछि पछि आइरहन्छ भन्ने विश्वास गर्नु भनेकै कर्मलाई विश्वास गर्नु हो ।

हामीले दिएको दानद्वारा अवश्य नै असल सुख-फल उत्पन्न गराउन सक्तछ भनी विश्वास राख्नु भन्नाले कर्मको फलप्रति विश्वास गर्नु हो ।

यस प्रकारले कर्म अनि कर्मफल प्रति विश्वास अनुरूप दिइने दानद्वारा पुण्य प्राप्त हुने गर्दछ । प्रार्थना गरेकै होस् वा नगरेकै होस् मनुष्य-सुख र देव-सुख सोझै उत्पन्न गराउन सक्ने हुँदो रहेछ । निर्वाणसम्म पुऱ्याउने आधार उपकारक प्रत्यय पनि यही नै हुने गर्दछ ।



Downloaded from http://www.dhamma.digital

# पवित्र दानद्वारा सिंगारिनुको फल

दान सम्बन्धी स्वभाव धर्महरू (-का कुरा) केही बेरलाई रोकेर "दानरूपी फूल" ले सिंगारिएर हिँडेको कारण सुखफल प्राप्त हुन गएको नमूनाका कथा जोड्दै लैजाऊँला-

आयुष्मान अनुरूद्ध स्थविर एकपल्ट पाँचसय भिक्षुहरूका साथ कपिलवस्तु आइपुग्नु भयो। यो समाचार सुन्नासाथै नाता-कुटुम्ब परेका शाक्य राजकुमार राजकुमारीहरू एक भन्दा अर्को पहिले स्थविरकहाँ पुगेर दर्शन एवं अभिवादन गर्न आउन थाले। तर स्थविरकी बहिनी रोहिणी राजकुमारी भने त्यहाँ आइपुगीनन्। स्थविरले आफ्नी बहिनीको विषयमा सोधपुछ गर्नुहुँदा "कुष्ट- रोग लागेर बसिरहेकी हुनाले लाजैले रोहिणी नआएकी भन्ने कारण" आफन्तहरूले निवेदन गरे। त्यति बेलै स्थविरले मानिस पठाई रोहिणीलाई बोलाउन पठाउनु भयो। नगई नहुने देखी रोहिणीले आफ्नो जिऊ पुरै छोपिने गरी कपड़ाले बेरीन् र महास्थविरकहाँ आइपुगी। तिमी किन नआएकी भनी बहिनीलाई स्थविरले सोध्नु हुँदा बहिनी चाहिँले पनि कुष्टरोग भइरहेको हुनाले लाज लागेर नआएकी हुँ भनिन्।

Dhamma.Digital

तब स्थविरले रोहिणीलाई गहना वस्त्रादि बेचीकन विश्राम लिन बस्न हुने सत्तल (पाटी) एउटा बनाउन भन्नु भयो। अन्य नाता-कुटुम्बलाई पनि सत्तल बनाउनलाई सहयोग पुऱ्याउने काम-कुरो गरीदिने प्रेरणा दिनु भयो। स्वयं आफैले पनि रेखदेख गरी निर्देशन दिने भनी आज्ञा गर्नु भयो।

रोहिणीले तसर्थ आफ्ना गहना आभूषण वस्त्रादि दश हजार रुपैयाँ मोलमा बेचीदिइन्। तिनताक दश हजार रुपैयाँ भनेको निकै धेरै मूल्यवान देखिन्छ। त्यही रकमले दुइतल्ले एउटा सत्तल बनाउन लगाए। आफन्तहरूले पनि चाहिँदो सहयोग पुऱ्याइदिए। स्थविरले पनि आफै



Downloaded from http://www.dhamma.digital

रेखदेखमा लागीकन निर्देशन गर्नु भयो । सत्तलमा चूना लाउने काम सिद्धिए पछि त्यसको माथि काठका तख्ता लगाई सकेपछि स्थविरले रोहिणीलाई तल्लो तल्लामा बराल्न लाउनु भो साथै बिछ्यौना ओछ्याउन लाउन पनि भयो र फेरि पिउने पानी ठिक्क गरी राख्न पनि लगाए । स्थविरले अऱ्हाउनु भए अनुसार बराल्न थालेदेखि रोहिणीको कुष्टरोग शान्त हुँदै जान थाले ।

सत्तल बनाएर पूरा भए पछि भगवान् बुद्ध सहित संघहरूलाई निमंत्रण गरी माथिल्लो तल्लामा राखीकन भोजन दान प्रदान गरे । दाता बनेकी उपासिका चाहिँ लाजमानी तथागतका सामु गइनन् । भगवान् बुद्धले तसर्थ "दाता को हो र किन सामुन्ने नआएको ?" भनी थाहा भए पनि सोध्नु भयो ।

आयुष्मान अनुरुद्धले "त्यस दानकी दाता बहिनी रोहिणी हो र बहिनीलाई कुष्टरोग लागेको हुनाले लाजमानी नआएकी हो" भनी प्रत्युत्तर दिनुभो । तब भगवान् बुद्धले रोहिणी राजकुमारीलाई बोलाएर नल्याई हुँदैन भनी आज्ञा गर्नु भयो । रोहिणी राजकुमारी पनि छलेर बहाना गरी बस्न अपठ्यारो हुँदा भगवान्कहाँ आइन् । भगवान् बुद्धले रोहिणीसित किन नआएकी भनी कारण सोध्नुहुँदा कुष्टरोग लागेको हुनाले अनुहार देखाउन नै लाज लागेकोले नआएकी हुँ भनी रोहिणीले बिन्ति चढ़ाइन् । यसरी कुराको टुंगो लागेपछि भगवान् बुद्धले त्यहाँ रोहिणीले कुष्टरोगी भएर बस्नु परेको कारण अतीत कर्मका कुरा बताउन थाल्नुभो ।

## अतीत जन्मका कुरा

अघिको एक जन्ममा रोहिणी वाराणसीका एक जना राजाकी अग्रमहिषी भएकी थिइन् । त्यसबेला राजाकी एकजना नर्तकी थिई, जसलाई रोहिणीले हेर्न पनि मन पराउँदिन थिइन् । त्यसैले उसले एकदमै चिलाउने एक थरी घाँसको बियाँ खोज्न थालिन् र पछि नर्तकीका लुगा-



Downloaded from http://www.dhamma.digital

फाटा, ओढ्ने-ओछ्याउनेहरूमा त्यो घाँसको बियाँको धूलो कसैलाई थाहा नहुने गरी छरिदिई राखिन् । त्यतिमात्र होइन अझ त्यो नर्तकीलाई आफू कहाँ बोलाएर जिस्क्याए झैं वा ठट्टा गरे झैं गरेर नर्तकीको जिऊमा त्यो चिलाउने घाँसको बियाँको धूलो दली पनि दिइन् । केही दिन नबित्दै नर्तकीको जिऊभरि चिलाउने खटिरा निस्कन थाल्यो ।

"त्यो जन्ममा उल्लंघन गरी बिगारी आएको खराब अकुशलकर्मले गर्दा यस्तो अहिले कुष्ट-रोगी भएर बस्नु परेको हो । त्यसैले रिस उठ्ने दोष, मान-अभिमान आदि विकृत स्वभाव धर्मलाई हटाउन सक्नु पर्दछ ।" आदि भन्दै रोहिणीलाई भगवान् बुद्धले उपदेश दिनुभयो ।

उपदेशको अन्तमा रोहिणी स्रोतापन्न भईन् । शरीरमा लागेको कुष्टरोग पनि राम्रै ढंगले निको भयो । जीवन रहुञ्जेल बसी उनी मरण पछि त्रयस्त्रिंशत देवलोकमा देवी रूपमा जन्मलिन पुगीन् ।

यहाँनिर युवक युवतीहरूका लागि बहुश्रुत हुन देव देवी बन्न जाने कुरा उल्लेख गर्दै लैजाऊँला । देवता कहलिएकाहरू मानिसहरू झैं आमाको गर्भमा प्रतिसन्धि भई बस्नु पर्दैन । मनुष्य जन्मबाट मृत्यु हुनासाथै तुरन्तै देवलोकमा शरीर सहितै प्रकट भईकन एकैचोटि उत्पन्न हुने गर्दछन् ।

देव-अप्सरा बन्न जानेहरू पनि एकैचोटि दिब्य-वस्त्र आभरणले सम्पन्न भइकन सोलह वर्षको उमेर भएका बनेर तुरन्तै उत्पन्न हुने गर्दछन् । उसै गरी देवता हुनेहरू पनि दिब्य आभूषण वस्त्रादिले परिपूर्ण भई बीस वर्षको उमेर भएकाहरूको रूपमा तुरन्तै उत्पन्न हुन जाने गर्दा रहेछन् । सिनेमाको पर्दामा अभिनेता-अभिनेत्रीहरूका तस्वीर छिटछिटै बदलिएर देखापर्न आए झैं त होला नि । उनीहरूका रूप-लावण्य पनि जीवन-भरिनै जस्ताको तस्तै रहने गर्दछन् ।



Downloaded from http://www.dhamma.digital

तर देव देवीहरू सबै नै विमानका अधिपति भएर त बस्तैनन् । विमानका अधिपति बनीरहेका देवपुत्र एक एक जनाको ओछ्यानमा अचानक उत्पन्न हुन आउने देव-अप्सरालाई विमानका अधिपति बनीरहेका देवपुत्रले आफ्नी स्त्रीका रूपमा ग्रहण गर्ने गर्दछन् । उनको काखमा अचानक उत्पन्न हुन आउने देवपुत्र देवपुत्रीहरूलाई छोरा-छोरीका रूपमा ग्रहण गरिन्छन् । आफ्नो अधिकृत क्षेत्रभित्र उत्पन्न हुन आउने देवपुत्र-देवपुत्रीहरूलाई भने विमानका अधिपतिले आफ्ना परिषद् मानी ग्रहण गर्ने गर्दछन् ।

कतिपय देवपुत्र देवपुत्रीहरू दुई विमानको माझ उत्पन्न हुने गर्छन् । त्यस्तो अवस्थामा विमानका अधिपति दुइजनामा परस्पर ती उत्पन्न हुन आएका देवपुत्र-देवपुत्रीहरूलाई आफू - आफूले ग्रहण गरीलिन योग्य छ भन्ठानी बाझ्न थालेर लुटीलिने पनि गर्दारहेछन् र अनि पछि देवेन्द्रकहाँ निर्णय गरी लिनपर्ने हुँदारहेछन् ।

देवेन्द्रले नयाँ उत्पन्न भएको देवपुत्रसित सबभन्दा नजिक भएको विमानको अधिपतिलाई विजय गरिदिने गर्दछन् । कुनै बेला एक दुइ चोटि टाढ़ो नजिक नभई दूरी बराबर हुने गर्दछ । त्यस्तो अवस्थामा नयाँ उत्पन्न देवपुत्र-देवपुत्रीहरूको अनुहार जतापट्टि फर्केको हुँदछ त्यतै पट्टिको विमानका अधिपतिलाई जिताइदिने गर्दछन् । नयाँ उत्पन्न भएका देवताहरू दुइ विमानको बीचमा परी दूरी बराबर भए, दुबै विमानमा कतैतिर पनि अनुहार फर्केको छैन भने ती नयाँ देवतालाई देवेन्द्रले आफ्नो परिषद् रूपमा ग्रहण गरिलिने गर्दारहेछन् । यस प्रकारले नगरिएमा निर्णय हुन सक्दैनथ्यो ।

रोहिणी देवपुत्री चाहिँ विमान अधिपति भइरहेका चार देवपुत्रहरूको सीमानामा उत्पन्न हुन पुगेकी थिइन् । त्यसो हुँदा ती चारैजना देवपुत्रहरू प्रत्येकले आफूले नै रोहिणीलाई ग्रहण गर्न योग्य भएको दावी गरी झै झगड़ा र कलह गरी हानथाप गर्न थाले । अन्तमा देवेन्द्रकहाँ गई निर्णय लिन भनी आइपुगे ।



Downloaded from http://www.dhamma.digital

# देवेन्द्र पनि अत्तालिने गर्दछन्

देवेन्द्रले ती चारैजना देवपुत्रहरूसित, "मारिषहरू हो ! तिमीहरूले यो देवपुत्रीलाई देख्ता तिमीहरूको मन कस्तो भयो" भनी सोधे । ती चारैजनाले आआफ्ना मनका कुरा यसरी बताए-

पहिलो देवपुत्र- "रोहिणी देवपुत्रीलाई देख्ता मेरो मन युद्ध-क्षेत्रमा बजाइने युद्ध-भेरीको आवाज जस्तै स्थिर राख्न नसकी उथल-पुथल भएथ्यो ।"

दोस्रो देवपुत्र- "उसलाई देख्ता म भित्र डाँडाबाट झरिरहेको झरनाको पानीसरि रोक्दै नरोकी निरन्तर मन पराएको चित्त उत्पन्न भइरह्यो ।"

तेस्रो देवपुत्र- "यो देवपुत्रीलाई जुनबेला देखें त्यसबेलादेखि माछ्राको आँखा झैं मेरो आँखा टल्ल टल्केर टुप्लुक्क निस्के जस्तो भइरह्यो ।"

चौथो देवपुत्र- "उसलाई देख्ता मेरो चित्त त चैत्यको टुप्पामा भएको ध्वजापताका जस्तै रोक्दै नरोकी- फरफर गरिरह्यो ।"

ती चारजना देवपुत्रले आआफ्ना कुरा बिन्ति चढ़ाएको सुनीकन देवेन्द्रले फेरि यसो जवाब दिए- "मारिषहरू हो ! रोहिणी देवपुत्रीलाई देखेर तिमीहरूको चित्त कस्तो के भइरहेको छ भन्ने विषयमा तिमीहरूले धैर्यपूर्वक सहन गऱ्यौ भने सहनसक्ने स्थितिमा तिमीहरू छौ, म देवेन्द्रलाई त यो देवपुत्री प्राप्त गर्न सकिएन भने प्राण नै जाने भय छ । यही देवपुत्री पाए मात्र म बाँच्न सक्ने रहेछु ।

तब मात्र ती चारजना देवपुत्रहरूले आफूहरू भन्दा पनि ज्यादा नै रन्थनिएका देवेन्द्रलाई, "भो देवेन्द्र ! तपाईं मर्नचाहिँ नमर्नोस्, रोहिणीलाई तपाइँ आफैले ग्रहण गर्नुहोस्" भन्दै अर्पण गरी फर्के ।



Downloaded from http://www.dhamma.digital

देवेन्द्रले रोहिणीलाई अति नै मनपराएका थिए। उसले जे जस्तो भन्थी तेस्तै सबै गरिदिन्थे। रोहिणीलाई जहाँसम्म जान मनलाग्छ त्यहाँसम्म लिएर जानुहुन्थ्यो। रोहिणीको कुरा, उसले भनेको भनेपछि कहिले पनि नाईनास्ति गर्न सक्दैनथ्यो।

यो कथामा कुष्ट-रोगी रोहिणी राजकुमारी दान उत्सव सम्पन्न हुने बित्तिकै रोग निको भएकी थिइन्। दान-उत्सवको कारणले गर्दा उसले (बुद्धको) उपदेश सुन्न पाएकी थिइन् र त्यो उपदेश चित्तमा भर्न पाइन्। श्रोतापन्न आर्य पनि भई हालिन्। मरण पछि पनि देवलोकमा पुगीकन देवपुत्रहरू देवेन्द्रहरूले पनि र्‍याल चुहुने गरी मन पराएकी भएर, गौरव सहित बस्न पाउने भइन्।

यो "दान पुण्य-पुष्प" ले सिंगारिन सकेकोले पाएको फल हो।

## दान शक्तिद्वारा निर्वाण पुग्दछ

दानद्वारा देवलोकमा पुगिने कुरा अब यति नै भए पुग्छ भन्दा भयो। अब दानद्वारा निर्वाण पुग्न सकिने कुरा उल्लेख गर्दै जाउँला।

दान गर्ने बेलामा १. हर्षले खुशी मान्दै गर्नुपर्छ, २. कर्म र कर्मफल प्रति विश्वास राखी गर्नुपर्छ, ३. निर्वाणको प्रार्थना गरी दान गर्नु पर्छ। हर्षले खुशीमान्दै अर्थात् रमाउँदै दान गर्नाले जहाँ जहाँ जन्म हुनपुग्छ त्यहाँ अरूलाई भन्दा बढ़ी नै फल दिइने स्थिति दरिलो हुने गर्दछ। कर्म र कर्मफल माथि विश्वास राखी दान गरेको खण्डमा पछि मानिस जन्म लिंदा वा देवता बन्न पुग्दा विमुक्तिधर्म प्राप्त हुन सकिने ज्ञानयुक्त मानिस भई जन्म हुने, देवता भई जन्म लिने हुँदछ। निर्वाण प्रार्थना गरी दान दियो भने उपदेश सुन्न पाइने, भावना उद्योग गरी वृद्धि गर्न सकिने स्थानमा देव वा मनुष्य हुन पुग्ने गर्दछ।

यसप्रकारले आफूसित विमुक्तिधर्म प्राप्त हुन सकिने ज्ञान पनि पाइने उपदेश सुन्न सकिने अनि भावना उद्योगमा लाग्न सकिने स्थानमा



Downloaded from http://www.dhamma.digital

देव वा मनुष्य भई जन्म पनि लिन जान पाए त्यो जन्ममा मार्ग फल र निर्वाण पनि प्राप्त गरी लिनसक्ने हुँदछ ।

यी भए आफूले गरी आएको दानद्वारा निर्वाणसम्म पुग्ने गरी सहयोग पुऱ्याउने कुरा ।

यो बाहेक बुद्धशासनको भित्र नै भए दानको आधारमा मार्गमा प्रतिष्ठित भई फलमा पनि प्रवेश गरी निर्वाण समेत अवलोकन गर्न सकिने हुँदछ ।

कसो हो भने– दान दिने व्यक्तिले एकान्त स्थानमा बसेर आफ्नो दान (कार्य) लाई बारम्बार फेरि फेरि सम्झेर प्रत्यवेक्षण गर्नुपर्छ; यसरी सम्झँदै प्रत्यवेक्षण गर्नाले '**चागानुस्सति**'-त्यागानुस्मृति भावना कुशल उत्पन्न हुने गर्दछ । यो कुशलले रमाउनु, प्रसन्न बन्नु, शरीर र मन शान्त हुने, शरीर अनि मनमा आनन्द प्राप्त हुने, चित्त एकाग्र हुने स्वभावलाई क्रमैसित बृद्धि गराउन सकिने हुँदछ ।

त्यसरी उत्पन्न हुँदा उत्पत्ति-अवस्थाको स्वभावलाई "प्रसन्न भए प्रसन्नता भइरहेछ, शान्त भए शान्त भइरहेछ, सुख भइरहेको भए सुख भइरहेछ" आदि भन्दै भाविता गरी सचेत भईकन सम्झँदै जानु पर्छ । यसरी भाविता गरी यथेष्ट सचेत भएर रहनसके विपश्यना ज्ञानका तह क्रमैले माथि उक्लदै मार्गमा प्रतिष्ठित हुने, फलमा प्रवेश हुने, निर्वाण साक्षात्कार हुने अवस्थासम्म नै टुंगो पुऱ्याएर जानसक्ने हुँदछ ।

यो भयो दानद्वारा यसै जन्ममा निर्वाण प्राप्त हुन सकिने कुरा ।

अब पवित्र दान रूपी फूलले सिंगारिन प्रेरणा दिँदै बताउँदै आएको उपदेश यहीं बिसाईदिऔं र दान-समूहमा गाभिएको (पत्तिदान) दानको विषयका कुरा अब जोड्दै लैजाऔं ।



Downloaded from http://www.dhamma.digital

## पुण्य प्रदान गर्नुमा (छोड़िदिनुमा) फल प्राप्ति

**पत्तिदान** भन्नाले आफुले प्राप्त गरेको पुण्य भाग आफूले जस्तै प्राप्त गरी लिन सकोस् भन्ने उद्देश्यले अरूलाई दिनुलाई भनिन्छ। यसरी दिनुलाई "पुण्यानुमोदन गर्नु" भन्ने चलन छ। आफ्नो पुण्य भाग अरूलाई प्रदान गरी दिएमा (छोड़ि दियो भने) दिने दाताको पुण्य भाग कम भएर वा घटेर नगई दानको स्वभावसित मिल्ने नयाँ कुशल समेत फेरि बृद्धि भएर आउने गर्दछ। यस प्रकारले पुण्य प्रदान गरिदिने कुशलद्वारा फल प्राप्त हुन सकिने साधक नमूनाका कथा उल्लेख गर्दै लैजाऊँला।

## एकजना साहु

उहिले वाराणसीमा ब्रह्मदत्त राजाका पालामा बोधिसत्त्वको जन्म एउटा महाजनको कुलमा भएको थियो। उमेर चढ्दै गएपछि बोधिसत्त्व धन-सम्पत्ति कमाउन जान्ने हुनथाले। उसको एउटा सानो भाइ पनि थियो। बाबुचाहिँ परलोक भए पछि दाजु-भाइ दुबै मिलेर आमा-बाबुले गर्दै आएको आयात- निर्यातको काम नै गर्दैलगे। एकपल्ट उनीहरू एउटा गाउँमा गई ब्यापार गर्न पुगेर एक हजार कार्षापण कमाएर आएका थिए। त्यहाँबाट फर्कदा एउटा घाटमा पुगीकन डुंगा (नाउ) रोकेर आफ्ना साथमा लिई आएको भातको पोको खोलेर खान थाले।

बोधिसत्त्वले बाकी रहेको भात र तरकारी खोलाका माछाहरूलाई छरिदिएर खुवाए पछि खोलाको रक्षा गर्ने देवतालाई दान भाग बाँड़ी दिईकन पुण्य पनि प्रदान गरिदिए। खोलाको रक्षा गर्ने देवताले दान भाग पाएर रमाउँदै अनुमोदन गरे। अनि यसो गरी साधुकार दिन पाउँदा उसका परिषद् वृद्धि भएको थियो। खाना खाइसके पछि बोधिसत्त्व पनि बालुवामाथि ओढ्नेलाई नै ओछ्याएर केही बेर विश्राम लिऊँ भनी ढल्केको केही क्षणमा नै निदाई हाले।



Downloaded from http://www.dhamma.digital

बोधिसत्त्वको त्यो भाइचाहिँ भने चोर्ने, लुकाएर राख्ने बानी भएको मानिस थियो । साथमा ल्याएको रुपैयाँ पैसा जम्मै नै आफू एक्लैले लिने मन पनि गर्दै थियो । त्यसैले बोधिसत्त्व निदाइरहेको ताक पारेर पैसाको पोको जस्तै बराबरीको ढुंगाका टुक्राहरू पोको पारेर थाहा नपाइने गरी पैसाको पोको सँगै मिलाएर राख्यो ।

नाउमा चढ़ी घरतिर फर्किरहेको बेला खोलाको बीचमा पुग्दा भाइचाहिँले नाउलाई फटचाक फटचाक गरी एक्कासि हल्लाई दिन थाल्यो । उसले त्यो ढुँगा - रोड़ाको पोको पानीमा झरोस् भन्ने विचारले त्यसरी हल्लाएको थियो । तर ढुँगाको पोको नझरेर पैसाकै पोको चाहिँ पानीमा झरेको वा खसेको थियो । उसले भने मनमनै ढुँगे-पोको नै पानीमा झरेको भन्ठानी उ ढुक्क भएको थियो । दाजुसित मात्र "पैसाको पोको डुबी हाल्यो अब के गर्ने" भन्दै अफसोस गरेको ढाँचा पारी बड़ो मनमा दु:ख लागे झैं ठिक्क पारी रहेको थियो ।

बोधिसत्त्वले भने "खोलामा झरेर डुब्नु पर्ने डुबी हाल्यो, अब के गर्न सकिने हो र, जे हुनु भैगो !" भनी आफ्ना घरतिर लागे । अघि बोधिसत्त्वको कुशल भाग सहर्ष अनुमोदन गरीकन 'साधु' भन्ने अवसर पाएका खोला–रक्षक देवताले झरेको पैसाको पोको आफ्नो शक्तिले एउटा ठूलो माछ्राले निल्न लगाई आफैले रक्षा गरी हिँड्न थाले ।

आफ्नो घर पुगेर त्यो मूर्ख भाइचाहिँ मनमनै "मैले त दाजुलाई एकै चालमा छक्याएर हजार रुपैञाँ आफ्नै मात्र बनाउन सकें" भन्दै त्यो पोको फुकाएर हेर्दा पैसा त होइन ढुँगाका टुक्राहरू देख्यो । अनि त मनमा साह्रै दिक्क लागेर पलंगको खुट्टा अँगालेर मन दु:खाउँदै लड़ी बस्यो ।

त्यही दिन माछ्रा समाउन जाल फैलाई हिँड्ने माझीहरू मध्ये कसैले त्यही पैसाको पोको निलेर राख्ने ठूलो माछ्रा पक्रेर लग्यो । उसले वाराणसी शहरमा त्यो माछ्रा एक हजार र सात सुका मोल लाएर घुम्दै



Downloaded from http://www.dhamma.digital

बेच्न गइरहेथ्यो। तर कसैले पनि किनेर नलिई उल्टो त्यो माझीलाई मात्र गिज्याउँदै हेप्ने गर्दथ्यो। अन्तमा माझीले बोधिसत्त्व साहूको घर पुगी त्यो माछा सातसुका मोलमानै बेचेर गयो।

बोधिसत्त्वले त्यो माछाको पेट चिरेर हेर्दा पैसाको पोको देखे। उनले राम्ररी केलाएर हेर्दा आफ्नो सांकेतिक छाप भेटेर पानीमा झरेको पैसाको पोको नै रहेछ भन्ने पत्ता लगाए।

ठीक त्यतिनै बेला खोलाका रक्षक देवता आफैलाई प्रकट रूपमा देखाउँदै आइकन त्यो दुष्ट भाइ चाहिँले गरी आएको सारा वृतान्त पोखाए।

"कपटी मन भएको मानिसले कहिले उन्नति गर्न सक्दैन। तपाईको धन विनाश हुन नदिनका निम्ति म आफैले यहाँसम्म नै पुऱ्याउन आएको हो। यो पैसा तिमीले आफ्नो त्यो चोर भाइलाई बाँड़ी नदिनू" भनी त्यो देवता त्यहीं लोप भएर गए।

त्यसो हुँदाहुँदै पनि बोधिसत्त्वले अफसोस गरी बसिरहेको दुष्ट भाईलाई पैसाको पोकोबाट आधि बाँड़ी नै दिए।

यो कथालाई राम्ररी अध्ययन गरी हेरेमा पानीमा डुबी सकेको पैसाको पोको बोधिसत्त्वले फेरि प्राप्त गरी लिनसकेको कारण चाहिँ कुशलकर्मको भाग नदीरक्षक देवतालाई अनुमोदन गरी आएको हुनाले 'साधु' भन्न पाएका नदी-रक्षक देवताले त्यसको प्रत्युपकार गरिदिएको हुनाले हो। यो कथामा **"पत्तानुमोदन"** फल दिलाउने कुरा केही अंशमा सम्मिलित भए पनि राम्ररी स्पष्ट नभएको हुँदा फेरि अलग्गै उल्लेख गरी देखाउँला।

## 'साधु' भनेमा फल हुन्छ

**'पत्तानुमोदन'** भन्नाले दाताले बाँड़िदिएको कुशल भागलाई सहर्ष अनुमोदन गरेर 'साधु' भनी भन्नु हो। यसरी साधु भनी दिनाले भन्नेलाई उपकारक फल प्राप्त हुनसक्ने हुँदछ। त्यस सम्बन्धमा एउटा नमूना कथा उल्लेख गरूँला।



Downloaded from http://www.dhamma.digital

भगवान बुद्ध प्रथमपल्ट राजगृहमा आइपुग्नु हुँदा राजगृहका अधिपति बिम्बिसार राजा र एकलाख दश हजार परिषद्हरू श्रोतापन्न भएका थिए । त्यसको भोलिपल्ट देवेन्द्रलाई बाटो देखाइदिन लगाई भगवानबुद्ध राजाको राजदरवारमा पुग्नु भयो । अनि अतिविशाल दान ग्रहण गर्नुभयो । त्यो दान-उत्सवमा राजाले आफ्नो दानको पुण्यभाग बाँड़ी दिने मौका पाएनन् । कारण के थियो भने त्यस बेला राजा भगवान् बुद्धलाई बास बसाउनका निम्ति विहार बनाउन सोची रहेका थिए । साधु भन्नलाई धेरै समयदेखि पर्खिरहेका प्रेतहरू यसमा संतोष भएनन् । त्यसो हुँदा तिनीहरूले राती राजाले सुन्ने गरी डरलाग्दो प्रकारले बड़ो तीक्ष्ण आवाजले शब्द निकाली (आफूलाई भइरहेको) दु:ख सास्ति प्रकट गरी देखाए ।)

## प्रेतहरूको लामो संसार

तीं प्रेतहरू राजाका पहिले पहिलेका जन्मका पुराना आफन्त, परिवारहरू थिए । बयानब्बे कल्प अघि फुस्स तथागतको पालोमा बिम्बिसार राजा भनी कहलाइन आउने व्यक्ति भगवान् बुद्धसित एउटै बाबु अनि भिन्दाभिन्दै आमाका तीनजना राजकुमारहरूको सचिव बनेर आएको थियो ।

ती तीन राजकुमारहरूले दाजु हुनु भएका फुस्स तथागत सहित नब्बे हजार संघहरूलाई उनीहरूका जनपदमा निमन्त्रण गर्ने अनुमति प्राप्त हुनाले वर्षावास तीन महिना पूरै दान-प्रदान उत्सव मनाएका थिए ।

त्यस दान-उत्सवमा सचिव प्रमुख बनेका एघार हजार मानिसहरूले पकाउने देखि लिएर भोजन दान दिने अभिभार पनि लिनु परेको थियो । त्यो सचिवका नाता कुटुम्बहरू मध्ये नराम्रो चित्त भएकाहरूले त्यो दान- उत्सव सुचारु ढंगले नहुने गरी काम कुरो गरेका थिए । संघहरूका निम्ति पकाई-बनाई प्रबन्ध गरिराखेको भोजनादिका



Downloaded from http://www.dhamma.digital

चीज पदार्थहरू पहिले आफैहरूले कसैले नदेखिने गरी खाने-पिउने गर्थे। साना साना छोरा छोरीहरूलाई पनि लुकाएर दिंदै खुवाउने र पिलाउने गर्थे।

त्यो सचिव अनि कुशल (असल) चित्त भएका मानिसहरूले मरण पछि देव भूमिहरूमा एउटा भूमिबाट अर्को भूमि गरी घुमी घुमी दिव्य आरम्मण कामगुण सुख ऐश्वर्यहरू अनुभव गरी आए। त्यो सचिव चाहिँ यिनै (गौतम) तथागतको पालोमा बिम्बिसार हुन आए। उसै गरी अन्य कुशल चित्त भएकाहरू उसका परिवार।

अरु खराब चित्त भएका मानिसहरू भने फुस्स तथागतको पालो देखि बयानब्बे कल्पसम्म विभिन्न नर्क भूमिमा एक भूमिबाट अर्को भूमि घुमीघुमी नराम्रा फलहरू अनुभव गरी आए। बल्ल यस कल्पमा आइपुगेर काश्यप तथागतको पालोमा मात्र तिनीहरू नर्कभूमिबाट मुक्त भएर प्रेत हुन आएका थिए।

ती मध्ये कतिपय प्रेतहरू काश्यप तथागतको पालोमा तिनीहरूका आफन्तहरूले बाँड़ी दिएको कुशल भाग सहर्ष अनुमोदन गरी साधु भन्न पाएको हुँदा मुक्त भएर गए। त्यो देखेर बिम्बिसारका पुराना नातेदार प्रेतहरूले काश्यप तथागतकहाँ गईकन उनीहरू मुक्त हुनसक्ने कि नसक्ने निवेदन गरेर सुन्न गएका थिए।

"गौतम तथागतको पालोमा मात्र तिमीहरूका पुराना नातेदार आफन्त बिम्बिसार राजाले तिमीहरूका निम्ति कुशलकर्म गरीकन पुण्य प्रदान गरी दिने छन्, त्यतिबेला मात्र तिमीहरू मुक्त हुनेछौ।" भनी काश्यप तथागतले आज्ञा गर्नु भयो।

एकजना तथागतदेखि अर्को तथागतसम्मको बीचको समय अति नै लामो छ। तर ती काश्यप तथागतको भविष्यवाणी सुन्न पाएका प्रेतहरू भने आज भोलि नै मुक्त हुने समय आए झैं मनमा लिई चाहिँदो ढंगले पर्खेर आशा गरिरहेका थिए।



Downloaded from http://www.dhamma.digital

यिनै (गौतम) तथागतको पालोमा ती प्रेतहरू आफ्ना पुरानो नातेदार बिम्बिसार राजाले दान कुशलकर्म गर्न थाले भन्नासाथ त्यहाँ वरिपरि ओइरिएर जम्मा हुन आएका थिए। सहर्ष अनुमोदन गरी साधु भन्नका निम्ति ओठहरू पनि हल्लाई तयार भई पर्खिरहेका थिए। तर राजा भने विहार बनाउनका लागि विचार मग्न हुनाले कसैलाई पनि पुण्य प्रदान गरी (वा छोड़ी) दिएनन्। त्यसैले उनका पुराना नातेदार प्रेतहरूले असन्तोष भाव प्रकट गरेर डरलाग्दो आवाजले कराएका थिए।

राजाले भयंकर डरलाग्दो कोलाहल आवाज सुनेका हुनाले भोलिपल्ट बिहानै भगवान बुद्धकहाँ गई निवेदन गरे। भगवान् बुद्धले राजाका आफन्त पर्ने प्रेतहरूका विषयमा दोहोऱ्याईकन बताउनुभयो।

सम्पूर्ण कारण जान्न पाएका राजाले त्यो दिन विहान आफ्ना नाता पर्ने प्रेतहरूका निम्ति दान उत्सवको ब्यवस्था गर्नुभयो। बुद्ध प्रमुख संघहरू राजदर्वारमा निमंत्रण गरी खाद्य-भोज्य आदि दानवस्तुहरू प्रदान गर्नुभयो। त्यो त्यसरी गरिएको दान कुशलको भाग आफ्ना नाता परेका प्रेतहरूका निम्ति पुण्य प्रदान गरिदिए उनले। भगवान् बुद्धको आधिष्ठानको कारणले गर्दा राजाले आफ्ना पुराना आफन्त प्रेतको झुण्डलाई स्वयं आफैले पनि हेर्नपाए।

तबमात्र प्रेतहरूले राजाबाट पाएको पुण्य भाग सहर्ष अनुमोदन गरी साधु भनी भन्न पाएको थियो। यसरी साधु भन्ने बित्तिकै तिनीहरू प्रेतयोनिबाट मुक्त भईहाले। तुरन्तै देवका रूपमा परिवर्तित भईकन उत्तम देव-सम्पत्ति अनुभव गरी जान पाएका थिए। यस्तो कारण पुनरावृत्ति गरी अध्ययन गर्दैलगे अरूले बाँड़ी दिएको कुशलकर्मको भाग सहर्ष स्वीकार गरीकन साधुकार गर्नु फलदायी हुँदछ भन्ने कुरो स्पष्ट देखिन्छ।



Downloaded from http://www.dhamma.digital

पवित्र पुण्य पुष्पद्वारा सिंगारिनका निम्ति प्रेरणा दिँदै बताइरहेको, एउटै समूहमा समावेश गरिएका "**दान, पत्तिदान र पत्तानुमोदन**" को विषय त अब पूरा भयो । यो समूहलाई अन्त गर्ने सिलसिलामा धर्मश्लोक केही पढेर एउटा काण्डको समापन गरौं ।

**जान्नू समूह दानको सबै, छुट्टा छुट्टै विभाग गरी**
**आफ्नो सम्पत्ति शुभचेतनले, दिनुलाई भन्दछ 'दान' भनी ।**
**कर्मफलमा भै विश्वस्त दिए, निश्चय पाइन्छ फल दानको**
**सुर-नर-सम्पत्ति सोभ्कैं, साथै., आधार निर्वाण सम्मनको ॥**
**आफ्नो पुण्य प्रदान गरिएमा, त्यसलाई 'पत्तिदान' भनियो**
**अरूको पुण्यमा साधु भनेमा, 'पत्तानुमोदन' भन्ने भयो ।**
**मिल्दा जुल्दा छन् तीनवटा, यी आ-आफ्ना स्वभाव गुणले ।**
**सम्झी राख्नू यी तीन सदा, अप्रमाद युक्त सचेत मनले ॥**

## गृहस्थी सम्बन्धी शील

दान-समूह सकियो र अब शील-समूह जोड्दै लैजाऔं । दान विभिन्न ढंगका भए भैं शील पनि विभिन्न किसिमका छन् । तर मूल स्वभाव अनुरूप भन्नु हो भने "शील" भन्नाले अकुशल उत्पन्न नहुनेगरी शरीर र वचनलाई संयम गर्ने आचरण वा अभ्यास हो ।

यहाँनिर अब १. भिक्षुहरूका शील, २. भिक्षुणीहरूका शील, ३. श्रामणेरहरूका शील, ४. गृहस्थीहरूका शील भनी जम्मा चारथरीका शील बताइएको मध्ये गृहस्थीहरूका शील मोटामोटी रूपले उल्लेख गर्दै जाऊँला ।

### पञ्च-शील

१. परप्राणी हनन गर्नदेखि अलग रहनु
२. पराई धन-सम्पत्ति चोर्ने, लुट्ने कामबाट अलग रहनु
३. परपुरुष, परस्त्रीहरूलाई दूषित गर्न र बिगार्नबाट अलग रहनु
४. फकाई-फुकाई ढाँटेर कुरा गर्नबाट अलग रहनु
५. जाँड़ रक्सी मातिने पदार्थ पिउन र सेवन गर्नबाट अलग रहनु



Downloaded from http://www.dhamma.digital

यी पाँच शील गृहस्थीहरूले जहिले पनि अटुट आचरण, धारण अनि पालन गर्दै जानु पर्ने शीलहरू हुन् ।

**अष्ट-शील**

१. परप्राणी हनन गर्नदेखि अलग रहनु
२. पराई वस्तु ... ...
३. मैथुन कर्मबाट ... ...
४. फुस्ल्याएर ढाँटी कुरा गर्नबाट ... ...
५. जाँड़-रक्सी ... ...
६. मध्यानान्तर राती अबेर खाने- पिउने वस्तुको सेवनबाट अलग रहनु ।
७. नाच्ने, गीत गाउने, बाजा बजाउने, नृत्य-नाटक हेर्नजाने र फूलमाला लाउने श्रीखण्ड सुगन्धित द्रब्य दल्ने यी सबैबाट अलग रहनु,
८. अग्लो (उच्च) आसन - उत्तम आसनमा बस्न र सुत्नबाट अलग रहनु

यी आठ शील गृहस्थीहरूका उपोसथ शील हुन् ।

उपोसथ शील भनिए पनि उपोसथका दिनहरूमा मात्र धारण अनि पालन गर्नु हुने होइन । अन्य दिनहरूमा पनि धारण र पालन गर्न हुने हो ।

पञ्चशील धारण र पालन गरेमा प्राप्त हुन सकिने असल फल देखाउने नमूना कथा “गृहस्थ-विनय’ - मा उल्लेख गरीसकेको छु । त्यसैले यहाँ आधा दिन उपोसथ शील धारण र पालन गर्दा असल फल प्राप्त भएको देखाउने नमूनाको कथा मात्र उल्लेख गर्दैछु ।

## पवित्र शील-पुष्पले सिंगारिदाको फल

भगवान् बुद्ध उत्पन्न हुन केही समय अघि कौशाम्बीमा घोषक सेठ, कुक्कुट सेठ र पावारिक सेठ भन्ने तीनजना साथीहरू थिए र यिनीहरूले पाँचसय ऋषिहरूको शरण लिई आदर सत्कार गर्दै आइरहेका थिए । कौशाम्बीमा वर्षा-काल चार महिना, गर्मीका चार महिना हिमवन्तमा अनि हिउँदोका चार महिना गरी पालैसित वास गर्ने चलन ती ऋषिगुरूहरूको थियो ।



Downloaded from http://www.dhamma.digital

भगवान् बुद्ध भर्खरै उत्पन्न हुनु भएको बेला ती ऋषिहरू कौशाम्बीतिर फर्किरहेका थिए। त्यतिञ्जेलसम्म कौशाम्बीमा बस्नेहरूले "भगवान् बुद्ध उत्पन्न भइसक्नुभो" भन्ने समाचार सुनेका र जानेका थिएनन्।

ती ऋषिहरू बाटामा दुःख-कष्ट गर्दै यात्रा गरी आउन परेको हुँदा एकातिर पानीको प्यास लागेको अर्कोतिर थाकिसकेको हुनाले मूल बाटोको छेवैको जंगलमा एउटा वरको रुख मनि थकाइ मार्न भनी बसे। तिनीहरूले त्यो वरको रुखको स्थिति हेरीकन "यो वरको रुखमा वृक्ष-देवता अवश्य हुनुपर्छ भनी सोच्दै यी वृक्ष-रक्षक देवताले हामीलाई पानी अलि दिनुभए हुन्थ्यो" भन्ने चिन्तन गरे।

उनीहरूको त्यस्तो विचार वृक्ष-रक्षक देवतालाई थाहा भयो र उसले आफ्नो ऋद्धिद्वारा वर-वृक्षको चेपबाट सोठोको टुप्पा जति मोटो पानीको धारा छररर निस्कने गरी निर्माण गरिदियो। ऋषिहरूले रमाउँदै पानी पिउने र अरु कामका लागि पनि प्रयोग गरे।

त्यसपछि "पानी त पिउन र प्रयोग गर्न पायौं। अब यो वृक्ष-रक्षक देवताले हामीलाई केही खुवाउने पनि गरे हुन्थ्यो" भनी चिन्तना गरे। उनीहरूको चिन्तन बुझ्ने वृक्ष-देवताले उनीहरूलाई सुहाउँदा दिव्य यवागु (चामलको एकथरी क्वाति जस्तो) खाद्य-भोज्यहरू ऋषिहरूलाई आफू प्रकट रूपमा नदेखिने गरी रहेरै प्रदान गरे। तृप्त र संतोष हुञ्जेल ती ऋषिहरूले पनि खाए-पिए।

फेरि पनि ऋषिहरूले "वरको रुख रक्षा गर्ने देवताका कारण पानीका साथै खाद्य-भोज्य पनि खान-पिउन पायौं, अब त्यो देवताले आफूलाई पनि प्रकट गरी देखाए कति राम्रो हुन्थ्यो" भन्ने चिन्तना गर्नथाले। त्यसकारण वृक्ष-देवताले आफ्नो माथिल्लो आधा भाग प्रकट गरी देखाए।



Downloaded from http://www.dhamma.digital

तब ऋषिहरूले, "भो देवराज, तिम्रा ऐश्वर्य, ऋद्धि-सिद्धि त बड़ो विशाल र भव्य रहेछन् । कस्तो कुशलकर्म गरी आएको हुनाले यस्ता भव्य अनि विशाल सम्पत्ति भोग गर्न पायौं" भनी सोधे ।

पहिले त त्यो वृक्ष- देवताले आफ्नो कुशलकर्म केही पनि उल्लेख गर्न सुहाउँदो नभएको कुरा पूरै स्पष्ट नहुने गरी जवाब दियो । तर ऋषिहरूले खूबै कर लगाई सोधेकाले आफ्ना विषयमा सुनाउन थाल्यो ।

## पहिलेका कुरा

पहिलेको कुनै एक जन्ममा त्यो (वृक्षरक्षक देवता) मानिस छँदा श्रावस्तीमा जेतवन विहारका दाता अनाथपिण्डिक सेठको घरमा एक जना ज्यामि (= काम गर्ने सेवक) भएको थियो ।

अनाथपिण्डिकले आफ्ना घरका नोकर-चाकर र अन्य काम गर्ने कर्मीहरू समेत कोही पनि नछोड़ी सबैलाई नै उपोसथका दिनहरूमा उपोसथ व्रत धारण गर्न लगाउँथे ।

एकपल्ट एक उपोसथको दिन त्यो वृक्ष-देवता हुन आउने मानिस चाहिँ सबेरै उठेर एक्लै कुनै काम गर्न जंगलतिर गएको थियो । घरमा बाँकी सबैले उपोसथ धारण गरेका थिए । त्यो कुरो भने त्यो जंगल जानेलाई थाहा भएन ।

भान्साघरमा काम गर्ने भान्छेले त्यो दिन एकजनाको लागि मात्र बेलुकीको खाना पकाएको थियो । जंगलको कामबाट फर्केको त्यो काम गर्ने मान्छेले आफू एकजनालाई मात्र खाना खुवाउने व्यवस्था गरिएको देख्यो । घर पनि पूरै सूनसान थियो । यस्तो देखेर त्यो ज्यामिले सोधपुछ गर्दा भान्छे नोकरले "अरु त सबै नै उपोसथ व्रत धारण गरी बसेका छन्" भन्यो ।

त्यसबेला त्यो ज्यामिले आफूले पनि उपोसथ व्रत पालन गर्न हुने वा नहुने सेठसित सोधिदिनका लागि निवेदन गर्दै भन्यो । त्यो अर्को



Downloaded from http://www.dhamma.digital

नोकरले सेठकहाँ गई सोध्दा "पूरै दिनको उपोसथ व्रत भने अब नहुने भइसक्यो, आधादिनको पालन गर्न भने अझ पनि हुन्छ" भनी उत्तर दिइपठाए।

त्यो सुनेर उक्त ज्यामिले खानलाई ठिक्क गरीसकेको भात पनि नखाईकन मुख पखाली उपोसथ व्रत समादान गऱ्यो। त्यसपछि आफ्नो ठाउँमा गई थकाई मार्न पल्टिन पुग्यो। त्यसले दिनभरि नै केही नखाईकन बसिरहेको हुनाले राती तीव्र वायुरोगले सतायो र मिरमिरे उज्यालो हुनलागेको बेला परलोक भइहाल्यो।

त्यसरी आधा दिन मात्र उपोसथ शील समादान गरी आएको कुशलकर्मको कारणले अहिले वरको रुखमा ऐश्वर्य सहित वृक्षदेवता भएर बस्न पाएको हो भनी त्यो देवराजले स्पष्ट गरी बताए।

अनि त्यसबेला मात्र ती ऋषिहरूले भगवान् बुद्ध लोकमा उत्पन्न भइसक्नुभो भन्ने थाहा पाए। ऋषिहरू कौशाम्बी पुगेपछि उनीहरूका दाता बनीरहेका सेठहरूले पनि बुद्ध उत्पन्न हुनुभो भन्ने उत्तम समाचार ती ऋषिहरूबाट सुनी थाहा पाए।

उक्त वरको रुख रक्षा गर्ने देवताका विषयमा पुनरावृत्तिद्वारा बुझ्ने गरे "पवित्र शील-पुष्प" लिई आफूलाई सिंगारी रहनेहरूलाई देव र मनुष्यहरूका सुख मात्र त सजिलै प्राप्त हुन सक्तछ भन्ने थाहा पाउन पनि सजिलै सकिन्छ।

## शीलको शक्तिले निर्वाण पुग्दछ

"शील-पुष्पले" सिंगारी रहने व्यक्तिलाई देव र मनुष्य सुख सजिलै प्राप्त हुन सक्तछ र उसै गरी निर्वाण पुगिने कारण उपकारक प्रत्यय पनि हुने गर्दछ।

शीलको रक्षा गरिरहने व्यक्तिले आफ्नो परिशुद्ध शीललाई बारम्बार नछुट्टिने गरी जोड्दै सम्झने र प्रत्यवेक्षण गरिरहने हुनुपर्छ।



Downloaded from http://www.dhamma.digital

यसरी सम्झनु र विचार गर्नु (शीलानुस्मृति) भावना कुशल हो । यस्तो कुशलकर्मले प्रसन्न र प्रमुदित हुने, काय, चित्त र मन शान्त हुने, शरीर र मन सुख पूर्ण हुने, चित्त एकाग्र हुने स्वभावलाई पनि उत्पत्ति गराउन सक्तछ ।

त्यत्तिबेला उत्पन्न भइरहेको अवस्थाको स्वभाव-धर्मलाई उत्पन्न भइरहे अनुसार "प्रसन्न भए प्रसन्न भइरहेछ, प्रमुदित भइरहे प्रमुदित भइरहेछ, शान्त र शीतल भइरहे शान्त र शीतल भइरहेछ" आदि यस्तै क्रमले अटूट रूपले सम्झँदै सचेत भएर भाविता गर्नुपर्छ ।

त्यसरी भाविता गर्दै लाँदा विपश्यना ज्ञान-क्रम तह तह चढ्दै मार्गमा प्रतिष्ठित भईकन फलमा प्रवेश भएर निर्वाण बोध हुने स्थितिसम्म पुग्न सकिने हुँदछ । तर यस्तो अवसर भने केवल बुद्धशासन भित्र मात्र हुन सक्तछ ।

लौ, अब शीलको सामर्थ्यद्वारा निर्वाण पुग्न सकिने विषयसित सम्बन्धित केही कथा जोड्दै जाऔं ।

भगवान् बुद्ध श्रावस्तीको जेतवनाराममा अनाथपिण्डिक सेठको विहारमा विराजमान हुनु भएको बेला तिष्य नाउँ गरेको एकजना भिक्षु तथागतसित भावना गर्ने विधि सिकीकन जंगलतिर गए । उचित एवं अनुकूल पर्ने एउटा ठाउँ खोज्दै हिँड्नु हुँदा जंगल भित्र एक ओड़ार मनि मन नै हल्का र शीतल हुने एउटा गुफा भेटे । त्यहीं बसेर श्रमण धर्म अभ्यास र उद्योग गर्ने निश्चय गरे ।

भोलिपल्ट छेवैको कुनै गाउँमा भिक्षाचरण गए । एकजना उपासिकाले त्यो भिक्षुलाई देख्ने बित्तिकै आफ्नै छोराप्रति झैं स्नेह र श्रद्धा उत्पन्न भएकोले उसले भिक्षुलाई उक्त गुफामा नै वर्षावास बस्न अनि उसकै घरमा दिन्हौं भिक्षाटनका निम्ति आउने बिन्ति चढ़ाइन् ।



Downloaded from http://www.dhamma.digital

त्यो गुफामा पहिलेदेखि बसिरहेकी एकजना गुफा-रक्षिका देवपुत्री थिइन् र जुन दिनदेखि भिक्षु आएर बस्नुभो त्यस बेलादेखि त्यो देवपुत्री भिक्षुसित बस्न नसक्ने भएकी थिइन्। तसर्थ भिक्षु आउनु भएकै दिनदेखि आफ्ना सानासाना छोराछोरीहरू लिएर बाहिर कतै एकातिर पन्छिएर बस्न परेको थियो। पहिले त देवपुत्रीले यो भिक्षु एक दुई दिन बसेर फर्केर जाने होला भन्ने सोचेकी थिइन्। तर यसरी पर्खंदै पन्द्रह दिन जति बितेर गए। तब मात्र उसले त्यो भिक्षु नफर्कीकन गुफामा नै वर्षावास बस्नु हुने रहेछ भन्ने भाव बुझिन्।

शीलवान भिक्षु हुनाले त्यहाँबाट लखेटी पठाउन पनि अपठ्यारो, सँगै बस्न पनि नहुने हुँदा विचरी देवपुत्रीलाई के गरुँ कसो गरुँ हुन थाल्यो। त्यसैले गुफाबाट भिक्षु हटेर जाने गरी केही गर्ने बुद्धि निकालिन् र भिक्षुको शीलपालनमा कुनै दोष वा भूल भएको छ कि छैन थाहा पाउन दिब्यचक्षुद्वारा विचार गरी हेरिन्। भिक्षु भावमा बसेदेखि अहिलेसम्म उक्त भिक्षुको शीलमा रत्तिभर पनि दाग नलागेको अत्यन्त परिशुद्ध भएको देखिन्।

उसले फेरि अर्को बुद्धि लाउँदा एउटा युक्ति सम्झिन्। एकदिन त्यो गुफा रक्षिका देवपुत्री, भिक्षुलाई भोजन दान दिने आमाको जेठा छोराचाहिँमा प्रविष्ट हुन पुगिन्। त्यो केटाको टाउको पछाड़ि फर्कने गरी घिच्रो बटारेर अर्कोतिर फर्काइदिइन्। छोराचाहिँको आँखा मास्तिर पल्टाउँदै बन्द गर्दै हल्लने र मुखबाट फिंज बुलबुल निस्कन थालेको थियो।

आफ्नो छोरालाई अपरझट्ट त्यस्तो दशा लागेको देखी आमाचाहिँ "अब के गरुँ , छोरालाई के भएको नि यस्तो" भन्दै कहालिएर रुन थाली। तब छोराचाहिँमा प्रविष्ट भएकी (चढ़ेकी) देवपुत्रीले बक्न थालिन्, "यसको जिउमा म आएकी छु, पूजा-आजा गरेको मलाई मन पर्दैन। तिम्रो छोरालाई जाति पार्नु छ भने भिक्षा आउने भिक्षुसित जेठी मधु माँगी



Downloaded from http://www.dhamma.digital

लिनु । जेठी मधु र तेल मिसाएर उमाल्नु अनि तिम्रो छोराको नाकमा हाल्ने दवाई बनाइदेऊ। यसो गरे मात्र तिम्रो छोरालाई म छोड़िदिऊँला।"

त्यस्तो अवस्था भए पनि उपासिका आमा चाहिँले देवपुत्रीले भनेको स्वीकार गरिनन्।" मेरो छोरो मरे मरून्, भिक्षाचरणमा आउने भिक्षुसित जेठीमधु माँगेर लिन त हुने नै होइन" भनी उत्तर दिइन्।

त्यो देवपुत्रीले फेरि " जेठीमधु माँग्न सक्दैनौ भने तिमीले त्यो भिक्षुलाई गोकुल धूप पिसीदिनु भनी अऱ्हाऊ" भनी भनिन्। त्यो कुरो पनि उपासिकाले मानिनन्।

तर त्यो देवपुत्रीले पनि आफ्नो जिद्दी छोड़िनन् र "त्यसो भए भिक्षुको पाउ पखालेको पानी लिएर छोराको शिरमा खन्याइदेऊ" भनिन्। "यो त गर्न सकिन्छ, म गरिदिऊँला" भनी उपासिकाले वचन दिइन्।

त्यसो भने अनुसार भिक्षाचरण गर्दै समयमा भिक्षु आइपुग्नु हुँदा पाउ पखाली भाँड़ोमा थापी लिइन्। त्यति गरी "भन्ते, यो पाउ पखालेको पानी बालकको शिरमा खन्याउन चाहन्छु" भनी उपासिकाले स्वीकृति लिने कुरो बिन्ति गरिन्। भिक्षुले पनि "खन्याइदिन चाहन्छौ भने खन्याइदेऊ" भनेर अनुमति दिए।

उपासिकाले त्यो पाउ धोएको पानी छोराचाहिँको शिरमा खन्याइदिइन्। तुरन्तै उसको छोरो पहिले जस्तै दुरुस्त भयो। देवपुत्री पनि देवताका रूपमा त्यो बालकबाट निस्केर गुफाको ढोकामा गई उभी रहिन्।

उपासिकाको घरमा भोजन पछिको भिक्षु पनि मनमनै भावना युक्त भै गुफातिर लाग्नु भयो। गुफाको ढोकामा पुग्ने बित्तिकै आफूलाई प्रकट रूपमा ल्याई त्यो देवपुत्रीले बाटो रोक्दै भनिन् "वैद्यराज, यो गुफामा अब तपाई पस्न भएन।"

भिक्षुले, "तिमी को हो ? मैले कसैको कहिले उपचार (दवाई) गरेको छैन, कि छ ?" भनेर सोधे।



Downloaded from http://www.dhamma.digital

"म यो गुफा रक्षा गरी बस्ने देवता हुँ। पहिले उपचार गरे गरेनन् भन्ने एकातिर राख्नुहोस् र आज भिक्षा दायिकाको छोराको शिरमा पानी खन्याउन लाउनु भएको त याद होला नि तपाईलाई, होइन र ?" भनी देवताले पुन: भनेपछि तब भिक्षुले , "अँ, त्यो पो तिमीले भन्न थालेको !" भन्नु भो।

त्यसपछि भिक्षुले, "देवताले समेत दोष खोजी निकाल्न नसकिने गरी मेरो शील अति परिशुद्ध नै रहेछ" भन्दै फेरि आफ्नो शील प्रत्यवेक्षण गर्नुहुँदा महान प्रीति स्वभाव उत्पन्न भयो र त्यो उत्पत्ति स्वभावलाई जति जति पटक उत्पन्न हुँदै आउँछ त्यति त्यति नै अटुट रूपले नछुट्टिने गरी भाविताद्वारा स्मृतिपूर्वक होश राख्दै गएको अवस्थामा त्यो भिक्षु एकातिरको खुट्टा उठाउन नभ्याउँदै उभी रहँदारहँदै आश्रवक्षय भईकन अरहन्त हुनुभो। मिथ्या देवतालाई पनि त्यहाँ नबस्ने उपदेश दिईकन छोड़िपठाउन भएर त्यही गुफामा वर्षावास तीन महीना पूरै बिताउनुभो।

भगवान् बुद्धका पालामा तिष्य भन्ने नाउँ मिल्ने भएका धेरै जना भिक्षुहरू हुनाले यिनी भिक्षुलाई "पब्भारवासी तिस्स "भनी भन्ने गर्थे। **"पब्भारवासी"** भन्नाले ओड़ार वा खाल्दातिर बस्नु हुने भन्ने अभिप्राय हो।

लौ, अब "पवित्र शील पुष्प" लिई सिंगारिनका निम्ति प्रेरणा दिँदै बताईरहेको उपदेश यहीं नै पूरा गरी शीलसित समूह रूपमा मिल्ने **"अपचायन वेय्यावच्च"** - को विषयमा जोड्दै जाऔं।

## गौरव अनि अभिवादनद्वारा आयु वृद्धि

माता पिता, गुरु, आचार्य, वयोवृद्ध, पवित्र गुण भएको धर्म रक्षक भिक्षु, संघ, बौद्ध-स्तूप चैत्य प्रति वन्दना गर्नु, हात जोड़ी नमस्कार गर्नु, अगिसरा भई बाटो हेर्दै स्वागत गर्नु, बाटो छोड़िदिनु आदि सीधा सादा शुद्ध विशुद्ध चेतनाले आदर, गौरव र सत्कार सम्मान गर्नु- यी सबै **"अपचायन"** कुशल हुन्।



Downloaded from http://www.dhamma.digital

यी अपचायन कुशल पुष्पले सिंगारिएर बस्ने व्यक्तिलाई यसै जन्ममा दीर्घायु होइने, रूप-लावण्य राम्रो हुने, सुख प्राप्त होइने, प्रज्ञा-ज्ञान समेत प्रस्फुरित हुन सकिने फल प्राप्त हुन सक्तछ। यसरी प्राप्त हुन सकिने कुरा त्रिलोक श्रेष्ठ सर्वज्ञ तथागतले दीघलङ्किक शहरको एउटा आराममा विहार गरी रहनु भएको बेला आयुवर्द्धन कुमारलाई कारण बनाई बताउनु भएको थियो।

## आयुवर्द्धन दीर्घायु भएको

दीघलङ्किक शहरका दुइजना व्यक्तिहरू (बुद्ध-धर्मको) शासन बाहिरै ऋषि भएर बसेका थिए। ऋषि भएको अड़तालीस वर्ष भइसकेर एकजनाचाहिँलाई भने गृहस्थी नै हुने मन भयो र उसले गरी आएको आचरण जति थिए ती आचरण अरूलाई बेचिदिएकाले उसलाई एकसय रुपैयाँ प्राप्त भएको थियो रे।

त्यो ऋषि गृहस्थी बनी बिहे गरेर धन सम्पत्ति जम्मा गरी हिँड़ी रहेको थियो। धेरै दिन नबित्दै उसकी स्वास्नीले छोरा पनि जन्माई। एकदिन उसको त्यो ऋषि- साथी त्यो शहरमा आइपुगे। ऋषि भावबाट च्यूत हुने व्यक्ति आफ्नी स्वास्नी र छोरा पनि साथ लिएर साथी ऋषिकहाँ गयो। त्यहाँ पुगेपछि नानीलाई स्वास्नीको हातमा दिई ऋषि-साथीलाई वन्दना गर्‍यो। ऋषिले "दीर्घायु होस्" भनी आशिष् दिए। स्वास्नी चाहिँले वन्दना गर्दा पनि ऋषिले "दीर्घायु होस्" भनेर नै आशिष दिए।

त्यसपछि आफ्ना छोरा-नानीलाई ऋषि प्रति वन्दना गर्न लगाए, तर नानीलाई भने "दीर्घायु होस्" नभनी मौन बसिरहे ऋषि। त्यसैले त्यो ऋषित्वबाट च्यूत भएको मानिसले आफ्नो छोरोलाई आशिष नदिएको कारण सोध्यो। तब ऋषिले "नानीसित आयु सम्बन्धी बिघ्न-वाधा छ, सात दिन मात्र बाँच्ने छ" भने।



Downloaded from http://www.dhamma.digital

त्यो मानिसलाई त्यसैले छोराका निम्ति ठूलो शोक लाग्यो। छोरा अन्तरायबाट मुक्त भएर दीर्घायु हुनसक्ने शुभ-मार्ग, उचित उपाय केही भए बताइदिन वा देखाइदिनका लागि प्रार्थना गऱ्यो। ऋषिले "आफूले त केही गर्न नसक्ने, गौतम तथागतकहाँ जान पर्ने कुरो" को निर्देश गरे।

त्यो ऋषित्वबाट च्यूत हुने मानिस बौद्ध थिएन। त्यसैले बुद्धकहाँ गयो भने उनीहरूका आचरण र उनीहरूका व्रत भंग हुने डर मानी जान नचाहेको बताए। तैपनि "तिनीहरूलाई आफ्नो छोरो प्यारो लाग्छ नै भने श्रमण गौतमकहाँ जानैपर्छ" भन्दै ऋषिले बारंबार प्रेरणा दिएको हुँदा छोराको कारण त्यो मानिस आफ्नो परिवारलिई भगवान कहाँ गयो।

भगवानकहाँ पुगेर लोग्ने-स्वास्नी दुइले भगवान बुद्धलाई अभिवादन चढ़ाए। ऋषिले झैं भगवान बुद्धले पनि "दीर्घायु होऊन्" भनी आशिष दिनुभयो।

बालकले अभिवादन गर्दा भने भगवान बुद्धले आशिष दिनु भएन र मौन भई बस्नु भो। त्यसको कारण सोध्दा ऋषिले भने झैं नै भगवान बुद्धले आज्ञा गर्नुभो।

ऋषित्वबाट च्यूत भएको त्यो व्यक्तिले आफ्नो बालक अन्तरायबाट मुक्त भएर दीर्घायु होइने असल उपाय आज्ञा होस् भनी सविनय प्रार्थना गऱ्यो। त्यसबेला बालकको निम्ति गरिदिन पर्ने व्यवस्थाको आज्ञा गर्नुभो।

त्यो मानिसले भगवान बुद्धले बताउनु भएको विधिक्रम अनुसार आफ्नो घरको अगाड़ि मण्डप बनायो। ठीक बीचमा एउटा खाट (पलंग) राख्यो। खाटको वरिपरि भिक्षुहरू बस्न हुने गरी आठवटा दरी ओछ्याई राख्यो। त्यो स्थानलाई फेरि वरिपरि एक तह घेरिराखे झैं सोलहवटा दरी ओछ्याई राखे। यति गरी सिद्धिए पछि भगवान बुद्धकहाँ व्यवस्था ठीक भइसकेको कुरा बिन्ति गर्न गयो।



Downloaded from http://www.dhamma.digital

त्यसपछि भगवान बुद्धले भिक्षुहरूलाई त्यस ब्राह्मणको घरमा परित्राण पाठ गर्नलाउन पठाउनु भयो। भिक्षुहरूले बालकलाई पलंगमाथि राखेर सातदिन पूरै रात दिन क्रम छुट्न नदिईकन परित्राण पाठ गरे। सातौं दिन दिउँसो बुद्ध स्वयं त्यहाँ आउनुभयो। त्यसबेला त्यहाँ बुद्ध-दर्शनका लागि प्रभावशाली देवताहरू धेरै नै समागम हुन आएका थिए।

त्यो बेला बालकलाई खाऊँ भनी पर्खिरहेको एकजना राक्षस त्यहाँ प्रभावशाली देवताहरू आएका हुनाले संयोग नजुट्दा हटेर जानु पर्‍यो। त्यो यक्षले वैश्रवण महाराजलाई बाह्रवर्षसम्म सेवाटहल गरी आएको थियो। त्यसैकारण उक्त महाराजले उसलाई पुरस्कार स्वरूप सातदिन पुगेपछि त्यो ऋषित्वबाट च्यूत भएको व्यक्तिको छोरो खाने अनुमति दिइपठाएको थियो। तर त्यसबेला आनुभावयुक्त देवताहरू आइपुगेका हुनाले हटेर जानु परेको हुँदा खाने अनुमति पाएको दिन बितेर गइसकेको थियो अर्थात् यक्षले बालकलाई खाने अनुमति खतम भइसकेको थियो।

आठौं दिन अरुणोदयको बेला बाबुचाहिँले बालकलाई लगेर भगवान बुद्धका दुबै पाउमा घोप्टो परी वन्दना गर्न लगायो। त्यतिबेला मात्र भगवान बुद्धले "यो नानी दीर्घायु होस्" भनी आशिष दिनुभयो। ऋषित्वबाट च्यूत भएको व्यक्तिले आफ्नो छोरो कहाँसम्म दीर्घायु होला भन्ने विषयमा भगवान बुद्धसित निवेदन गर्‍यो।

भगवान बुद्धले "यो नानी एकसय बीस वर्षसम्म दीर्घायु हुनेछ" भनी आज्ञा गर्नुभो। त्यसैकारण छोराको नाउँ पनि आयुवर्द्धन भनी नामकरण गरिदियो। हाम्रो भाषामा लामो आयु भएको भन्न सकिन्छ।

यो बालकले ठूलो भएपछि पाँचसय उपासकहरूसित घुमिहिँड्ने बानी गर्न थाल्यो। ती उपासकहरू त्रिरत्न शरण लिई बसेका थिए।

"आयुष्मानहरू हो, सातदिनमात्र बाँच्न पाउने बालक अब त ठूलो पनि भयो र एकसय बीस वर्ष बाँच्न पाउने पनि भएछ। यसरी मानिसहरू



Downloaded from http://www.dhamma.digital

दीर्घायु होइने असल धर्म रहेको देखिन्छ" आदि भन्दै त्यो बालकको विषय लिएर भिक्षुहरू धर्मसभामा परस्पर छलफल गरी कुरा गर्दै थिए ।

यी भिक्षुहरूको कुरालाई कारण बनाई "गौरब गर्न योग्य भएका तथा अभिवादन गर्न योग्य भएकाहरूलाई जसले गौरब र अभिवादन गर्ने गर्दछन्, उनीहरू दीर्घायु हुन्छन्, रूप लावण्य राम्रा भएका हुन्छन्, सुख भोग गर्न पाएर प्रज्ञाज्ञान पनि प्रस्फुरित हुनसक्ने हुँदछन्" भनी बुद्धले आज्ञा गर्नुभो । यो उपदेशको अन्तमा आयुवर्द्धन सहित ती पाँचसय उपासकहरू श्रोतापन्न भए ।

यो कथामा आयुवर्द्धन कुमार सानै अवस्थामा यक्षको आहार बन्न नपरेको परित्राणको कारणले थियो । एकसय बीस वर्षसम्म रहन पाएको चाहिँ भगवान बुद्धलाई अभिवादन गरेको अपचायन कुशल पुण्यले आफू सिंगारिएर बस्ने अवसर पाएको हुनाले हो ।

## चार प्रकारका मरण

उपर्युक्त कुराको सम्बन्धमा अझ बढ़ी स्पष्ट हुने गरी मानिसका चार प्रकारका मरणको विषयमा केही कुरा उल्लेख गर्न चाहन्छु । ती चार हुन् १. आयु तुरिएर (सिद्धिएर) मरण हुनु २. कर्म पूरा भएर (सिद्धिएर) मरण हुन् ३. आयु र कर्म दुबै सकिएर मरण हुनु र ४. बीचैमा बिघ्न बाधा पुऱ्याउने खराब कर्मले गर्दा मरण होइने ।

ती चार मध्ये पहिलो प्रकारको मरण सयवर्ष आयु हुने युगमा सयवर्ष पूरा भएपछि मरण हुने जस्तो हो । दोस्रो प्रकारको मरण चाहिँ सयवर्ष आयु भएको युगमा बाँच्न पाउने कुशलकर्म पचासवर्षको मात्र भएकोले पचासवर्ष पूरा हुँदा मरण होइने जस्तो हो । तेस्रो प्रकारको मरण चाहिँ मानिसको आयु पनि एकसयवर्ष भएको युग, दीर्घायु हुने कर्म पनि सयवर्ष आयुको युग भएर पनि आयु र कर्म दुबै नसिद्धिएको हुँदा नै मरण होइने जस्तो हो । आयुवर्द्धन कुमार सानैमा यक्षले खाइदिएर (भक्षण गरेर) मरण भएर गएको भए यो जस्तो (तेस्रो प्रकारको) मरण भन्न पर्छ ।



Downloaded from http://www.dhamma.digital

अपचायन कुशल पुष्पले सिंगारिएर बस्ने बीचैमा बिघ्न-बाधा आइलागेर मरण हुने कर्मद्वारा मरण हुँदैन । दीर्घायु बन्नलाई पाएको कुशलकर्म नसकुञ्जेल (पूरा नहोइञ्जेल) मरण हुँदैन भन्ने अभिप्राय हो । त्यसैले अपचायन कुशल पुष्प पनि सिंगारिनका लागि सुहाउँदो योग्य एउटा फूल हो ।

अपचायन सम्बन्धमा यतिले नै पुगियो । लौ, अब वेय्यावच्च सम्बन्धमा कुरा जोड्दै जाऔं ।

## गौरव पूर्ण सेवाको फल

रोगी, मित्र, माता-पिता, गुरु, आचार्य, वयोवृद्ध, पवित्र गुण भएको भिक्षुसंघ र चैत्य आदिको निर्दोष काम-कुरो जति छन्; ती काम कुरो परिशुद्ध चेतनाद्वारा गरिदिएका सबै "**वेय्यावच्च**" कुशल हुन् ।

यी दुइ अपचायन र वेय्यावच्च कुशल, दान गर्ने अवस्थामा पनि सँगै समावेश भएको हुनसक्तछ । तसर्थ अपचायन र वेय्यावच्च अतिरिक्त दानसित सम्बन्धित छोटो कथा उल्लेख गरूँला ।

एक समय राजगृह वेलुवन विहारमा भगवान बुद्ध विराजमान हुनु भएको बेला वैशालीमा १. दुर्भिक्ष-भय २. अमनुष्य-भय र ३. रोग-भय, यी तीन थरीका भय उत्पन्न हुन गई असंख्य मानिसको विनाश भयो ।

त्यसो हुँदा त्यहाँका राजा अनि नागरिकहरूले तीन प्रकारका ती भयानक भयहरू पन्छाउनका निम्ति सबै भेला भईकन छलफल गर्ने र विभिन्न ढंगका विचार - विमर्शद्वारा प्रस्ताव राख्ने गरे । अन्तमा भगवान बुद्धलाई वैशालीमा ससम्मान ल्याउने कुरोमा सबै सहमत भए ।

त्यसपछि लिच्छवी राजकुमारहरू दुइजना राजगृह पुगे भगवान बुद्धलाई निमंत्रण टक्राउन । तर पहिले बिम्बिसार राजाकहाँ गएर सूचना दिएपछि मात्र बुद्धलाई वैशालीमा आउनहुनका लागि प्रार्थना गरे । भगवान बुद्धले मौन भई स्वीकार गर्नुभो ।



Downloaded from http://www.dhamma.digital

भगवान बुद्ध वैशालीमा आउनु हुने समाचार सुनेर बिम्बिसार राजाले केही समय बिलम्ब गरी आउनका निम्ति प्रार्थना गरे। अनि अघिबाटै राम्ररी बाटाभरि विचित्र ढंगले सिंगार्न- सजाउन लगाउनु भयो। राजगृहदेखि गंगा नदीको किनारसम्म पाँच योजन (चालिस पचास माइल) जति लामो बाटोमा कतै पनि काँड़ा-झाड़ी, घाँस-फुस अगरम्-बगरम् केही नरहने गरी बालुवा फिंजाइदिए। बाटाका दुबै छेऊ केराका बोट रोप्न लाएर पूर्ण कलश पनि सजाउन लगाए। ध्वजा-पताका, झल्लर इत्यादि व्यवस्थित ढंगले फहराए। एक एक योजन टाढ़ामा प्रत्येक ठाउँ टहरा (स्तूप गृह) जस्ता पर्णशाला पनि निर्माण गर्न लाउनु भएको थियो। गंगा नदीको पारि देखि वैशालीसम्म तीन योजन दूरी थियो। त्यो बाटोभरि पूरै बिम्बिसार राजाले गर्न लाए झैं भव्य रूपले विचित्र प्रकारले प्रबन्ध मिलाई सजाई राखेको थियो।

## भगवान बुद्ध वैशालीमा

बाटामा सजावटको काम पूरा भएपछि भगवान बुद्ध सहित पाँचसय संघहरू राजगृहबाट वैशाली तर्फ गमन गर्नुभो। बिम्बिसार राजाका साथसाथै देशका नागरिकहरूले पूरै बाटो हिँड़ेर पुऱ्याउन आए। भगवान बुद्धलाई दुइवटा सेता छाता तथा संघ एक एकजनालाई एक-एकवटा छाता ओढ़ाएर पुऱ्याउन गएका थिए।

बाटामा पनि घुँड़ासम्म पुग्ने गरी विभिन्न प्रकारका फूलहरू छरि राखेको थियो। पर्णशाला विहार प्रत्येकमा पुग्दा महादान गरिए। यसरी हिँड्दै पाँच दिन पछि मात्र गंगानदीको वारि पुगेका थिए। नदीको पारि पट्टि पुग्नलाई ठूल्ठूला दुइवटा डुंगा जोड़ेर फराकिलो मण्डप बनाईकन बुद्ध प्रमुख संघहरूलाई त्यसमा बसाई पठाएका थिए।

त्यो फराकिलो खुल्ला डुँगा एकयोजनको लामो बाटो हिँड़िरहेको बेला जल देवता, नागराजहरूले भगवान बुद्धलाई विभिन्न तरिकाले पूजा



Downloaded from http://www.dhamma.digital

गरे । भगवान बुद्धको त्यो विशेष डुँगा वैशालीपट्टिको घाटमा पुगेर रोकिना साथै सम्पूर्ण आकाश नै खस्ला जस्तै हुने गरी कालो-कालो बादलले वरिपरि ढाकिन थाल्यो ।

घाटमाथि भगवान बुद्धले आफ्नो पाउले टेक्नासाथै पुष्करवर्षा कहलाइने महावर्षा शुरु भयो । यो वर्षाले भिज्न चाहनेहरूलाई मात्र भिजाउने र नचाहनेहरूलाई भिजाउँदैनथ्यो ।

वैशाली देशको नजिक भगवान बुद्ध आइपुग्न अघि नै शहरका लाशहरू, कुहेका गन्हाउने जति पनि भएका सबै बाढ़ीले झैं पानीले बगाएर लगिदियो । यसरी पूरै शहर सफा-सुग्घर भएको थियो ।

बिम्बिसार राजाले भगवान बुद्धलाई जुन प्रकारले पूजा-सत्कार गरी पुऱ्याउन आएका थिए, बैशाली देशका नर-नारीहरूले त्यो भन्दा दोब्बर राम्रो उच्च ढंगले पूजा-सत्कार गरी आफ्ना ठाउँमा स्वागत गरी भित्र्याए ।

जमीन समतल बनाउने गरेर, सेता बालुवा ओछ्याएर, झल्लर-ध्वजा पताकादि फहराएर सजाएको बाटोमा रंग-विरंगी फूल घुँड़ा पनि दबिने गरी ओछ्याएर छरेर पूजा गरेका थिए । भगवान बुद्धलाई चारवटा श्वेतछत्र, संघ एक-एकजनालाई दुइ-दुइवटा श्वेत-क्षत्र ओढ़ाएर भव्य एवं विशाल रूपले स्वागत गरे ।

वैशालीबाट राजगृहतिर फर्कनु हुँदा त्यो भन्दा पनि अझ बढ़ी एउटा देश भन्दा अर्को देश कुनै हालतमा कम नहुने किसिमले एक से एक बड़ी प्रतिस्पर्धा गरीकन सँगसँगै लिएर आई स्वागत गरेका थिए ।

विशेषतः ओहोर-दोहोर गर्ने जुन बाटो थियो, त्यो बाटो भरि पूरै देव-ब्रह्माहरूले ध्वजा-पताका,श्वेत-छत्र, जोड्दै फहराएर जसरी पूजा गरे त्यसले सिँगो चक्रवाल नै ढाकिएला जस्तो भयो ।



Downloaded from http://www.dhamma.digital

त्यो अति नै विशाल भव्य छाँटको पूजा-उत्सव थियो र यस्तो उत्सव भगवान बुद्धको जीवनमा यो उत्सव सहित केवल तीनपल्ट मात्र भएको थियो भनिन्छ ।

भगवान बुद्ध सँगसँगै पछ्याएर गएका भिक्षुहरू वेलुवन विहारमा फर्केर आइसकेपछि पनि भगवानका भाग्य आनुभाव महान भएका हुनाले सबैजना आश्चर्य मानी तीन छक्क पर्ने गरी बाटाभरि नै सबैतिर पूजा सत्कारद्वारा बड़ो सम्मानित हुन पाइरहेको कुरा प्रशंसा गर्दै वर्णन गरिरहेका थिए । यसरी कुरा गरिरहेको भगवान बुद्धले सुन्नुभयो र "यसरी अहिले पूजा-सत्कारद्वारा सम्मानित हुन पाएको मेरो ऋद्धि आनुभावको कारणले पनि होइन, देव ब्रह्मादिहरूको ऋद्धि आनुभावको कारणले पनि होइन । अघि अघि मैले गरी आएका कुशलकर्मको कारणले नै हो" भनी आज्ञा गर्नुभो ।

त्यसपछि भिक्षुहरूको प्रार्थना अनुसार भगवान बुद्धले शंख जातकको कथा दोहोऱ्याएर बताउन लाग्नुभो ।

## शंख ब्राह्मणको कुशल वृद्धि

अघि अघिको कुनै एक जन्ममा बोधिसत्त्व तक्षशीलामा शंख नाउँ गरेको एक ब्राह्मण भएको थियो । उसले शिल्प-विद्या सिक्न चाहने आफ्नो सोलह वर्षको छोरोलाई बाराणसीमा बस्ने आफ्नो साथी ब्राह्मण आचार्यकहाँ विद्या अध्ययन गर्नका लागि पठायो ।

उसको त्यो छोराचाहिँको नाम सुसिम थियो र उ तीक्ष्ण प्रज्ञाज्ञानले युक्त थियो । अरूले बाऱ्ह वर्ष बिताएर सिक्न पर्ने सम्पूर्ण वेदाङ्ग उसले दुइ तीन महिनामा नै पुरै सिकी सकेको थियो । सुसिमले आफूले सिकेर जानिसकेको सम्पूर्ण त्रिवेद विचार विमर्श गरीकन हेर्दा प्रज्ञाका आदि र मध्य मात्र देख्यो, अन्त चाहिँ देखेन ।



Downloaded from http://www.dhamma.digital

त्यसो हुँदा आफ्ना गुरुसित सोध्दा पनि आदि र मध्य मात्र वहाँले जान्नु भएको र अन्तचाहिँ नजानेकै थाहा भयो। त्यसैले ब्राह्मणाचार्यले मृगदावनमा विराजमान प्रत्येक बुद्धहरूकहाँ सोध्न जाने सुझाव दिए।

त्यसपछि त्यो ब्राह्मण युवक सुसिम प्रज्ञाको अन्त सोध्नजानलाई आफै चीवरवस्त्र धारी भएर गयो। उ पनि धेरै समय नबित्दै प्रत्येकबुद्ध भयो। प्रत्येकबुद्ध भन्नाले अलग रहने साना बुद्धहरू मानिन्छन्। वहाँहरूले चतुरार्य सत्य धर्मलाई स्वयं आफै साक्षात्कार गरे तापनि अरूलाई बोध हुने गरी उपदेश दिन भने सक्दैनन् भनिन्छ। आयुष्मान सुसिम प्रत्येकबुद्ध अत्यन्तै ख्याति प्राप्त र प्रसिद्धि प्राप्त गर्ने भयो। परिवार पनि धेरै, लाभ-सत्कार पनि धेरै पाउने बन्यो। तर अघिको जन्ममा आयु छोटो पार्ने (परप्राणीको आघात गर्ने) अकुशलकर्म गरी आएको हुनाले धेर उमेर नपुग्दै परिनिर्वाण हुन पऱ्यो।

वाराणसी देशका नरनारीहरूले शहरको ढोका नजिकै सुसिम प्रत्येकबुद्धको अस्थि-धातु स्थापना गरेर चैत्य बनाई पूजा गरी राखे।

बाबुचाहिँ शंख ब्राह्मणलाई छोरा सुसिम स्वयं पनि आइनपुगेको समाचार पनि केही नपठाएको हुँदा सार्है चिन्ता लाग्यो र खोज्दै आइपुग्यो। वाराणसी पुगेपछि सुसिम चैत्यको छेउछाऊ मानिसहरू झुण्ड झुण्ड बसेको देख्यो।

त्यहाँ उसले मानिसहरूसित सुसिमको विषयमा सोधपुछ गर्न थाल्यो। मानिसहरूले तब सुसिम त्यहाँ आइपुगेको देखि लिएर परिनिर्वाण भएको सम्पूर्ण घटना सुनाए। अनि "यो चैत्य आयुष्मान सुसिम प्रत्येकबुद्धको धातु निधान गरी स्थापना गरिराखेको चैत्य हो" भनी देखाए।

यस्तो सुनेर बोधिसत्त्व शंख ब्राह्मणलाई मनमा बड़ो गहिरो शोक लाग्यो र भुईमा हात-खुट्टा बजार्दै सार्है नै रोयो। यसरी अघोरै विलाप



Downloaded from http://www.dhamma.digital

गरिसकेपछि चैत्यको प्रांगणमाथि चढ्यो । गौरव पूर्वक त्यहाँ प्रांगणमा यताउति चढ़ेका घाँसहरू उखेल्यो, आफूले ओढ़ेर आएको सेतो खास्टोमा बालुवा ओसारेर ल्याई चैत्यको प्रांगणमा बिछ्याइदियो । प्रांगणमा धूलो नउड़ोस् भनी कलशको पानी छर्किदियो ।

त्यहाँबाट नजिक परेका ठाउँहरूबाट खोजेर ल्याईकन जंगली फूलहरू राखी गौरवताका साथ पूजा गऱ्यो । आफ्नो धोती पताका बनाई दान गऱ्यो । आफूले लिएर आएको छाता पनि चैत्य माथि ओढ़ाइराखी दान गरेर गयो । यी सबै बोधिसत्त्व शंख ब्राह्मणले कुशल पुष्पद्वारा (आफू) सिंगारिएर आएको कथा हो ।

## विभिन्न वेय्यावच्च कुशल

अहिले बुद्ध हुनुभएको बेला राजगृहदेखि वैशालीसम्म आठ योजन (७०-८० माइल) लामो बाटो भरि झार - पात - घाँस अगरम् - बगरम् केही पनि नभएको समतल बाटो हिँड्न पाउनु भएको चाहिँ त्यही शंख ब्राह्मणको जन्ममा चैत्यको प्रांगण वरिपरि घाँस उखेली आएको वेय्यावच्च कुशलको शक्तिले हो ।

भगवान बुद्धको सवारी हुँदा मानिसहरूले सेता बालुवा बिछ्याएर पूजा गरेको चाहिँ शंख ब्राह्मणको जन्ममा चैत्यको प्रांगणमा बालुवा ओछ्याइ आएको वेय्यावच्च कुशलको कारणले हो ।

वैशाली पट्टिको नदीको घाटमा पाइला टेक्ने बित्तिकै पुष्करवर्षा भएको, शंख ब्राह्मणको जन्ममा चैत्यको प्रांगणमा धूलो नउड्ने गरी पानी छेपी छर्केर आएको वेय्यावच्च कुशल पुष्पले (आफू) सिंगारिएर आएको हुनाले हो ।

बाटाभरि फूलैफूल बिछ्याएको पूजा सत्कारद्वारा सम्मानित हुन पाउनु भएको र सेतो पताका फहराएर र छाता ओढ़ाएर गरिएको पूजाद्वारा सम्मानित हुन पाउनु भएको शंखको जन्ममा चैत्यलाई फूल, पताका, छाता दान गरी आएको दान कुशलको शक्तिले नै हो ।



Downloaded from http://www.dhamma.digital

ओहोर - दोहोर गर्नु भएको बाटोभरि नै मनुष्य देव नाग शक्र ब्रह्माहरूले अभिवादन - नमस्कार गरेको, मानिसहरू बाटो हेर्दै अगिसरा भई स्वागत गरेको सबै ग्रहण गर्न पाउनु भएको चाहिँ शंखको जन्ममा चैत्य प्रति गौरव राखी वन्दना गरी आएको **"अपचायन"** कुशलको शक्तिले हो । बुद्ध भएर त्यसै विना कारण पूजाहरूद्वारा सम्मानित हुन पाएको होइन ।

त्यसर्थ 'अपचायन र वेय्यावच्च' पनि प्रत्येक मानिसले (आफूलाई) सिंगारी राख्न योग्य पवित्र कुशल पुष्पहरू हुन् । लौ, अब एक समूह भैरहेको शील, अपचायन र वेय्यावच्चको सम्बन्धमा यतिले नै सिध्याऔं र अन्तमा धार्मिक काव्य उल्लेख गर्दै एउटा काण्डको अन्त गरौं ।

**जान्नू शीलको समूहलाई, छुट्टा छुट्टै विभाग गरी ।**
**काय वाकको संयम रक्षण - गर्नुलाई भन्दछ 'शील' भनी ॥**
**देव नर सुख सम्पत्ति सँगै, आयु वर्ण र ज्ञान विशिष्टता ।**
**प्राप्त होइने हुन्छ तुरुन्तै, भए शील, गुण-शक्ति विपुलता ॥**
**गरे भाविता शीलको सदा, प्रत्यवेक्षण गर्दै राम्रोसित ।**
**मार्ग फलमा प्रवेश समेत्, प्राप्त हुन सक्तछ सजिलैसित ।**
**वृद्ध र पवित्र पुद्गल जनप्रति, गौरव राख्नु 'अपचायन' हो ।**
**निर्दोष काम गरिदिनुलाई, कहलाइने 'वेय्यावच्च' हो ।**
**स्वभाव मिल्ने तीनै, त्यसर्थ, राखिन्छ यी एकै समूहमा ।**
**अटूट सम्झी राखौं यी सब, हामी सदा अप्रमादी भई ॥**

## श्रवण दुर्लभ पवित्र धर्म

शील-समूह छिचोलेर भावना-समूह उल्लेख गर्ने पालो आइपुग्यो । भावना भन्नाले "परम पवित्र कुशल धर्म वृद्धि



Downloaded from http://www.dhamma.digital

गराउने स्वभाव" भएको भनी उल्लेख गरी आइसकेको हो । यो भावना १. शमथ भावना र २. विपश्यना भावना भनी दुइ थरी छन् । त्यसो हुनाले अहिले नै यहाँ नदर्शाइकन पछि मात्र उल्लेख गरौंला ।

अहिलेलाई भावना-समूहमा समावेश गरिराखेको **धम्मसवन** (धर्मश्रवण)को विषय पहिले देखाऊँला । मार्ग, फल र निर्वाण प्राप्तिको कारण (हेतु) भन्ने धर्मलाई दृढ़ विश्वास तथा परिशुद्ध चेतनाद्वारा सुन्नु नै **धम्मसवन** हो ।

बुद्धशासन उज्ज्वलित भइरहेको देश अनि युगमा सद्धर्म सुन्न पाउनु कठिन नभए पनि बुद्धशासन उज्ज्वलित प्रज्वलित नभएको देश र युगमा सद्धर्म श्रवण गर्नु भनेको सजिलो छैन । यसरी सुन्न पाउनु सजिलो छैन भन्ने सम्बन्धमा एउटा छोटो कथा उल्लेख गरौं ।

## उपदेश सुन्न चाहने धम्मसुद्धर

काश्यप तथागतको शासन लोप भईसकेपछि धम्मसुद्धर (धम्मसोण्डिक) नाउँको एक राजा प्रकट भएका थिए । यस राजाले दश राजधर्म अनुसार राज्य चलाइरहेका थिए । काश्यप तथागत परिनिर्वाण भईसक्नु भएको कुरा उनले श्रुति रूपमा मात्र सुनेका थिए । उनलाई बुद्धले दिनुभएको उपदेश सुन्ने ठूलो इच्छा र अभिलाषा भइरहेको थियो । तैपनि एउटै गाथा-पद पनि बताउन सक्ने धर्म-कथिक एकजना भेटाउन पनि सकेका थिएनन् ।

एकदिन उनले हजार रुपैयाँको थैला हात्तीलाई बोकाएर "कोही उपदेश दिन जान्ने भए यो हजार रुपैयाँको थैला लिनु र राजालाई उपदेश गर्न आउनु पऱ्यो" भनी झ्यालीपिटी देशभरि सुनाउन (घोषणा गर्न) लगाए । यसरी दिनभरि यस्तो हुकुम घुमिघुमि सुनाउन लगाउँदा पनि उपदेश दिन कुनै व्यक्ति भेटाउन नसक्दा हजार रुपैयाँको थैला राजाकहाँ नै फर्कियो ।



Downloaded from http://www.dhamma.digital

त्यसको भोलिपल्ट राजाले राजपुरुषहरूलाई दुइ हजार रुपैयाँको थैला हात्तीलाई बोकाएर झ्याली पिट्दै घोषणा गरी उपदेश गर्न जान्ने खोज्न पठाए। राजाले के सोचेका थिए भने उपदेश भन्ने कुरो बड़ो मूल्यवान हुनाले धर्म-पूजाको पैसा थोरै हुनगएकाले उपदेश दिने कोही ननिस्केको होला। त्यसैले धर्म-पूजाको पैसा दिन्हौं एक-एक भाग बढ़ाउँदै घोषणा गर्न लाउनु भएको सातदिन पूरा भइसक्यो। तर पनि उपदेश दिनसक्ने र जान्ने कोही खोजिनिकाल्न भने सकेकै थिएन।

अब राजाले उपदेश सुन्ने चाहना छोड्न नसकेको हुनाले देश र राज्य मंत्री-अमात्य सेनापतिहरूका हातमा केही समयकानिम्ति सुम्पेर गए। उपदेश दिन जान्ने खोज्नकालागि आफू स्वयं एक्लै बटुवा भएर हिँड़े।

राजालाई उपदेश सुन्ने अभिलाषा र चाहना भएको कुशल छन्द प्रबल हुन गएको कारणले गर्दा शक्र देवेन्द्रको आसन पाण्डुकम्बल शिलासन कठोर हुनका साथै तातिने छाँट काँट देखिए। यो शिलासन पाण्डुवर्णको र लम्बाई साट्ठी (६०) योजन, चौड़ाई पचास (५०) योजन र ऊँचाई पन्द्रह (१५) योजनको हुँदछ। विशेष केही कारण नभएको अवस्थामा यो कपास र भुवा जस्तो खूबै मुलायम हुँदछ। कुनै विशेष कारण पर्न गए पोल्ने, तातिने, कड़ाहुने आकार प्रकार देखाउन थाल्ने हुँदछ।

त्यसैले आफ्नो आसन खस्रो कड़ा तातिँदै आएको आकार-प्रकार देखिन थाल्दा देवराजले सोच्न थाले। विचरा धम्मसुद्धर राजा अति नै उपदेश सुन्ने चाहना भएकोले राजपाट समेत त्याग गरीकन उपदेश दिन सिपालु व्यक्ति खोज्दै हिँड्दै छन् भन्ने बुझीलिए। त्यस बेला राजा जंगलभित्र पस्न थालिसकेका थिए।

त्यसपछि देवेन्द्र मनुष्य लोकमा झर्नुभो र राजाको परीक्षा लिनका निम्ति उनी राक्षसको भेष धारण गरीकन राजाको सामुन्ने उभिन पुग्नुभो।



Downloaded from http://www.dhamma.digital

यक्ष-महाराज ! विना साथी एक्लै कता लाग्नु हुँदैछ ?

राजा- काश्यप तथागतले बताएर जानु भएको उपदेश एकै पद भए पनि बताउन जान्ने व्यक्ति खोज्नलाई म हिँड़िरहेको हुँ ।

यक्ष- अलि अलि उपदेश त म पनि दिन जान्ने हुँ ।

राजा-त्यसो हो भने मलाई उपदेश सुनाऊ ।

यक्ष-अहिले मलाई भोक लागिरहेको छ, तिम्रो मासु खाई सकेपछि मात्र बताउन सकूँला !

राजा-मेरो मासु खाइसकेर उपदेश दिए मैले कसरी सुन्न सकिने हो ? तिमीले पनि मेरो मासु खान पाउने, मैले पनि उपदेश सुन्न सक्ने कुनै बुद्धि पहिले गर न ।

राजाको कुरा सुनिरहने शक्र देवेन्द्रले त्यहाँ आफ्नो ऋद्धि-शक्तिले एउटा पर्वत समान निर्माण गरे । राजालाई पर्वतको टाकुरामा चढ्न लगायो । आफू चाहिँ पर्वतको फेदमा उभिरह्यो । उसको मनसाय के थियो भने राजा उफ्रेर उसको मुखमा झरिरहँदै उपदेश सुनाउने र राजालाई मुखले ट्याप्प समाई खाने ।

यक्षको योजना अनुसार राजा टाकुराबाट फेदमा उभिरहेको यक्षको मुखमा पर्ने गरी उफ्रेर आयो । तर यक्ष भेषधारी देवेन्द्रले उपदेश नदिईकन राजालाई केही कष्ट नहुने गरी बोकिलियो ।

त्यसबेला मात्र राजाले त्यो राक्षस शक्र पो रहेछ भनी जाने । तब उनले शक्रलाई उपदेश सुनाइदिन प्रार्थना गरे । शक्र देवेन्द्रले "**अनिच्चा वत संखारा**" भन्ने एउटा गाथा सुनाए र यो गाथाको अभिप्राय "नाम रूप धर्म संस्कार स्वभावैले नित्य छैन, उत्पन्न भईकन विनाश हुने हुँदछ । उत्पन्न भएपछि निरोध भई लोप भएर जाने मात्र हो । यसरी उत्पन्न अनि विनाश होइने नाम रूप धर्मको निरोध र शान्ति होइने निर्वाण साँच्चै नै सुखमय हो ।"



Downloaded from http://www.dhamma.digital

शक्र देवेन्द्रले बताएको त्यो गाथा आजको युगमा हाम्रो देश (बर्मा)-मा बारम्बार सुन्न पाइरहेने गाथा हो। विशेष गरी शव-यात्राको बेला बताउने र पढ्ने गर्दा सुन्न पाइने गाथा हो।

तर त्यसो भए पनि (बुद्धधर्मको) शासनबाट बाहिर रहेको अवस्थामा यस्ता उपदेश सुन्न पाउनु सरल छैन भन्ने कुरो उपरोक्त कथाबाट स्पष्ट हुँदछ। त्यसर्थ हामीले बुद्धशासनसित संयोग जुरिरहेको राम्रो अवसरमा आदर गौरव सत्कार सम्मान पूर्वक सद्धर्म सुन्ने मौका जतिपल्ट पाइन्छ त्यतिपल्ट नै पटक्कै अल्सि नमानी सुन्नु योग्य छ।

## उपदेश सुने असल फल पाइने

लौ अब उपदेश सुन्नु सजिलो नभएको कुरा उल्खेखित कथा पूरा भयो भन्न पऱ्यो। सत्पुरुषले धर्म सुनायो भने पाउन सकिने फललाई दर्शाउने कथा जोड्दै जाऔं।

सद्धर्म सुन्नु भनेको (ध्यान, मार्ग, फल प्राप्त हुनु अघिको) भावना कुशलसित समान भएकै हो। यो पनि देव, मनुष्य अनि निर्वाण तीनैवटा फल दिलाउनसक्ने शक्ति भएको हो।

एक समय भगवान बुद्ध चम्पाको गग्गरा तलाऊको किनारमा एउटा विहारमा भिक्षुहरूसित विहार गरी बस्नु भएको थियो। एकपल्ट बेलुकी गग्गरा तलाऊ छेऊमा स्थित धर्ममण्डपमा भगवान् बुद्धले चार परिषद्लाई शान्त शीतलमय अमृत धर्मरस पान गराई रहनु भएको थियो।

## धर्म उपदेशको विशेषता

भगवान् बुद्धले धर्मोपदेश गर्नुहुँदाको अवस्थामा स्वभावत: उत्पन्न हुने विशेषता मध्ये केही उल्लेख गरौंला। उपदेश गरिरहनु हुने भगवान् बुद्धको मुहार पूर्ण चन्द्रमा समान भइरहेको हुँदछ। पूर्व, पश्चिम, दक्षिण र उत्तर दिशाबाट पूर्ण चन्द्रलाई शिर उठाई जति पल्ट हेरे पनि पूर्ण



Downloaded from http://www.dhamma.digital

चन्द्रले आफूतिर आफ्नै अनुहार हेरिरहेको भान भइरहे झैं उपदेश सुनिरहने सबैलाई भगवान् बुद्धले आफूलाई नै हेर्नुहुँदै बताइरहनु भएको छ भन्ने मनमा लागिरहने हुँदछ ।

भगवान् बुद्धले जहिले पनि मागध (पालि) भाषामा उपदेश दिने गर्नुहुन्थ्यो । तर उपदेश सुन्नेहरूका परिषद्मा विभिन्न जातिका मानिसहरू भए पनि प्रत्येक जातिले आआफ्नै भाषामा नै बुझिरहन्थे । चिनियाँहरूले चीन-भाषामा नै बुझिरहेका हुन्थे भने भारतकाहरूले भारतीय भाषामा बुझ्ने गर्थे । त्यस्तै बर्मेलीहरूले बर्मेली भाषामा नै बुझ्ने गर्थे भन्ने भाव हो ।

## आठ अङ्ग भएको स्वर (आवाज)

यसका अतिरिक्त भगवान बुद्धको स्वर (आवाज) पनि आठ अंगले पूर्ण भएको हुँदछ । १. स्पष्ट हुने २. मन पर्दो (मनोरम) हुने ३. बुझ्नु - जान्नु सरल ४. जति सुने पनि सुनिरहुँ नै लागिरहने ५. चिच्याहट (कर्कश) नहुने ६. मीठो सुरिलो ७. गम्भीर रहने ८. गुञ्जायमान रहने । यसलाई भन्न र याद राख्न सजिलोका निम्ति श्लोक बनाइएको छ । लौ, त्यो श्लोक भनौं–

शुद्ध, मनोरम, सहजै बुझ्ने,
कर्ण प्रिय पनि त्यत्तिकै ।
चिच्याहटरहित, शान्त-गम्भीर,
गुञ्जित, सुरिलो उत्तिकै ।
अष्टांग गुणले युक्त मधुरो,
स्वर हुँदछ प्रभु बुद्धकै ।

## उपदेश सुनिरहने भ्यागुतो

यसरी आठ अंगले परिपूर्ण स्वर भएका भगवान बुद्धले बताइरहनु भएको उपदेशका शब्द गग्गरा पोखरीमा बसेका एउटा भ्यागुतोले सुनेको



Downloaded from http://www.dhamma.digital

थियो । पोखरीबाट माथि उक्लेर परिषद्को एक छेऊ कुनामा पसेर "यो उपदेशका शब्द हुन्" भन्ने संज्ञाद्वारा सुनिरहे । तर उपदेशको अर्थ-अभिप्राय भने त्यसले मानिसहरूले जस्तै गहराई सहित बुझ्न सक्दैनथ्यो ।

यहाँनिर एउटा प्रश्न पोखरीमा अरू धेरे भ्यागुताहरू भए पनि यही एउटै भ्यागुतोले मात्र उपदेश सुनिरहेको हो त ? यो धर्म-उत्सव भगवान बुद्धले थाल्नुभएको नै यही भ्यागुतोको हित हुने उपलक्ष निहित (रहेको) हुनाले ।

ठीक त्यसै बखतमा एकजना गोठालो केटो लौरो लिएर धर्म-मण्डपको छेऊतिर एक कुनामा उभिन आयो । भगवान बुद्धले उपदेश गरिरहनु भएको, मानिसहरू शान्त दान्त भावले बसेर आदर गौरव पूर्वक उपदेश सुनिरहेको उभेर हेरिरहँदारहँदै त्यो केटोले आफ्नो हातको लौरोले केही होशै नराखी आफ्नै धुनमा भुईंतिर टेकी पठायो । उसको लौरोले त उपदेश सुनिरहने भ्यागुतोको टाउको माथि पो झटक्कै टेक्न पुगेको थियो । यस्तो भएको त्यो केटोलाई केही पत्तो भएन ।

## भ्यागुतो देवपुत्र बन्यो

उपदेश सुनिबस्ने त्यो भ्यागुतोले गोठालो केटोको लौरो ठाउकोमा परेर लागेको चोटको कारण आफ्नो प्राण गुमाउनु पऱ्यो । तरै पनि उपदेश सुन्दासुन्दै मरेको हुनाले तुरन्तै त्रायस्त्रिंश देवलोकमा बाऱ्ह योजन भएको विशाल सुवर्ण विमानका अधिपति देवपुत्र हुनु पुग्यो । परिषद् देवपुत्रीहरू पनि धेरै थिए अरे ।

यो भ्यागुतो देवपुत्रले आफैले आफैले विचार दृष्टि पुऱ्याई हेर्दा भ्यागुतोको जन्ममा उपदेश सुनेर आउन पाएकोले यस्ता दिब्यसुख ऐश्वर्य पाएको भन्ने बुझी लिएको थियो । त्यसोहुँदा तुरन्तै त्यो आफ्नो परिषद् लिएर भगवान बुद्ध बस्नु भएको स्थानमा तल आयो । त्यहाँ पुग्नेबित्तिकै विमानबाट ओर्लेर भगवान बुद्धका दुबै पाउमा गौरव पूर्वक ढोग्नका निम्ति उभिरह्यो ।



Downloaded from http://www.dhamma.digital

त्यतिखेर भगवान बुद्धले, "विशाल, प्रभाव यथेष्ट भएको परिवार, जाज्वल्यमान हुने गरी चम्कने शरीरको तेज लिएर यहाँ आईकन वन्दना गर्ने तिमी को हौ ?" भनी सोध्नुभो। यसरी सोध्नु भएको वहाँले नजानेर होइन। उपदेश सुनिरहेका परिषद्लाई कर्म र कर्मफलसँगै भगवान बुद्धको आनुभाव दृष्टांत रूपमा दर्शाई बुझाइदिनकालागि अलि कुरा घुमाएर सोध्नु भएको थियो।

त्यतिबेला भ्यागुतो देवपुत्रले, "म पानीमा उत्पन्न भएर पानीमा नै रसरंग गरी आएको एउटा भ्यागुतो हुँ। तपाईको उपदेश सुनिरहँदारहँदै एकजना गोठालो केटोको लौरोको चोटले मैले प्राण त्याग्नु पऱ्यो। केही बेरमात्र उपदेश सुनी आउन पाएको हुनाले त्रयस्त्रिंश देवलोकमा सुवर्ण विमानको अधिपति देवपुत्र भई म बसिरहेको छु। उपदेश सुनेर आउन पाएको कुशलको कारणले गर्दा मलाई प्राप्त भएको दिब्यसुख ऐश्वर्य परिषद र मेरो शरीरको तेज-प्रकाशलाई तपाईले हेरिबक्सनुहवस्" भन्दै हर्षपूर्ण कुरा निवदेन गरे। त्यतिबेला उपदेश सुनिरहेका परिषदहरूले यो घटना देखिरहेका र सुनिरहेका थिए।

यसरी अनुमोदनका कुरा गरिरहँदा त्यो भ्यागुतो देवपुत्रलाई भ्यागुता हुनुपर्ने त्यस्तो हीन अपाय (नर्क) भूमिमा फेरि जन्म लिन जान पर्ला भन्ने डर उत्पन्न भयो कि कसो हो कुराको धार अर्कोतिर लान थाल्यो। कसरी फरक पर्न थाल्यो भने, " भगवान शास्ता, तपाईंको धर्म-उपदेश दिनरात धेरै धेरै सुन्ने अवसर पाएका सत्पुरुषहरूले मृत्यु-रहित पवित्र निर्वाण साक्षात्कार गरीकन जानसक्ने भईसके। शोक-रहित भएर पनि गईसके" भन्न थालेको थियो।

उसको कुरा अनुसार बारम्बार धर्मोपदेश सुन्ने संयोग भएका सत्पुरुषहरूले निर्वाण प्राप्त गरिसके। उसले भने क्षण मात्र उपदेश सुन्न पाएकोले देव सम्पत्ति मात्र नै प्राप्त गर्न सकेको र निर्वाण प्राप्त गर्न



Downloaded from http://www.dhamma.digital

सकेको छैन, अपाय भयबाट मुक्त हुन सकेको छैन भन्ने अभिप्रायको संकेत थियो ।

त्यसैले त्यहाँ समागम भइरहेका परिषदहरू र भ्यागुतो देवपुत्रलाई समेत सुहाउँदो र योग्य उपदेश छानेर भगवान बुद्धले देशना गर्नु भएको थियो । उपदेशको अन्तमा धेरै मानिसहरूलाई धर्मावबोध भयो । भ्यागुतो देवता पनि श्रोतापन्न भयो ।

श्रोतापन्न हुनु भनेकै भ्यागुताको जन्म जस्तो हीन जन्ममा फेरि नपुग्ने भई अपाय-भयबाट सदाकालागि मुक्त भैकन अलग छुटिएर जानु हो । यसरी भ्यागुतो देवपुत्रले दिब्यसुख ऐश्वर्य पनि उपभोग गर्न पायो । साथै आर्य पनि हुन पाएको कारणचाहिँ भ्यागुताको जन्म छँदा "धर्म-श्रवण कुशल पुष्पले (आफू) सिंगारिएर आएको हुनाले" हो ।

लौ अब धर्म-श्रवण विषय थामिएर आएपछि समूहमा मिलेको धर्मदेशनाको विषय जोड्दै जाऔं ।

## राम्रो (असल) फलयुक्त धर्मदेशना

मार्ग, फल र निर्वाण प्राप्तिको कारण (हेतु) सद्धर्म नै हो र रुपैयाँ-पैसा, यश-कीर्ति आदिको इच्छा र अभिलाषा नराखी परिशुद्ध चेतनाले सीधासादा तरिकाले यस्तो सद्धर्म बताउनु-दर्शाउनु धर्म-देशना कुशल हो । यो कुशल (ध्यान,मार्ग र फल प्राप्त हुन अघिको) भावना-कुशल समान हुँदछ ।

निर्दोष बचनबाट उत्पत्ति होइने ज्ञान, हातबाट उत्पन्न हुने हस्तकला ज्ञानलाई असल चेतनाले सिकाई-बुझाई दिनु पनि देशना अन्तर्गत समावेश भइरहेको छ भनी ग्रन्थमा बताइएको छ ।

यस प्रकार धर्मदेशना कुशल पुष्पले सिंगारेर बस्ने ब्यक्तिले देव मनुष्य र निर्वाण कहलाइएको त्रिविध सुख प्राप्त गरी लिन सक्दोरहेछ । विशेष रूपले अरूहरू भन्दा विशिष्ट श्रेष्ठ ब्यक्ति हुन पाउने हुँदछ ।



Downloaded from http://www.dhamma.digital

## लोक श्रेष्ठ भगवान बुद्ध

भगवान बुद्धका बत्तीस महापुरुष लक्षणमा "पैतालो (पादतल) अग्लो हुने मास्तिर फर्केको रौं (रोम)" पनि सम्मिलित छ ।

यस्ता लक्षण भएकाहरू गृहस्थाश्रममा बसे चक्रवर्ती हुन सक्तछन् । चक्रवर्ती राजा भन्ने मनुष्य मात्रमा सर्वोत्तम अति नै प्रशंसनीय राजा हो । भिक्षु हुन गए भने बुद्ध हुनसक्ने हुन्छन् । बुद्ध भन्नाले जति पनि प्राणीहरू छन् ती मध्ये परमोत्तम विशिष्ट अति नै प्रशंसनीय पवित्र पुद्गल श्रेष्ठ व्यक्ति मानिन्छन् । कुनै पनि राजा, देवराज, महाब्रह्मा समेत कसैले पनि भगवान बुद्धसित प्रतिस्पर्धा गर्न सकिने होइन ।

एक समयमा भगवान बुद्ध उक्कट्ठ शहरको सुभग्ग भन्ने जंगल भित्र शालवृक्षराजको फेदमा विराजमान हुनुहुन्थ्यो । त्यसबेला उल्टो बाटो लागेर हिँड़िरहेका बकब्रह्माले गलत तरीकाले सोची रहेको जानी उपदेश दिनका निम्ति बकब्रह्मा कहाँ उनी जानु भयो ।

## अगिसरा भई स्वागत गर्न जाने बकब्रह्मा

भगवान बुद्ध आइपुग्नु भएको देखेर बकब्रह्माले, "भन्ते, आउनुहोस्, तपाई यहाँ आउनु भएको मंगलयुक्त आगमन हो । तपाईं यहाँ आउनहुन योग्य भइरहेको धेरै समय भो । यो शरीर र यो ब्रह्मभूमि स्थिर, नित्य हुन्, सुदृढ र विशिष्ट छ । यसको विपरित हुनु भनेको छैन । यो भूवनमा प्रतिसन्धिमा रहने, वृद्ध हुने, मरण हुने र मरणपछि फेरि उत्पन्न हुने पनि छैन । यो शरीर र भूमिबाट अलग अरू कुनै मुक्ति भन्ने छैन ।" यस्तो कुरा गर्दै बाटोमा अघि आई स्वागत गर्न आएका थिए भगवान बुद्धलाई ।

भगवान बुद्धले त्यस अवस्थामा, "मारिषहरू हो, बकब्रह्मा घोर अन्धकारमा परिरहेको छ, उसित ज्ञान छैन । उसले अनित्यलाई नित्य,



Downloaded from http://www.dhamma.digital

दरिलो (कसिलो) नभएकोलाई दरिलो, अस्थिरलाई स्थिर, जुन विशिष्ट छैन त्यसैलाई विशिष्ट, विपरितलाई अविपरित भनी भन्दैछ । यस भूवनमा प्रतिसन्धि भइरहने, बृद्ध हुने, मरण हुने, मरणपछि फेरि नयाँ रूपमा उत्पन्न हुने हुँदाहुँदै पनि छैन भनिरहेछ। यो भूमिका अतिरिक्त अन्य भूमि मार्ग, फल र निर्वाण धर्म हुँदाहुँदै पनि यो भूमि मात्र मुक्तभूमि हो भनी हिँड्दैछ । यो बकब्रह्मा अति नै हुस्सू (मूर्ख) रहेछ" भनी अरू ब्रह्माहरूको साम् उसलाई आरोप लगाई आज्ञा गर्नुभयो ।

जहिले पनि थाहा नपाउने गरी बुद्धका पछि पछि लागीरहने एक जना मूर्ख मारले जब भगवान बुद्धले आरोप लाउनु भएको शब्द सुन्यो तब त्यो एकजना सेवक ब्रह्माको जिऊमा प्रवेश गरी, "भो श्रमण, महाब्रह्मा बकलाई यसरी आरोप लगाई कुरा गर्नु हुन्न । यो ब्रह्मा आनुभाव भएकै हो, संसारलाई सृष्टि गर्ने हो । प्राणीहरूको व्यवस्था मिलाउन जान्ने हो, अभिभूत गर्नसक्ने हो र प्राणीहरूका पिता नै हो" आदि सुनाउँदै बकब्रह्माको पक्षमा कुरा गर्दै आयो । तर भगवान बुद्धले उसलाई दुष्ट मार हो भन्ने जनाई उसको कुरामा विरोध प्रकट गर्दै एकातिर पन्छाइदिनुभो ।

त्यसपछि महाब्रह्मा बकले, "भन्ते, मैले नित्यलाई मात्र नित्य, सुदृढ़ (दरिलो) लाई मात्र सुदृढ़, जो स्थिर छ त्यसैलाई मात्र स्थिर, विशिष्ट जो छ त्यसलाई मात्र विशिष्ट, विपरित हुने नभएको हुनाले मात्र अविपरित भनी भन्ने गरेको हुँ। जन्म हुने, वृद्ध हुने, मरण हुने, मरणपछि फेरि उत्पन्न हुने नभएको हुनाले मात्र छैन भनी भनिरहेको हुँ । यस भूवनबाट अर्को मुक्ति नभएको हुनाले नै छैन भनिरहेको हुँ" आदि सुनाउँदै आफ्नो गलत सिद्धान्त स्थिरवाद (शाश्वत मिथ्यादृष्टि) लाई स्वयं आफैले दृढ़ता पूर्वक प्रतिक्षेप गर्दै उत्तर दियो ।



Downloaded from http://www.dhamma.digital

# मिथ्यावादी सृष्टिकर्त्ता

यो बकब्रह्मा खूबै आनुभावयुक्त थियो । हजार कल्प भित्र चक्रवालमा रहेका प्राणीहरूको उत्पत्ति विनाश सारा सम्पूर्णरूपले थाहा पाउनसक्ने थियो उ । उसका परिवार पनि धेरै थियो । वरिपरि बस्ने ब्रह्माहरू तथा अन्य साना-साना ब्रह्माहरूले उसलाई सदा स्थिर रहने "सृष्टिकर्ता" भन्ने समेत सम्झने गर्दथे । उसले स्वयं आफूप्रति पनि त्यसरी नै गलत सोची रहेको थियो । यसरी उसको सोचाई गलत भइरहेको कारण आफ्नो अतीत जीवनको घटनालाईं फेरि होशपूर्वक सम्झन नसकी बिर्सेर गएकोले हो ।

मानिस जन्म लिई रहेको कुनै अघिको समयमा ऋषि बनेर उसले ध्यान प्राप्त होइने गरी उद्योग गरेर आएको थियो । त्यहाँबाट च्यूत भएपछि (मरण पछि) माथिल्लो स्तरको (चतुर्थध्यान) ब्रह्मभूवनमा फेरि उत्पन्न हुन पुग्यो ।

यस प्रकारले क्रमैले माथिल्ला ब्रह्मभूवन बदलाउँदै जन्म लिँदै आईकन अन्तमा वर्तमान (प्रथमध्यान) महाब्रह्मा भूवनमा आइपुगेको थियो । समय अनुसार भन्नु हो भने सयकड़ौं कल्पसम्मन् विभिन्न ब्रह्म भूवनहरूमा उत्पन्न भएर आएको भन्न पर्‍यो ।

वर्तमान भूमिमा पहिले आइपुग्दा उसले आफ्नो पहिलेका जन्महरूमा गरी आएका कुशल-कर्म अनि बदलाउँदै जन्म लिई आइसकेका ब्रह्मभूवनहरू फेरि स्मरण गरी बस्नसक्ने नै थियो । तर यस भूवनमा धेरै नै समय बितीसकेको हुनाले अघिका ती घटनाहरू पुन: स्मरण गर्न (सम्झन) नसकिने गरी पूर्णरूपले बिर्सेर गइसकेको थियो । त्यसो हुनाले उसले खूबै शक्तिशाली "स्थिरवाद मिथ्या सिद्धान्त" लाई दृढ़ता पूर्वक धारण गरिरहेको थियो ।



Downloaded from http://www.dhamma.digital

उसले प्रतिक्षेप गर्दै उत्तर दिएको कुरा सुन्नु भएपछि भगवान बुद्धले, "बकब्रह्मा ! चक्रवालका हजार कल्प अन्तर्गत उत्पत्ति र विनाश होइनेलाई मात्र जान्नसक्ने तिमी हौ । म तथागतले त्यो भन्दा धेरै जान्दछु । तिमीले यो भूवन बाहेक अझ अन्य ब्रह्मभूवनहरू छन् भन्ने नजाने पनि म तथागतले त सबै जानेको छु । तिमीले जानेका सबै पनि म जान्दछु, तिमीले नजानेका पनि सबै जान्दछु । तिमीले आफ्ना अधिका जन्महरूमा सञ्चय गरी आएका कुशल- कर्मका घटनासँगसँगै तिमीले घुमीघुमी आइसकेका ब्रह्मभूवनहरू पनि सबै नै म जान्दछु" भनी आज्ञा गर्नुभयो ।

यसका अतिरिक्त बकको निवेदन अनुसार उसका अतीत जीवनका सम्पूर्ण घटना र वर्तमान ब्रह्मभूवनहरू आइपुगेको सम्म भगवान बुद्धले सारा वृतान्त दोहोऱ्याएर बताइदिनुभो ।

## भगवान बुद्धसित कसैले प्रतिस्पर्धा गर्न सक्तैन

उक्त अवस्थामा बकब्रह्माले केही भन्ने वा बोल्नसक्ने स्थिति रहेन । पूरै पराजय भएको थियो । तैपनि आफ्नो पराजयलाई ढाक छोप गर्नलाई शरीरको तेज लोप गर्ने प्रतिस्पर्धा गर्नका निम्ति भगवान बुद्धलाई आमंत्रण गर्न थाल्यो । भगवान बुद्धले पनि स्वीकृति वचन आज्ञा गर्नुभो ।

१. प्रकृति शरीर २. निर्माण शरीर भनी दुइ थरीका छन् ब्रह्म शरीर । प्रकृति शरीर अत्यन्तै सूक्ष्म हुनाले (बुद्धदेखि लिएर) मानिसहरूले देख्न सक्तैनन् । निर्माण शरीरलाई भने मानिसहरूले देख्न सक्तछन् ।

बकब्रह्माले भगवान बुद्धसित भेटघाट गरिरहेको निर्माण शरीर (निर्मित काय) थियो । ब्रह्मा शरीरको तेज लोप गराईदिनु (खतम गरि दिनु) भनेको निर्मित शरीर (काय) लाई प्रकृति शरीर होइने गरी बदली (परिवर्तित) गरिदिनु हो ।



Downloaded from http://www.dhamma.digital

भगवान बुद्धसित ऋद्धि प्रतिस्पर्धा गर्ने भनी बुद्धको सामुबाट (आफ्नो) शरीर लोप गरिपठाउने (अदृश्य बनाउने) प्रयास गरेको थियो। तर भगवान बुद्धको अधिष्ठानको कारणले गर्दा शरीर लोप गर्नु (अल्पिनु) नहुने भयो। फेरि पनि उसले शरीर गायब गरिपठाउनका निम्ति अन्धकारको निर्माण गर्ने प्रयास गर्न थाल्यो तर त्यो पनि निर्माण हुन नसकिने भयो। त्यसर्थ जे पायो त्यै गर्न विमान भित्र लुक्न खोज्यो, कल्प वृक्ष मनि पनि लुक्न भनी गयो। अन्तमा कुनै प्रकारले कसै गरेर पनि लुक्न नसक्दा कक्रक्क खुम्चेर बसिरह्यो।

त्यसपछि अन्य ब्रह्माहरूले, "महाब्रह्मा बक, तिमी शरीर गायव गर्न चाहन्छौ र आफूलाई लुकाई रहेछु भन्नेसम्म पनि तिमीलाई होश छ के?" भनी जिस्काए झैं गिजाए झैं सुनाइरहे। यसरी महाब्रह्मा बकले शरीर पनि गायब गर्न सकेन, लुक्नसम्म पनि नहुने भएर झोक्रिएर बसिरह्यो। तब भगवान बुद्धले, "लौ बक, तिम्रो लुकिहिड्ने पालो बित्यो। अब मेरो पालो आयो। म आफ्नो शरीर लोप (गायब) गरी देखाउँछु" भन्दै आज्ञा गर्नुभो र बकका साथै अन्य ब्रह्मागणले समेत देख्न नसकिने गरी आफ्नो शरीरलाई लोप गर्नुभो।

भगवान बुद्धको शरीर लोप भएपछि तुरन्तै त्यहाँ "जन्म जन्म हरेक पल्ट नै प्रतिसन्धिमा रहने, वृद्ध हुने, रोग लाग्ने, मरण हुने भयबाट मुक्त भन्ने छैन। भवबाट मुक्त जुन निर्वाण छ त्यो निर्वाण खोज्ने क्षेत्रमा गलत बाटोमा हिँड़िरहेकाहरू विभिन्न भवमा उत्पन्न भइरहेकोलाई म तथागतलाई थाहा भइरहेको छ। त्यसो हुनाले म तथागतसित कुनै पनि जन्मलाई नित्य रूपमा वा नित्य भन्ने गलत धारणा छैन। भव प्रति आशक्ति रहने, प्रसन्न मान्ने जतिछन् ती सबै मूल जरैसित उखेलेर टुप्पो समेत पनि केही नरहने गरी विशेष ढंगले खतम गरी (अन्त गरी) सकें, हटाई सकें।" आदि भगवान बुद्धको उपदेशका शब्द ब्रह्माहरूका कानमा पुगिरहेका थिए। भगवान बुद्धलाई भने उनीहरूले देख्न सक्नु नै थिएन।



Downloaded from http://www.dhamma.digital

भगवान बुद्धको उपदेशको अन्तमा दश हजार जति ब्रह्माहरूले मुक्ति प्राप्त गरेका थिए । त्यसपछि मात्र बक सहित ब्रह्मा परिषदले भगवान बुद्धलाई अनेक प्रकारले प्रशंसा गर्दै कुराकानी गर्न थालेका थिए ।

यी बक जस्ता सृष्टिकर्ता भनाउँदा महानुभाव भएका महाब्रह्माहरूले समेत पनि बुद्धका साथ जोड़तोड़ गरी प्रतिस्पर्धा गर्न नसकेको कारण के हो भने भगवान बुद्धले अघिअघिका जन्म अर्थात् बोधिसत्त्वका जन्महरूमा पवित्र कुशल-पुष्पले सिंगारिएर आएको हुनाले हो । अघिअघिका धेरै असंख्य जन्ममा बोधिसत्त्वले अरूलाई दश प्रकारका कुशल रूपी सद्धर्मलाई असल चेतनाद्वारा बताई-दर्शाई आएका थिए । त्यसैले अहिले यसरी राजाहरू, देवराजहरू, महाब्रह्माहरू भन्दा पनि श्रेष्ठोत्तम विशिष्टतम अति नै प्रशंसनीय हुन पाउनु भएको हो । विना कारण त्यसै सजिलै त्यसो हुनु भएको होइन । यति भए "धर्मदेशना कुशल पुष्पद्वारा, सिंगारिन योग्य भएको कुरा स्पष्ट भयो होला ।

लौ अब, धर्मदेशनाको विषयमा यतिमा नै बिसाई दिट्ठिजुकम्मको विषय जोड्दै जाऔं ।

## सीधा (सोझो) दृष्टिले असल फल

**दिट्ठिजुकम्म** भन्नाले सिद्धान्त र धारणा सीधा राख्नु हो । धारणा सीधा राख्नु भनेको कर्म र कर्मको फलमाथि विश्वास राख्ने (**कम्मस्सकता**) ज्ञानलाई भनिएको कुरा स्पष्ट छ ।

दान शीलादि तथा अरू कुशलकर्म जति पनि गरिन्छन्, कर्म र कर्मफल प्रति विश्वास भएको हुनाले नै गरिन्छ । यसरी धारणा सीधा रहेकोले पनि देव, मनुष्य र निर्वाण त्रिविध सुख उत्पन्न गराउन सक्तछ । यही प्रसङ्गसित सम्बन्धित कथावस्तु एउटा प्रस्तुत गरुँला ।



Downloaded from http://www.dhamma.digital

# दृष्टि गलत हुनगए अकुशल वृद्धि

पाँचसय पचास जातक अन्तर्गत एकनिपात लोमहंस जातकमा बोधिसत्त्वले स्वयं आफैले मिथ्याधारणालाई परीक्षण गरीकन अनुभव गर्नु भएको देखिन्छ। यो कल्पदेखि विगततिर फर्केर हिसाव गर्दै लगे एकानब्बे कल्पमा बोधिसत्त्वले अति तीब्र रूपले मिथ्यादृष्टि अनुभव गर्ने आजीवक परिव्राजक भएर आउनु भएको थियो।

उसले, "अति नै कंजूसे (कृपण) जीवन बिताउने, अघोरै तुच्छ, दीन हीन आचरण भएको, अचाकलि नै घिणलाग्दो र एकदमै एकान्त ठाउँमा बस्ने आँट भएको बन्न सकूँ" भन्ने विचारले मिथ्याधारणा अनुभव गरी आएको थियो।

आफूले सोचे जस्तै उ एकाध वस्त्र पनि जिउमा नहुने गरी पूरै नाङ्गो हिँड्ने भयो। जिउ भरि मैला र धूलोले ढाकेर घिनलाग्दो फोहर भएर बस्ने गऱ्यो। एकैजना पनि कोही साथी विना एक्लो बस्यो। जंगलतिर कुनै मानिस देख्ने बित्तिकै जंगली जीवजन्तुहरू डरले सुटुक्क भागे झैं उ पनि मानिसहरू कतै पुलुक्क देख्ना साथ सुइँकुच्चा ठोक्थ्यो। कुनै मानिस भेटघाट नहुने गरी जंगलभित्र गई बस्थ्यो। उसले खाने चीज बीजहरू पनि हेर्दै सिकसिको लाग्ने खालको हुन्थे। विशेष गरी गाई-गोरु आदि पशुहरूको मलमूत्र खाने बानी उसले गरेको थियो।

उ बस्न पुगेको जंगल पनि असाध्यै डरलाग्दो जंगल थियो। साधारण मानिसहरू भए त्यहाँ पस्ने बित्तिकै जिउ सिङ्गो चीसो भई रौं पनि जिग्रिङ्ग हुने गरी डर उत्पन्न हुने भयानक महाजंगल थियो त्यो। यस्तो अँध्यारो टम्म भएको जंगल भित्र एक्लै बस्ने गरेको कारण होश एकातिर पारेर प्रमादी भई नबस्ने उद्देश्यले जानीजानी नै बस्न गएको थियो।



Downloaded from http://www.dhamma.digital

असाध्य जाड़ो शीतलकालीन ऋतुमा हिँउ परिरहँदा राती जंगलबाट बाहिर आएर हुई हुई जोड़ले हावा चलिरहने चारैतिरबाट खुल्ला भएको फाँटमा केही छेक्ने नभएको त्यस्तो ठाउँमा निर्वस्त्र भई आगो पनि नतापीकन बस्ने गर्थ्यो। घाम झुल्केर हिँउ बिलेर हराएपछि मात्र फेरि जंगल भित्र नै पस्ने गर्दथ्यो। घाम झुल्कन अघिसम्म त हिँउले निथ्रुक्क भिजिरहेकै हुन्थ्यो । जंगल भित्र पनि रुखका पातहरूबाट तप्किरहने पानीका थोपाले उसको सारा शरीर नै गिलो हुने गरी भिजिरहेको हुन्थ्यो । यसरी चीसो दण्ड जतिसक्दो त्यति सहेर बोक्दै मिथ्या आचरण परीक्षण गरी अनुभव गर्नमा लागेको थियो।

गर्मीको मौसममा टन्न पोलिने मध्य दिनको समयमा जंगलबाट बाहिर निस्केर सूर्यको तेज र तातो हावाको प्रभाव अति तीब्र भइरहने बेला कतै केही छेक्ने नभएको त्यस्तो ठाउँमा टुक्रुक बसिरहने गर्थ्यो। उसको जिउभरि घामको किरण परेर खल्खल्ति पसिना बहन्थ्यो । रात परेपछि मात्र फेरि जंगल भित्र पस्ने गर्थ्यो। जंगल भित्र अलिकता पनि हावा नचल्ने भत्भत् पोलिने गर्मीले त्यतिकै पसिना बगिनै रहने। यसरी पोलिने दण्ड तीब्र रूपले सहेरै पनि मिथ्यादृष्टि आचरण अनुभव गरी आएको थियो।

उसले यस प्रकार निरर्थक मिथ्या धारणामा लागिरहे पनि साँच्चै शुद्ध र पवित्र आचरण धारण एवं पालन गर्दैछु भनी सम्झी रहन्थ्यो। "म पोलिने वा एकदमै गर्मी लागेर भत्भत पोल्ने समयमा प्रचण्ड गर्मीको दण्ड सहन सक्दछु । चीसो रहने समयमा असाध्यै जाड़ो पनि सहन सक्दछु। भयानक जंगलमा एक्लै सुत्न डराउँदिन, जतिकै चीसो भए पनि वस्त्र नलगाई आगो पनि नतापी बस्न सक्तछु । साँच्चै पवित्र आचरण खोजेर कोशिश एवं उद्योग गरिरहने म उत्तम श्रमण बनी सकें" भन्ने मनमा राखी गद्गद् भई हर्षित भइरहने गर्थ्यो।



Downloaded from http://www.dhamma.digital

# नर्कको निमित्त देख्ता मात्र पश्चाताप

यस प्रकारले मिथ्या धारणाको परीक्षणका साथै अनुभव गरी आएको वर्षौं बितेपछि मरणासन्न अवस्थामा पुग्यो । त्यतिबेला उसले अनुभव गरी आएको मिथ्या धारणाको कारण नर्कका निमित्तहरू देखिन थाले ।

नर्कमा पतन हुनजाने व्यक्तिले मरणासन्न अवस्थामा नर्कभूमि, नर्कको अग्नि-ज्वाला, नर्कका कुकुरहरू आदि नराम्रा दृश्यहरू देख्ने गर्दछ । आरम्मण र निमित्तहरू देख्ने हुँदारहेछन् । यसलाई गति-निमित्त भनिन्छ । यी निमित्तहरू उत्पन्न भइसकेर मरण हुनगए नर्कमा झर्ने गर्दछ ।

मरणासन्न अवस्थामा त्यसरी नर्कका निमित्तहरू प्रकट भएको देखिन थालेपछि मात्र बोधिसत्त्वले आफूले आचरण गरी अनुभव गरेका दृष्टि मिथ्यादृष्टि हो भन्ने तथ्य राम्ररी स्पष्ट बुझ्न थाल्यो । तसर्थ तुरन्तै त्यो मिथ्या धारणा त्यागेर उसले फेरि सम्यक्दृष्टि ग्रहण गऱ्यो ।

यस प्रकारले मरणासन्न अवस्थामा मात्र पुनः सम्यक्दृष्टिमा पुग्नसक्नु साधारण मानिसहरूका निम्ति कुनै सजिलो काम होइन । त्यसैले पहिले नै मिथ्यादृष्टिमा नपर्ने गरी होश राख्नु आवश्यक छ ।

सम्यग्दृष्टि भन्नाले “कुशलकर्म अकुशलकर्म” भनी यी कर्महरूका फल पनि हुने गर्छन् । असल काम गरे राम्रै फल भोग गर्न पाइन्छ, खराब काम गरे नराम्रै फल भोग गर्नपर्ने हुँदछ । नर्कभूमि र देवभूमि भन्ने पनि छन्” आदि कर्म र कर्मफलप्रति विश्वास गर्नु हो । यसरी विश्वास गर्नुलाई नै सीधा (सोझो) दृष्टियुक्त हुनु **दिट्ठिजुकम्म** भनिएको हो ।

मरणासन्न अवस्थामा बोधिसत्त्वले सीधा दृष्टि लिएर जानसकेको हुनाले मरण भई नर्कमा पतन नभईकन देवलोकमा पुग्यो । त्यसो हुनाले सोझो (यथार्थ) दृष्टियुक्त हुनु पनि देवलोकमा पुगिने पवित्र धर्म हो भन्ने कुरो बुझी होश पूर्वक सुन्ने गर्नुपर्दछ ।



Downloaded from http://www.dhamma.digital

लौ अब भावना-समूहमा समावेश "**धम्मसवन, धम्मदेसना, दिट्ठिजुकम्म**" विषयमा यतिमै बिसाई अन्तिम श्लोक पढौं ।

**जान्नु समूह भावनाको, छुट्टाछुट्टै विभाग गरी ।**
**सुन्नु उपदेश थरी थरीका, भनिन्छ धर्म-श्रवण कुशल भनी ॥**
**उपदेश गर्नु अनासक्त भै, धर्म देशना परिशुद्ध हुने ।**
**कर्म फलमा विश्वास राख्नु नै, धारणा दिट्ठिजुकम्म भनिने ॥**
**देव मनुष्य अनि निर्वाण सहित, तीनै सम्पत्ति सम्पूर्णता ।**
**वृद्धि हुन सक्छ निश्चय यसले, यो हो पवित्र पुण्य कुशलता ॥**
**मिल्ने स्वभाव यिनको तसर्थ, भित्र्याई भावना-समूहमा ।**
**सम्झी राख्ने गर यिनलाई, अप्रमादी भै सदा सर्वदा ॥**

## शमथ-भावना

शमथ - भन्नाले चित्तमल क्लेशहरूलाई शान्त गराउने स्वभाव र चित्तलाई स्थिर पार्दै एकाग्रतामा राख्ने स्वभाव हो । यसै स्थितिको अटूट बारम्बार वृद्धि होइने गरी उद्योग गर्नु भावना हो । सरल ढंगले भन्नु हो भने, "चित्त स्थिर र शान्त हुने गरी प्रयास गर्नु हो ।"

यो शमथ भावना गर्ने विधि चालीस (४०) प्रकारका छन् । त्यस मध्ये दश प्रकारका ध्यान उद्योग गर्दै लगे पनि ध्यान-प्राप्तिको स्थितिसम्म पुग्न सकिदैन । बाँकी रहेका तीसवटा टुंगो पुऱ्याएर पूरापूरी तहसम्म उद्योग गरेमा सम्बन्धित क्षेत्रमा ध्यान प्राप्त होइने सम्मन् उत्पन्न हुन सकिन्छ ।

'**झान**' पालि शब्दबाट परिवर्तित भई आएको शब्द हो ध्यान । यसको अभिप्राय हो सम्बन्धित आरम्मणको भित्रि तहसम्म भाविता गर्नु, विरोधी नीवरण, बाधक-धर्महरूलाई जलाइपठाउनु - भस्म पार्नु- ।

यो उपदेश नवयुवक नवयुवतीहरूका निम्ति सामान्य ढंगले मात्र उल्लेख गरिएको हुनाले कुन शमथले ध्यान लाभ हुन सक्तछ, कुन चाहिँ



Downloaded from http://www.dhamma.digital

शमथले ध्यान लाभ गराउन सक्तैन, आदि सूक्ष्म कुराहरूको उल्लेख अहिलेलाई बाकी नै राखिएको छ ।

ध्यान प्राप्त गराउन सक्ने शमथ - धर्म अभ्यास र उद्योग गर्ने व्यक्ति यदि ध्यान प्राप्त भइसकेर ध्यानबाट पतन नभईकन परलोक भयो भने ब्रह्मा हुन सक्तछ । शमथ उद्योग गर्ने व्यक्तिले ध्यानलाभी नभए पनि यस कुशलले फल दियो भने देव-सुख वा मनुष्य-सुख त सजिलै प्राप्त हुन सकिने हुँदछ ।

## कदम अघि बढ़ाउन योग्य

शमथ - भावना अभ्यास र उद्योग गर्ने व्यक्ति शमथमा मात्र अडेर नबसी अझ एक तह उक्लेर विपश्यनातिर लाग्नु योग्य छ । उद्योगद्वारा आफूलाई प्राप्त भएको शमथ - समाधि अथवा ध्यानको आधार लिई विपश्यनाधर्म लगत्तै अभ्यास गर्दै गए मार्गमा पुगी फलमा प्रतिष्ठित भईकन निर्वाण साक्षात्कार गर्न सकिने अवस्थासम्म सिद्ध गरी पुग्न सकिने हुँदछ । यो प्रसङ्गसित सम्बन्धित छोटो कथा उल्लेख गर्दै जाऔं ।

## अद्भूतको वङ्गीस

भगवान बुद्धको समयमा राजगृह देशमा वङ्गीस नाउँको ब्राह्मण माणवक एकजना थियो । उमेर पुगेपछि ब्राह्मणहरूले सिक्नुपर्ने सिक्न योग्य त्रिवेद अध्ययन गरी सबै सिक्यो । विशेष गरी उसले सिकेको **"छवसीस मन्त्र"** भन्ने थियो । यो मन्त्रले खप्पर माथि फुकेर त्यस व्यक्तिको अतीत जन्मको कुरा पत्ता लाउन सक्दथ्यो ।

वङ्गीससित यस्तो शक्ति भएको अन्य ब्राह्मणहरूले थाहा पाएर उसलाई अगुवा बनाई पछाड़िबाट फुर्फुराएर मानिसहरूका आँखा छलेर धन कमाउने विचार उत्पन्न गर्न थाले । यसरी ती चतुर ब्राह्मणहरू वङ्गीसलाई एउटा सुरक्षित रथमा राखेर सम्पत्ति कमाउने योजना लिई देशबाट निस्के ।



Downloaded from http://www.dhamma.digital

तिनीहरू ग्राम, निगम, राजधानी घुम्दै हिँड़े। अनि गाउँ अथवा शहरको मूल ढोका (गेट) छेवै डेरा बनाएर बस्ने गरे। मानिसहरू जम्मा हुँदा तिनीहरू "हाम्रा आचार्य वङ्गीसको दर्शन गर्न पाउने व्यक्तिले धन सम्पत्ति प्राप्त गर्नसक्ने हुन्छ। परिवार र यशकीर्ति पनि वृद्धि हुन्छ। सुगति स्वर्गलोकसम्म पुग्नसक्ने हुन्छ" भन्दै झ्यालिपिट्दै सुनाई आङपछाड़ि भने फुर्फुराउँदै कुरा गरी हिँड्थे।

आजभन्दा सयौं हजारौं वर्ष अधिको युगमा ब्राह्मण भन्नेहरू विद्या जानेका उच्चश्रेणीका राजपुरोहितको दर्जामा पुगेका हुनाले सबैले तिनताक ब्राह्मण भन्नासाथ ठूला सम्झन्थे। कतिजना त ब्राह्मणहरूको कुरालाई बुद्धोपदेश भन्दा पनि निकै गौरव राख्न चाहने हुन्थे त्यो युगमा।

विज्ञानको प्रभाव बृद्धि भइरहेको आजको यस्तो युगमा समेत ज्योतिष देखाउनु, भाकल्प लाउनु, पन्साउनु, मन्साउनु, झाक्री बस्नु, दशा लागेको अनिष्ट फुकाउन लाउनु र यस्ता कार्यबाट पेट भरिरहेकोलाई आधार लिई हेर्दा त्यस युगका ज्योतिष ब्राह्मणहरूका अनुहार कति उज्यालिरहेका हुन्थे होलान्, कति पेट अघाइरहेका थिए होलान् अनुमानैबाट बुझ्न सकिन्छ।

त्यसरी पछाड़िबाट फुर्फुराई रहने ब्राह्मणहरूका कुरा सुन्न पाउँदा मानिसहरू ठेलमठेल घुँइचो गरी बङ्गीसलाई हेर्न आउन थाले। साधारण ढंगले आएर बङ्गीसको अनुहार हेर्न नदिए उपहार र घूस दिएर भए पनि हेर्न आउने गर्न थालियो। जति जति यसो हुन थाल्यो त्यति नै ती ब्राह्मणहरूलाई फुर्फुराउँदै कुरा गर्नमा मज्जाको स्वाद आउन थाल्यो।

त्यहाँ त्यसरी आउनेहरूलाई तिनीहरूले "हाम्रा गुरु वङ्गीस जम्बुद्वीप भरिकै बेजोड़ विद्वान हुन्। तीन वर्ष अघि मरिगएको मानिसको खप्परद्वारा त्यो मानिस कहाँ जन्म भएको छ भन्ने कुरो भन्नसक्नु हुन्छ। पत्यार नलागे सोधी हेर" आदि भन्दै मानिसहरू आकर्षित गर्ने कुरा बताउने गर्थे।



Downloaded from http://www.dhamma.digital

सामान्यत: मानिसहरू पनि ज्योतिष हेर्न र देखाउनमा बौलाहा जस्तै हुन्छन् । १० दश रुपैञाँ, २० बीस रुपैञाँ, १०० सय रुपैञाँ जति जति आफूले सक्छ त्यति दिएर मरेर गएका आफ्ना कुटुम्ब बन्धुहरू कहाँ जन्म लिन पुगे भन्ने सम्बन्धमा तैं छाड़ र मैंछाड़ गर्दै सोध्न आउने भए ।

वास्तवमा साँच्चै नै वङ्गीस यस्तो शक्ति भएकै मानिस थियो । खप्पर माथि फुकेर मरेर गएकोलाई त्यसमा प्रविष्ट गराई त्यसको उत्पत्ति अवस्था वा जन्मको बारेमा बोल्न लाउन सक्थ्यो । त्यसैले मानिसहरू पैसा दिई-दिई ज्योतिष सोध्न आउँथे । मन भित्र कुविचार भएका ब्राह्मणहरूले वङ्गीसलाई कारण बनाई सजिलै पैसा हातमा आउने बाटो भेटाएका थिए ।

यसरी तिनीहरू ग्राम, निगम, जनपद कतै नपुगेको भन्ने थिएनन् र घुमी घुमी पैसाको खोजीमा लाग्दै अन्तमा श्रावस्ती आइपुगे । त्यहाँ जेतवन विहारको छेवैमा डेरा जमाएर बसे ।

श्रावस्ती निवासी नरनारीहरू विहानीको खानापिना सकेर फूल, धूप आदि लिएर बुद्ध दर्शन गर्न र उपदेश सुन्न बुद्ध बस्नु भएको जेतवन विहारमा जाने गर्थे । वङ्गीसको पछाड़िबाट बाजा बजाई हिँड्ने ती ब्राह्मणहरूले बुद्धको दर्शनका लागि गइरहेकाहरूलाई तान्न आकर्षित गर्नलाई आफ्नो बानी अनुसार कुरा सुनाउन थाले । वङ्गीसलाई हेर्न आउनु ज्योतिषका कुरा सुन्नु भनी बताए ।

बुद्ध दर्शनका निम्ति जानेहरूले भने "हाम्रा गुरु बुद्धले जस्तै तिमीहरूका वङ्गीसले जानेको छैन" भनी उत्तर दिन्थे । ब्राह्मणहरूले पनि "हाम्रा गुरु वङ्गीस झन् बड़ी योग्यता भएका हुन्" भन्थे । यस प्रकारले तिनीहरूले" हाम्रै गुरु ठूला, हाम्रै गुरुले बड़ी जान्नु हुन्छ आदि भन्दै जवाल सवाल गर्दै परस्परमा वादविवादमा लागेर बाझ्न थालेका थिए । अन्तमा बुद्ध दर्शनका निम्ति जानेहरूले ती ब्राह्मणहरूलाई बुद्ध भगवान कहाँ नै लिएर गए ।



Downloaded from http://www.dhamma.digital

## लोकविद् तथागतको प्रश्न

भगवान बुद्धले यी ब्राह्मणहरू आइपुग्ने छन् भनी पहिले नै थाहा पाइसक्नु भएको थियो। त्यसर्थ १. नर्कमा उत्पन्न हुन पुगेको मानिसको खप्पर (खोपड़ी) २. मनुष्य लोकमा उत्पन्न हुन गएको मान्छेको खप्पर ३. देवलोकमा उत्पन्न हुन पुगेको मानिसको खप्पर र ४. परिनिर्वाण भइसक्नु भएका अरहन्तको खप्पर-यी चार आफ्नो ऋद्धिबलले तुरन्त ल्याई आफ्नो सामु लहरै राखीकन तयार गरी बस्नु भएको थियो।

ब्राह्मणहरू आइपुगेपछि भगवान बुद्धले कुन कस्तो शिल्प विद्या जानेको छ भनी वङ्गीसलाई सोध्नुभयो। वङ्गीसले "खप्पर माथि हातले द्वाक द्वाक् गरी ठोक्दै हेरीकन त्यो मरिसकेको मानिस जन्म हुन पुगेको जीवन अवस्था थाहा पाउन सकिने विद्या" जानेको कुरा बतायो।

तब भगवान बुद्धले सबभन्दा पहिले नर्कमा उत्पन्न हुनेको खप्पर देखाई सोध्नुभो। वङ्गीसले नर्कमा उत्पन्न हुन गएको छ भनी जस्तो भयो त्यस्तै ढंगले भन्न सक्यो। भगवान बुद्धले पनि "वङ्गीस साँच्चै योग्यता भएकै रहेछ" भनी प्रशंसा गर्नुभो।

दोस्रोपल्ट मनुष्यलोकमा उत्पन्न हुन जानेको खप्पर देखाई भगवान बुद्धले सोध्नुभो। वङ्गीसले पनि सही उत्तर दियो। सही उत्तर दिएको स्वीकार गर्नुभई बुद्धले वङ्गीसको प्रशंसा गर्नुभो।

तेस्रोपल्ट देवलोकमा उत्पन्न हुन जाने जो छ त्यसको खप्पर देखाई सोध्नुभो। वङ्गीसले पनि देवलोकमा उत्पन्न भएको छ भनी उत्तर दियो। भगवान बुद्धले, "वङ्गीस साँच्चै नै योग्यता भएको मानिस रहेछ" भन्दै स्वीकार गरी प्रशंसा गर्नुभो।

अन्तमा परिनिर्वाण भइसकेका अरहन्तको खप्पर देखाउँदै त्यो खप्परका धनी (मालिक) - को उत्पत्ति अवस्था अथवा जन्मका विषयमा सोध्नुभो। वङ्गीसले खप्पर माथि कहिले फुक्दै, फेरि हातले ठोकी ठोकी हेर्दै बारम्बार केही सुन्ने गरिरहेको थियो।




Downloaded from http://www.dhamma.digital

तर उसको शरीरबाट खुलु खुलु पसीना मात्र बग्न थाल्यो, अरहन्तको उत्पत्ति अवस्था वा जन्मका विषयमा केही भन्न सकेन। भन्न पनि कहाँबाट कसरी सक्थ्यो ! अरहन्त भन्ने त परिनिर्वाण हुने बित्तिकै कुनै पनि जन्म लिई फेरि उत्पन्न हुन जाने नै होइन। विचरा वङ्गीसलाई त्यो कुरो थाहा नै थिएन। वङ्गीसले कसै गरेर पनि थाहा पाउन नसक्दा केही नबोली निहुरेर झुली बस्यो । तब भगवान बुद्धले, “वङ्गीस, के तिमीलाई साऱ्है मुश्किल पऱ्यो ? तिमीले भन्न नसक्ने नै भयो ?” भनी प्रश्न गर्नुभो।

वङ्गीसले, “मैले त थाहा पाउन सकिन, तपाईंले जान्नुभएको छ कि ?” भनेर सोध्यो । त्यस बेला भगवान बुद्धले, “प्रियपुत्र वङ्गीस, म तथागतले यो प्राणीलाई पनि जान्दछु यसका अतिरिक्त पनि जान्दछु (थाहा छ)।” भनी आज्ञा गर्नुभो। वङ्गीसले त्यतिखेर परस्पर आफूहरूसित भएका मन्त्र आदान प्रदान गर्नका निम्ति भगवान बुद्धसित भन्यो। भगवान बुद्धले “परस्परमा मन्त्रहरू साटासाट (लिनुदिनु) गर्नु पर्ने आवश्यकता छैन, तिमी भिक्षु भयौ भने त्यो मन्त्र सिकाईदिऊँला” भन्नुभो।

भगवान बुद्धबाट मन्त्र सिकेर लिएपछि सम्पूर्ण जम्बुद्वीपमा म एकजना महान आचार्य बन्ने छु र मेरो बराबरी गर्नसक्ने कोही हुने छैन भन्ने कुरो वङ्गीसले सोच्यो र यही कुरा आफ्ना साथी ब्राह्मणहरूलाई चित्त बुझ्ने गरी सन्तोष दिलाई भनी राखेर उ भिक्षु हुन गयो।

## एतदग्गका अधिकारी निर्वाण पुग्दछ

भगवान बुद्धले त्यसपछि वङ्गीसलाई कायगतास्मृति शमथभावना अभिवृद्धि गर्ने विधि सिकाइदिनुभो। यो विधि हो आफ्नो शरीरमा भएका केशदेखि लिएर मलमूत्र अन्तमा भएको बत्तीस कोट्ठासको विचार गर्नु, होशराखी सचेत रहँदै जान सिकाउने विधि।



Downloaded from http://www.dhamma.digital

केशदेखि लिएर अन्तमा मूत्र भएको बत्तीस कोट्ठासलाई वङ्गीसले बारम्बार माथिदेखि तल, तलदेखि माथिसम्म परामर्शन सहित विचार गरीकन लान थाले । तर उसले शमथभावना उद्योग र अभ्यास गर्दै छु भनी यस विधिको नाउँ चाहिँ जानेको थिएन । उसले त मनमनै बुद्धमंत्र पढ्ने र विचार गर्ने गर्दैछु भनेर मात्र जानेको र सम्झी रहेको थियो । यस नाउँ र कुरो अनुसार शमथभावना अविवृद्धि र अभ्यास गरिरहेछु भनी नजाने पनि स्वभाव अनुसार भने उसले गरिरहेको कामचाहिँ शमथ कृत्य नै थियो ।

यस प्रकारले उसले कायगतास्मृतिलाई माथिदेखि तल अनि तलदेखि माथि परामर्शन र विचार गर्दै लाँदा चित्त स्थिर र शान्त होइने (शमथसमाधि) स्थिति आउन थाल्यो । त्यसपछि उत्पन्न भइरहेको नाम रूपको क्रमलाई नबिराई जोड्दै लगी विपश्यनाको रूपमा भाविता गर्दै लैजाँदा विपश्यना ज्ञानमार्ग अनि फल-ज्ञानहरू क्रमैसित वृद्धि हुँदै क्लेश आश्रवक्षय भईकन क्षीणाश्रव अरहन्त हुनुभयो ।

वङ्गीस स्थविरको घटनाप्रति विचार पुऱ्याई हेरे के स्पष्ट हुन्छ भने शमथ र विपश्यना भावना उद्योग र अभ्यास गर्दै जाँदा नाउँ र ब्यावहारिक शब्दहरू प्रधान एवं प्रमुख नभएर स्वभाव धर्म र विधि मात्र सही हुनु पर्ने अत्यन्तै महत्त्वपूर्ण छ । यो पनि विशेष ढंगले होश सहित थाहा पाई राख्नु पर्ने एउटा तथ्य हो ।

वङ्गीस स्थविर अरहन्त भएपछि उसका सहभागी ती ब्राह्मणहरू उसलाई घर फर्काई लैजान फकाउन आउँथे । कुरा मनाउन नहुने वा नसकिने भइसकेको हुनाले ती ब्राह्मणहरू अब वङ्गीस स्थविरलाई दोषारोपण गरी हुने होइन भन्ने बुझी फर्केर गए । मानिसहरूलाई छक्याएर पैसा तलाश गर्ने उनीहरूको महान ब्यावसायिक काम कुरो पनि पूर्णरूपले थन्को लाउनु पऱ्यो ।



Downloaded from http://www.dhamma.digital

यता वङ्गीस स्थविर भने भगवान बुद्धलाई जति पल्ट देख्तछ्न् त्यति पल्ट भगवान बुद्धका गुणलाई विभिन्न तरिकाले सुन्दर शब्दहरूले सिंगारेर प्रशंसा गरिरहने भयो । त्यसैले पछि भगवान् बुद्धले श्रावकहरूको गुणको प्रशंसा गर्नु भएको बेला विचित्र ज्ञान भएका श्रावकहरू मध्ये श्रेष्ठ र उत्तम एतदग्ग पद चाहिँ वङ्गीस स्थविरले प्राप्त गरेका थिए ।

त्यसै कारण शमथभावना अभिवृद्धि र अभ्यास गर्दै जानेहरू शमथमा मात्र थामिएर नबसी विपश्यना-भावना समेत जोड्दै उद्योग र अभ्यास गर्दै लैजाने गरीकन मार्गमा प्रतिष्ठित भई फलमा प्रवेश पश्चात् निर्वाण साक्षात्कार हुने स्थितिसम्म पुग्न सकोस् भनी निर्देशन गरिरहेको छु ।

लौ अब शमथ भावना सम्बन्धमा यतिमै पूरा गरी निगमन गाथा श्लोक पढ्ने गरौं ।

**चित्त हुने गरी स्थिर शान्त, गरिने भावना शमथ हो ।**
**ध्यानले ब्रह्मा प्राप्ति संभव, गरेर भाविता शमथको ॥**
**देव मनुष्य भए पनि अवश्य, गर्नु नै पर्दछ भावना ।**
**लिई आधार शमथ-भाविता, देख्ने भै ज्ञान विपश्यना ॥**
**प्राप्त हुनसक्छ मार्गफल पनि, देखी निर्वाण राम्ररी ।**
**सम्झ सम्झ यी अटूट सदा, अप्रमाद युक्त चित्त गरी ॥**

## विपश्यना-भावना

विपश्यना भनेको "विशेष रूपले भाविता गरिने, देखिने अनि जानीलिन सकिने (थाहा हुने, बोध हुने) ज्ञान बुद्धि" हो । बारम्बार अटूट रूपले वृद्धि हुने गरी उद्योग गर्नु भावना हो । त्यसैले विपश्यना-भावना भन्नाले विशेष रूपले भाविता गर्न सकिने, देख्न-बुझ्न सकिने ज्ञान बुद्धि निरन्तर वृद्धि हुने गरी कोशिश गर्नु हो । सीधै भन्नु हो भने "नामरूप धर्मको उत्पत्ति-विनाशलाई बुझ्दै-थाहा पाउँदै आउने गरी भाविता गर्नु" हो ।



Downloaded from http://www.dhamma.digital

# रूपधर्म र नामधर्म

जसलाई रूप भनिन्छ त्यो संख्या अनुसार अट्ठाइस (२८) वटा भए पनि स्वभाव धर्म अनुसार त बुझीलिन (जानीलिन) नसकिने स्वभाव एउटै मात्र भएको हो। (विपश्यना-भावना गर्नु पर्ने) नामधर्म चाहिँ संख्या अनुसार लौकिक चित्त ८१ वटा, चैतसिक ५२ वटा गरी जम्मा १३३ वटा भए पनि स्वभाव धर्म अनुसार जानी-बुझीलिने स्वभाव एउटै मात्र छ।

यी नाम र रूप के हुन् भने जतिपल्ट पनि देख्ने, सुन्ने, सुँघ्ने, खाने, छुने, विचार गर्ने होइन्छ त्यतिपल्ट नै त्यसरी आरम्मण र द्वार (यी दुइ) - को संयोग (स्पर्श, टक्कर) हुने गरिन्छ त्यतिपल्ट नै प्रकट रूपमा भइरहने स्वभाव धर्महरू हुन्।

कसो हो भने- देख्ने गरेको क्षणमा (देखी रहेको क्षणमा) १. वर्ण २. चक्षुप्रसाद ३. चक्षुविज्ञान सँगसँगै सहभागी यी तीन चैतसिकहरू भएका मध्ये वर्ण र चक्षुप्रसाद रूपधर्म, बुझीलिन नजानेको स्वभाव भएका हुन्। चक्षुविज्ञान, चित्त र चैतसिक नामधर्म चाहिँ बुझीलिन (थाहा पाउन) जानेको स्वभावको हो। त्यसर्थ देखीरहेको क्षणमा नाम र रूप जति पनि छन् प्रकट रूपमा भइरहेका हुन्छन्।

सुनिरहने क्षणमा शब्द र श्रोतप्रसाद रूपधर्म, श्रोतविज्ञान र चैतसिकहरू नामधर्महरू हुन्। तसर्थ सुनिरहने क्षणमा नाम र रूप प्रकट रूपमा भइरहेका हुन्छन्।

सुँघिरहने अवस्थामा गन्ध र घ्राणप्रसाद रूपधर्म, घ्राणविज्ञान र सहगामी चैतसिकहरू नामधर्महरू हुन्। तसर्थ सुँघिरहने अवस्थामा पनि नाम र रूप प्रकट रूपमा भइरहने हुँदछन्।

खाइरहने अवस्थामा वा क्षणमा विभिन्न रस र जिह्वाप्रसाद रूपधर्म, जिह्वाविज्ञान र सहगामी चैतसिकहरू नामधर्म हुन्। त्यसैले खाइरहने क्षणमा यिनीहरू प्रकट रूपमा भइरहने हुन्छन्।



Downloaded from http://www.dhamma.digital

छोइरहने क्षणमा तातो भइरहेको, चीसो भइरहेको, नरम (मुलायम) भइरहेको, कठोर (चाम्रो) भइरहेको, हल्लिरहेको, ठेलिरहेको, ठेस्सिरहेको र कायप्रसाद रूपधर्म हुन् र कायविज्ञान र चैतसिक नामधर्म हुन् । तसर्थ छोइरहने क्षणमा पनि नाम रूप दुबै प्रकट रूपमा भइरहेका हुन्छन् ।

विचार गरिरहेको वा चलिरहेको क्षणमा विचार गरिनु पर्ने आरम्मणमा त नाम रूप दुइ मात्र होइन निर्वाण र प्रज्ञप्ति समेत सम्मिलित भएका हुन्छन् ।

त्यसो भए पनि भाविताको अवस्थामा निर्वाण र प्रज्ञप्ति सम्मिलित नहुने हुनाले नाम र रूप दुइलाई मात्र गनिन्छ । मनोविज्ञान र चैतसिकहरू नामधर्म हुन् । यिनीहरूको आधार हृदयवस्तु मात्र रूपधर्म हो । तसर्थ विचार चलिरहने क्षणमा पनि नाम रूप दुबै प्रकट रूपमा भइरहँदछन् ।

यसरी देख्ने क्षणको नामरूप, सुनिने क्षणको नामरूप, सुँघ्ने क्षणको नामरूप, खाने क्षणको नामरूप, छुने क्षणको नामरूप र विचार गर्ने क्षणको नामरूप उत्पत्ति-विनाशलाई थाहा पाइने गरी भाविता गर्नु, सम्झनु, हृदयमा भर्नु विपश्यना हो ।

## भाविता गरिरहेको क्षणमा देवता हुनजान सक्तछ

विपश्यना-भावना अभ्यास र भाविता गर्नेहरू मुक्ति प्राप्त गर्न सकिने पारमीज्ञान भएका हुन् भने यसै जन्ममा मार्गमा प्रतिष्ठित भएर फलमा प्रवेश पाईकन आर्य बन्न सक्तछन् ।

मुक्ति प्राप्त गर्न सकिने ज्ञान नभएका भए यस जन्ममा आर्य हुन (बन्न) नसके पनि पछिका जन्ममा मनुष्यसुख र देवसुख सजिलै प्राप्त गर्नसक्ने मात्र होइन आर्य पनि बन्नसक्ने हुँदछन् । यसै प्रसङ्गसित सम्बन्धित साधक नमूनाको कथा प्रस्तुत गरुँला ।



Downloaded from http://www.dhamma.digital

# श्रमण देवपुत्रको भावना

भगवान बुद्धको समयमा एकजना कुलपुत्र शासनमा प्रवेश गरी भिक्षु भए। आचरण र पालन गर्न योग्य ठूला-साना ब्रतप्रतिब्रत प्रतिपत्ति सबै उसले पालन गर्दै गए। गुरु आचार्यहरूकहाँ पाँचवर्षसम्म आधार लिई बसिसकेपछि भिक्षु श्रमणहरूले पालन गर्नुपर्ने विनय शिक्षा र भिक्षुणीहरूले पालन गर्नुपर्ने विनय शिक्षापद समेत अध्ययन गरे। भिक्षुहरूले गर्नुपर्ने ठूला साना काम कुरो वहन गरीलिनसक्ने गरी सबै सिके।

यस प्रकार पाँच वर्ष बितेपछि आफूलाई चाहिएको भावना अभ्यासको विधि सिकेर लिएपछि सरल र हल्का ढंगले जीवन धान्नसक्ने भएर जंगलतिर गई बस्न थाले। भगवान बुद्धले सुत्ने समय भनी अनुमति दिइराख्नु भएको मध्यरातको समयसम्म पनि उसले नसुतिकन रातदिन कुनै क्षण नरोकी निरन्तर भावना हृदयमा भरी अभ्यास र भाविता गर्न थाले।

यहाँनिर रातलाई कसरी विभाजन गरिन्छ भन्ने संक्षिप्तमा बताउन चाहन्छु। पालि भाषामा **'याम'** भन्ने शब्द प्रयोग गरिएको छ। रातिको समयको विभाजन भन्ने यसको अभिप्राय हो। यसको तीन विभाजन गरिएको छ- १. प्रथमयाम २. मध्यमयाम र ३. अन्तिमयाम।

प्रथमयाम भनेको संध्याको समय ६ बजे देखि राती १० बजेसम्म, मध्यमयाम अथवा रात्रि १० बजेदेखि लिएर २ बजे सम्मको समय। अन्तिमयाम अथवा प्रत्युष समय भनिने रात्रिको २ बजेदेखि लिएर अरुणोदयसम्मको अर्थात् सूर्य-किरण उदाउने सम्मको समय।

उक्त भिक्षुले सुत्ने समयमा पनि नसुतीकन भावनालाई पटक्कै नरोकी नबिसाई भाविता गरिरहे। यसरी (धर्म) शासनको भार वहन गरिरहँदारहँदै वायु-शूल रोगले परलोक भए।



Downloaded from http://www.dhamma.digital

१. चंक्रमण स्थानमा भावना स्मृति युक्त भई चंक्रमण गर्दागर्दै परलोक हुनु २. थाम वा खाँबो (खम्बा) मा ढेस्सिएर उभी उभी भाविता गरिरहँदै परलोक हुनु ३. चंक्रमण स्थलको कुनामा चीवरले टाउको छोपेर भाविता गर्दागर्दै परलोक हुनु ४. ढल्केर भावना गरिरहँदै परलोक हुनु ५. परिषद् माझ धर्मासनमा बसी उपदेश दिइरहँदै परलोक हुनु- यी पाँच मध्ये कुनै एकस्थितिमा रही परलोक भयो भने त्यो भिक्षुलाई शासनभार बोकीरहेरै परलोक हुने भनिन्छ।

माथि उल्लेखित उक्त भिक्षु चंक्रमण स्थलमा चंक्रमण गरिरहँदा-रहँदै परलोक भए। उनको पारमीज्ञान नछिपिएको हुनाले भिक्षु जीवनमा रही आर्य हुन चाहिँ सकेनन्। परलोक हुनु भएपछि सुतेर ब्यूँझे झैं अकस्मात् त्रयस्त्रिंश देवलोकमा भएको एउटा विशाल विमानको ढोकामा तुरन्तै देवपुत्र बन्न पुगे। उनको शरीर सुवर्णवर्णको र तीन गावुत (छ:माइल) जति अग्लो (ठूलो) रे।

उनी उत्पन्न हुन पुगेको विमान भित्र हजार जना देवकन्याहरू थिए। ती देवकन्याहरूले उनलाई देख्नासाथै "विमानका अधिकारी देवपुत्र आइपुगे, सबैले रमाइलो गरिदिन पर्ला" भन्ने विचारले दिब्यवीणा बाजागाजाहरू लिएर उनको वरिपरि झ्याम्मिन आए। तर भिक्षु योगीको रूपबाट परिवर्तन भएर आउने देवपुत्रले कतैतिर पनि नहेरी निहुरेर इन्द्रिय संयम गरी उभी रहे। उनको रंगढंग चालबाल विहारमा घुम्न आएकी नारीलाई देख्ने बित्तिकै लजालु अपठ्यारो चित्त भई हात दुबै छोपिने गरी संघाटी ओढ़ेर तलतिर हेरी निहुरिरहने पांसुकुल धुताङ्गधारी भिक्षुको रंगढंग जस्तो थियो।

धूलो फोहोरको राशबाट वा कतै चारदोबाटो जस्ता ठाउँबाट भेटाएर ल्याएका झुत्रे पूराना लुगाका टुकड़ाहरू सिलाएर जोड़ीकन धुएर रंगाएर तैयार पारेको चीवरलाई "पांसुकुल-चीवर" भन्दछ। यस्तो चीवर



Downloaded from http://www.dhamma.digital

मात्र सँधै लगाइहिँड्ने भिक्षुलाई "पांसुकुल धुताङ्गधारी" भिक्षु भन्दछ। देवकन्याहरूले यो देवपुत्रको चालामाला देख्ने बित्तिकै भिक्षुजीवनबाट परिवर्तित भएर आएका देवपुत्र हुन् भनी अनुमानैबाट थाहा पाए। त्यसैले, "भो देवपुत्र, यो त देवलोक हो, ध्यानभावना गर्ने स्थान होइन, देवसुख ऐश्वर्य अनुभव गर्ने ठाउँ हो" भन्दै उनलाई होश दिलाउन कुरा सुनाए।

त्यसरी सुनाउँदा पनि तिनी नहल्लीकनै बसीरहे, यताउति कतै नहेरी भुईंतिर मात्र आखाँ लगाई जहाँ थियो त्यहीं त्यतिक्कै बसी मात्र रहे। देवकन्याहरूले विभिन्न दिव्य बाद्य वादन गरी देखाए पनि पटक्कै नहेरी थपक्क नै बसिरहेका थिए। तिनले आफूलाई अझ पनि भिक्षुयोगी नै ठानिरहेका थिए।

देवकन्याहरू पनि अलिकता फरक हुनु वा डगमग हुनु भनेको देखिएन। उनीहरूले त्यो भिक्षु देवपुत्रको सामु सिङ्गो शरीर देखिने एउटा ठूलो ऐना ठड़ाएर देखाए। देवपुत्रले ऐनामा आफ्नो छायाँ आफैले जब देखे, तब मात्र भिक्षुजीवनबाट परलोक भईकन देवलोकमा पुगेको रहेछ भन्ने विचराले जाने।

अरहन्त हुने चाहना लिएर सुत्दा पनि नसुतीकन बड़ो कोशिश सहित उनले भावना अभ्यास गरी आएको त केही विशेषता नभएको देव ऐश्वर्य मात्र प्राप्त भयो। उनको स्थिति (दशा) त सुनको तक्मा लिनकालागि मल्लयुद्धको प्रतिस्पर्धामा जाने त्यो व्यक्तिको जस्तो भयो जो सुनको तक्मा त होइन एक पसर भरि कनिका मात्र पाउने भयो। यस्तो विचार उत्पन्न भएर उनलाई नरमाइलो हुन थाल्यो।

त्यसपछि "देव ऐश्वर्य भन्ने चाहिँ सजिलै प्राप्त हुन सक्तछ, तर बुद्ध उत्पन्न हुने संयोग मिल्न आउनु भनेको चाहिँ अति नै दुर्लभ अत्यन्तै कठिन छ" भन्ने सम्झेर परिवार देवकन्याहरू सितै तुरन्त जहाँ भगवान बुद्ध हुनुहुन्थ्यो उहीं गए। त्यतिञ्जेलसम्म तिनी विमान भित्र पसेकै थिएनन्। भिक्षुजीवनका शील पनि उल्लंघन भएको थिएन।



Downloaded from http://www.dhamma.digital

भगवान बुद्धकहाँ पुगेर गौरवपूर्वक अभिवादन चढ़ाएपछि योग्य स्थानमा उभिन पुगे । त्यसपछि देवलोकप्रति आफ्नो दृष्टि प्रस्तुत गरी सकेर भावनाका निम्ति बिन्ति चढ़ाए। देवकन्याहरूको संगीत, गीतवादन रमझमद्वारा हुलमुल भइरहेने खूबै रमाइलो र रमणीय नन्दनवन उद्यानलाई भूत प्रेत राक्षसहरूको स्थानको रूपमा उद्धृत गरी तिनले यस्तो ठाउँबाट बाहिर निस्केर अरहन्त फलमा पुग्न सकिने विपश्यनाधर्म उपदेश दिनुहुनका निम्ति भगवान बुद्धसित निवेदन गरे ।

देवलोकको नन्दनवन जसलाई देवउद्यान भन्दछ, अति नै रमाइलो मनपर्दो रमणीय हुँदछ । देवलोकका देवताहरू आफ्ना आयु सकेपछि त्यहाँबाट अब च्यूत हुने बेला भयो भन्ने जानेर के गरुँ कसो गरुँ भईकन महाभय रोगले आत्तिएर बसेका साथै मरणको समीप पुगेका देवकन्या र देवताहरू समेत यस उद्यानमा प्रवेश गर्ने बित्तिकै मरण-भय बिर्सिएर रमाइलो मानी जानसक्ने हुँदछन् ।

यतिका रमाइलो र रमणीय देवउद्यान र दिब्य आरम्मण कामगुणलाई केही जस्तो नमानी अझ यस्तो ठाउँबाट मुक्त हुनसक्ने विपश्यनाधर्म सिकाइदिनका निम्ति निवेदन गर्नु भनेको साधारण देव देवीहरूका लागि त केवल त्यस्तो विचार उत्पन्न हुन पनि सजिलो र संभव छैन । योगी भावबाट परिवर्तित भएर आएका त्यो तरुण देवपुत्रले अहिले त्यसरी निवेदन गर्नुको कारण अघिल्लो जन्ममा रातदिन सुत्दै पनि नसुती विपश्यनाधर्म उद्योग र अभ्यास गरी आएका हुनाले नै संभव भएको हो ।

त्यो भर्खरको तरूण देवपुत्रको कुरा सुन्नुभई भगवान बुद्धले उसको जीवनको सम्बन्धमा पुन: विचार दृष्टि लगाई हेर्नुभो । तब भावना अभ्यास गर्दागर्दै मृत्यु भएर देवता हुन आएको र उसका शील समेत पनि अझ भंग नभएकी पनि वहाँले देख्नुभो ।



Downloaded from http://www.dhamma.digital

त्यसपछि भगवान बुद्धले उनलाई अरहन्त फलमा पुग्न सकिने विपश्यनाधर्म बताइसक्नु भएपछि चार आर्यसत्य छुट्याई छुट्याई स्पष्ट गरी देखाई दिनुभो ।

उपदेशको अन्तमा त्यो तरुण देवपुत्र श्रोतापन्न भए । भगवान बुद्धले हुनत अरहन्त फलसम्म पुग्ने उपदेश बताउनु भएको थियो । तर उपदेश सुन्ने देवपुत्रसित भएको पारमीज्ञानको शक्ति श्रोतापन्न हुनसक्ने सम्मको मात्र हुनाले अरहन्त नभई श्रोतापन्न भएका हुन् । श्रोतापन्न हुनु पनि अपायभयबाट टाढ़िएर सदाकानिम्ति मुक्त भइसकेको स्थिति हुनाले संतोष मानी लिनसक्ने स्थिति हो । यति भएपछि त्यो देवपुत्र पनि भगवान बुद्धलाई फूल, धूप, सुगन्धादि वस्तुले पूजा गरीकन देवलोक फर्के ।

यस देवपुत्रले आफू भिक्षुजीवनमा रहेको अवस्थामा सुत्दा पनि नसुतीकन रातदिन भावना अभ्यास गरी आएको बेला पारमीज्ञान पूरा नछिपीसकेको हुँदा आर्य बनी आउन सकेनन् । तैपनि देवता बनीसकेर धर्म उपदेश सुनेर पुनः भावनाले हृदय भर्न पाउँदा सजिलै शान्तिसित आर्य बन्न समर्थ भएको "विपश्यना कुशल-पुण्य" ले आफू सिंगारिएर आएको हुनाले हो ।

## विपश्यना-भावना विधि निर्देशन

लौ अब विपश्यना अभिप्राय, विपश्यना भावना उद्योग गरे प्राप्त गर्न सकिने जुन फल छ त्यो दर्शाएको साधक नमूनाको कथा उल्लेख गरी नै सकियो । अब विपश्यना-भावना गर्ने विधिका बारेमा संक्षिप्त निर्देशन गरुँला ।

विपश्यना-भावना गर्नु भन्नाले "जतिपल्ट देख्तछ त्यति नै पल्ट अर्थात् हरेकपल्ट देख्ताहुँदी देख्तै छु देख्तै छु" भनी भाविता गर्नुपर्छ । त्यसरी जतिपल्ट सुनिन्छ (सुन्ने गर्दछ) त्यतिनै पल्ट सुनिदैछ सुनिदैछ" भनी भाविता गरिरहनुपर्छ । जतिपल्ट सुँघ्ने गर्दछ त्यति नै पल्ट सुँघ्दैछु



Downloaded from http://www.dhamma.digital

सुँघ्दैछु भन्दै भाविता गरिरहनुपर्छ वा वासना आउँदै छ वासना आउँदैछ" भनी भाविता गर्नुपर्दछ । खाइरहँदा पनि हरेकपल्ट खाँदैछु, चबाउँदैछु, निल्दैछु आदि भनी भाविता गर्नुपर्छ । छोइरहँदा पनि हरेकपल्ट छुँदैछु छुँदैछु वा छोइरहेछु छोइरहेछु भनी भाविता गर्नुपर्छ ।

"तातो, चीसो, नरम, चाम्रो, हल्लिरहेको, गइरहेको, हिँड़िरहेको, आइरहेको, उभिरहेको, बसिरहेको, सुतिरहेको, फुलिरहेको, सुक्दैगइरहेको, दबिरहेको," आदिलाई भाविता गर्नु प्रष्टब्य रूपलाई भाविता गर्नु हो ।

जतिपल्ट कल्पना गरिन्छ, विचार गरिन्छ त्यति नै पल्ट कल्पना गर्दैछु, विचार गर्दैछु आदि भन्दै अटूट गरी हृदयमा राखी भाविता गर्दै लानुपर्छ । यस प्रकारले आरम्मण र द्वार दुइको जतिपल्ट संयोग हुँदछ वा आपसमा ठोकिन आउँछ (टक्कर हुन्छ, स्पर्श हुन्छ) त्यति नै पल्ट त्यसरी नै भाविता गर्दै जानुपर्छ ।

माथि उल्लेख गरिआएको त केवल संक्षिप्त थालनीको रूप मात्र उल्लेख गरिआएको हो । पृष्ठभूमिदेखि क्रमानुसार भाविता गर्ने विधि पूर्णरूपले सिक्ने वा जान्ने इच्छा भए महोपकारक अग्गमहापण्डित महाशी सयादोको विपश्यना कार्यधर्म ग्रन्थ पढ़ेर अभ्यास गर्न सकिन्छ । मोटामोटी तौरले अभ्यास गर्न हुने गरी मात्र बुझ्नु हो भने लेखकका "दृष्टि, तृष्णा हटाउने, दुश्चरित्र भय उपद्रवबाट मुक्त होइनु" "कर्म र मनुष्य" आदि धार्मिक पुस्तकहरू अध्ययन एवं मनन अन्वेषण गर्न सकिन्छ । लेखकको प्राय: प्रत्येक पुस्तकमा नै कार्यधर्म बारम्बार उल्लेख गरी राखिसकेको हुनाले यो पुस्तकमा चाहिँ विपश्यना कार्यलाई जानीजानी नै बाँकी छोड़िएको हो ।

## त्रिपिटकको मूल सार

यस प्रकारले देख्ने, सुन्ने, सुँघ्ने, खाने, छुने र विचार गर्ने (क्रिया) जहिले जतिपल्ट हुने गर्दछ त्यति नै पल्ट, हरेक क्षण, अटूट रूपले



Downloaded from http://www.dhamma.digital

भाविता गर्नु (स्मृतिप्रस्थान विपश्यना) भनी भगवान बुद्धले पैंतालीस वर्षसम्म बताएर जानुभएको जुन मार्ग, फल र निर्वाण प्राप्तिको निम्ति मार्ग-निर्देशन (परियत्तिधर्म) धर्म छ त्यो सम्पूर्ण धर्मको मूलसार नै हो ।

**यस सम्बन्धमा केही स्पष्ट रूपले उल्लेख गर्दै जाऔं ।**

## त्रिपिटक

भगवान बुद्धले पैंतालीस वर्षसम्मन् बताइराखेर जानुभएको उपदेशहरू धर्मस्कन्धका हिसाबले (८४) चौरासी हजार; निकाय अनुसार पाँच निकाय, पिटकको हिसाबले तीन पिटक छन् ।

बोधिपक्षिय धर्म सैंतीस (३७)

ती सम्पूर्ण उपदेशहरूको सार रूपमा निचोड़ निकाले बोधिपक्षिय धर्म (३७) सैंतीसवटा हुन्छन् । ती हुन् (१) स्मृतिप्रस्थान ४ वटा, (२) सम्यक्प्रधान ४ वटा, (३) ऋद्धिपाद ४ वटा, (४) इन्द्रिय ५ वटा (५) बल ५ वटा (६) बोध्यंग-७ वटा, (७) मार्गअंग ८ वटा ।

## मार्गअंग ८

Dhamma.Digital

बोधिपक्षिय धर्मलाई पुन: सार रूपमा लिइए मार्गअंग आठवटा हुन आउँछन् । ती हुन् (१) सम्यक् दृष्टि (२) सम्यक् संकल्प (३) सम्यक् वचन (४) सम्यक् कर्मान्त (५) सम्यक् आजीव (६) सम्यक् ब्यायाम, (७) सम्यक् स्मृति र (८) सम्यक् समाधि ।

## शिक्षा ३ वटा

यी मार्गअंग आठलाई फेरि पनि सार रूपमा निचोरेर लिए शील, समाधि र प्रज्ञा भनी तीन हुँदछन् । सम्यग्वचन, सम्यक् कर्मान्त र सम्यक् आजीव चाहिँ शील-शिक्षा, सम्यग् ब्यायम, सम्यक् स्मृति र सम्यक् समाधि चाहिँ समाधिशिक्षा अनि सम्यग्दृष्टि र सम्यक्संकल्प प्रज्ञाशिक्षा हुन् ।



Downloaded from http://www.dhamma.digital

# स्मृतिप्रस्थान

यी तीन शिक्षाबाट पुन: सार रूप निकाले अन्तमा "अप्रमाद" धर्म एउटै मात्र रहन्छ। अप्रमादधर्म भन्नाले अकुशलधर्म हटाउनमा बेहोश अर्थात् लापरवाही नहुनु, कुशलधर्मको भाविता र उद्योग गर्नुमा प्रमाद नगर्नु भन्ने स्मृतिधर्म नै हो। विपश्यना कार्यसित सम्बन्ध राखी भन्नु हो भने जब जब देख्ने, सुन्ने, सुँघ्ने, छुने, विचार गर्ने (सोच्ने), खुम्च्याउने, पसार्ने आदि (क्रिया) होइरहँदा त्यस्तै हिँड़िरहँदा, उभिरहँदा, बसिरहँदा, सुतिरहँदा, फुलिरहँदा, दबिएर गइरहँदा जहिले पनि हरेकपल्ट यसरी आरम्मण र द्वारको संयोग (स्पर्श वा टक्कर) हुँदा प्रकट भइरहेको नामरूपधर्म प्रति अटूट सचेत सम्झना भइरहनु स्मृतिप्रस्थान धर्म नै हो।

## भावना गरिरहँदा जहिले पनि मार्गाङ्ग सम्मिलित रहँदछ

यस प्रकारले विपश्यनाधर्म अभिवृद्धि र भाविता गर्ने अवस्थामा स्मृति सहित जहिले पनि सचेत सजग रहँदा आठ मार्गाङ्ग सम्मिलित भइरहेने कुरा जोड्दै उल्लेख गर्दै लैजाऊँला।

## शील-मार्गाङ्ग ३ वटा

विपश्यनाधर्म भाविता र अभ्यास गर्ने योगीले सम्बन्धित शीललाई समादान गरिराख्नुपर्छ। आफूसित सम्बन्धित जति शील छन् ती सबै परिशुद्ध होइने गरी काम-कुरो गरिराख्नुपर्छ। यसरी शीललाई समादान गरी परिशुद्ध पारिसकेपछि नै सम्यग्-वचन, सम्यक्-कर्मान्त र सम्यक्-आजीव भन्ने तीन शील-मार्गाङ्ग अभिवृद्धि गर्ने काम स्वत: नै समावेश भइजाने हुन्छ।

## समाधि-मार्गाङ्ग - ३

शान्त र एकान्त स्थानमा रुखमनि नभए कतै जंगलतिर गई ठाउँ लिनुपर्छ। धेरै बेरसम्म बसिरहनसक्ने कुनै एकविधि अनुसार आफूलाई



Downloaded from http://www.dhamma.digital

चाहिए अनुसार बस्ने गर्नुपर्दछ । आँखा चिम्लिराख्नु र स्वाभाविक ढंगले सास लिने गर्नु । चित्तमा यसरी आरम्मण गरी हरेकपल्ट सासलिने गर्दा पेट फुलेर आउन थाले फुलिदैछ भनी मनमनै सचेत भई थाहा पाइरहनु, मुखले भनिरहन पर्दैन । सास बाहिर निस्कँदा जहिले पनि पेट खुम्चँदै दबिएर जाँदा दबिएर जाँदैछ भनी मनमनै सचेत भइरहनु । यस प्रकारले सम्झना राख्दै सचेत भई थाहा पाइराख्नु हो । देखिने, सुनिने आदि हरेक प्रक्रियामा जेजे भइरहन्छ त्यही त्यही प्रति सचेत रहँदै जानु हो ।

यसरी होश राखी सचेत भइरहने गर्दा जब जब फुलिदै आउँदछ तब तब नबिराई सचेत भइरहन सक्नका निम्ति उद्योग गर्नु सम्यक्-व्यायाम हो र हरेकपल्ट जब जब फुलिदैछ तब तब सम्झना सहित सचेत भइरहनु (थाहा पाइरहनु) सम्यक्-स्मृति मार्गाङ्ग अनि फुलिदैछ भनी हरेक पल्ट सचेत रहँदा (थाहा पाइरहँदा) सचेत रहने चित्त, सचेत रहनु पर्ने आरम्मण बनिरहेको त्यो फुलिनेमा ट्याप्प ट्याप्प मिल्न पुगिरहेको सम्यक्-समाधि मार्गाङ्ग हो ।

यी तीनै समाधि-मार्गाङ्ग हुन् ।

## प्रज्ञा-मार्गाङ्ग- २

फुलिदैछ भनी सचेत रहँदा फुलिने अलग्गै, सचेत रहने चित्त अलग । सचेत रहने अवस्थामा फुलिने र सचेत हुने चित्त-यी दुइ मात्र छन् । म, तिमी, पुरुष, स्त्री आदि धर्महरू केही छैन भनी जस्तो छ त्यस्तै जानीरहेको ज्ञान । फुलिने भएको हुँदा सम्झँदै सचेत रहने चित्त भएको हो । फुलिने नहुँदो हो त सम्झँदै सचेत हुने चित्त हुने होइन । फुलिने आरम्मण पहिले उत्पन्न हुँदछ । फुलिनेलाई भाविता गर्दै सचेत हुने चित्त पछि उत्पन्न हुने हो आदि भनीकन आरम्मण र सचेत रहने चित्तलाई छुट्याई-छुट्याईकन जान्नु, देख्नु, कारण कार्य रूप र नाम स्वभावलाई जस्तो छ त्यस्तै जान्नु आदि प्रज्ञा-ज्ञान सम्यग्-दृष्टि मार्गाङ्ग हो ।



Downloaded from http://www.dhamma.digital

फुलिदैछ भनी सम्झी सचेत रहँदा भाविता गरी सचेत रहने चित्तलाई भाविता गर्नपर्ने आरम्मण 'फुलिने' तिर फर्काइदिने (लगाइदिने) स्वभाव, शिर सोझो सीधा पारिदिने स्वभाव सम्यक्-संकल्प मार्गाङ्ग हो ।

यी दुई मार्गाङ्ग प्रज्ञा-मार्गाङ्ग हुन् ।

अन्य स्मृति सचेत हुनुमा पनि यही विधि अनुसार गर्नु पर्ने हो । जतिपल्ट अर्थात् जब जब सचेत रहन्छ तब हरेकपल्ट नै लौकिक मार्गाङ्ग आठवटा स्वत: समावेश भइरहने हुँदछन् । भाविताद्वारा सचेत रहने क्षणमा योगीले (साधकले) यी आठ मार्गाङ्गको नाउँ नजाने पनि स्वभाव धर्म अनुसार प्रत्येक स्मृति सचेततामा आठ मार्गाङ्गलाई वृद्धि गर्दै आइरहेको पनि सम्मिलित भइरहेकै हुँदछ । यस लौकिक-मार्गाङ्गलाई बारम्बार अभिवृद्धि होइने गरी उद्योग गर्दै लैजाँदा आर्य- मार्ग उत्पन्न भईकन निर्वाण साक्षात्कार गर्नसक्ने हुँदोरहेछ ।

## एउटै मात्र सत्य-मार्ग

तसर्थ प्रस्तुत गरिआएको उत्पत्ति अवस्थाका नाम र रूपलाई अटुट भाविताद्वारा सम्झँदै सचेत भइरहनु (स्मृतिप्रस्थान कार्य) नै मार्गमा पुगी (प्रतिष्ठित भई) फलमा प्रवेश भईकन निर्वाण साक्षात्कार गर्नका निम्ति एउटै मात्र सत्य मार्ग-एकायन मार्ग- हो भनी विश्वास पूर्वक भाविता गर्नु, सम्झँदै सचेत रहने गर्नु योग्य छ । यसरी भाविताद्वारा सम्झने सचेत रहने गरे, पारमीज्ञान परिपक्क भइसकेको व्यक्ति हो भने, यसै जन्ममा त्यो आर्य नै हुनसक्ने हुँदछ ।

पारमीज्ञान अझ परिपक्क नभएको (व्यक्ति) हो भने यस जन्ममा आर्य हुन नसके पनि पछिको जन्ममा मानुषी र दिव्यसुख प्राप्त भएर सजिलै आरामसित आर्य हुनसक्ने हुँदछ ।



Downloaded from http://www.dhamma.digital

# विपश्यना कुशल पुष्पले सिंगारिन पर्‍यो

यो विपश्यना-कुशल पुष्प चाहिँ अन्यान्य कुशल-पुष्पहरूलाई भन्दा बढ़ी प्राथमिकता दिई यसले सिंगारिएर हिँड्नका निम्ति सुहाउँदो एउटा विशेष पुष्प हो । कारण के हो भने अन्यान्य कुशल पुष्पहरू शासनदेखि बाहिरका अवस्थाहरूमा पनि फुल्दछन्, शासन भित्रको अवस्थामा पनि फुल्दछन्, सदा सर्वदा नै फुल्ने गर्दछन् । जहिले पनि सिंगारिन चाहेको बेला त्यसबाट सिंगारिने अवसर भएका ती फूलहरू हुन् ।

"विपश्यना-पुष्प" चाहिँ शासन बाहिर फुल्दैन र शासन भित्र मात्र फुल्ने "मौसमी फूल" अर्को तरिकाले भन्नु हो भने "फुल्न कठिन भएको फूल" हो ।

लौ अब विपश्यना फूलले सिंगारिनका निम्ति प्रेरणा दिई बताउँदै आएको उपदेश यतिले नै पुगियो भन्न पर्‍यो । अन्तिम निगमन कविता पढ़ेर उपदेशलाई टुंग्याऔं ।

**जानीरहने नामधर्म हो, बुझ्न नजान्ने रूपधर्म हो ।**
**बुझिने जानिने विपश्यनाले, क्षय व्ययादि नाम धर्मको ॥**

**विपश्यना कार्य धर्म बारे, बताउँदैछु महाशी विधि ।**
**श्वाससितै फुलिने र दबिने, पृष्ठभूमि त्यै आधार लिई ॥**

**गर्नुछ भाविता नाम रूप- हुन आएको स्पष्ट राम्ररी ।**
**हुनेछ वृद्धि ज्ञानको क्रम, ग्रन्थका शब्द नजाने पनि ॥**

**पुगी मार्गमा, अड़ेर फलमा, होइने दर्शन निर्वाणको ।**
**गर्नु पर्दछ भाविता निश्चय, हुने साक्षात्कार धर्मको ॥**

**कम्तीमा पनि पाइन्छ फल त्यो, दिब्य मानुषी श्रेष्ठ सम्पत्ति ।**
**सम्झ सम्झ नबिराई सबले, सदा अप्रमादी सचेत बनी ॥**



Downloaded from http://www.dhamma.digital

# निगमनबाट पवित्र उपहार समेटौं

लौ फूललाई उपमेय्य रूपमा लिई बताउँदै आएको "पुण्य-क्रिया वस्तु दशवटा" संक्षिप्तमा "दान, शील र भावना" तीनवटा मात्र रहेछन् ।

यी तीनलाई कार्य रूपमा प्रयोग गर्नाका साथै समादान, भाविता र अभ्यास गर्दै लैजाने जस्तै व्यक्तिहरूले पनि उनीहरूलाई मनपर्ने मानुषीसुख र दिब्यसुख प्राप्त गरीलिन सक्तछन् । बौद्धहरूको अन्तिम लक्ष मानिने निर्वाणलाई पनि उनीहरूले प्राप्त गर्न सक्तछन् । यसरी प्राप्त गर्न सकेको कुरालाई पनि साधक नमूना कथा टुंगो पुऱ्याएर जतिसक्दो उल्लेख गरिसकें ।

यसैले सत्पुरुष सद्धर्म प्रेमी श्रोतागणहरूले पवित्र कुशल पुष्पले (आफू) सिंगारिन सकून् । पवित्र कुशल-पुष्पले सिंगारिन पाएकाले मनुष्यसुख दिब्यसुख मात्र होइन निर्वाणसुख समेत आ-आफै प्रत्येकले प्राप्त गरी अनुभव गर्नसक्ने होउन् भनी प्रार्थनाको निगमन गाथा पढ़ीकन उपदेश अन्त गरौं ।

**दानं ददाथ सद्धाय-सीलं रक्खथ सब्बदा ।**
**भावनाभिरता होथ-पप्पोथ अमतं वरं ॥**

**साधवो** = सत्पुरुष सद्धर्म प्रेमी श्रोतागण; **तुम्हे** = तपाईंहरूले; **सद्धाय** = त्रिरत्न, कर्म र कर्मफल प्रति विश्वास सहितको श्रद्धाले; **दानं** = संसारी दुःखबाट मुक्त हुने उद्देश्य लिई प्रार्थना गर्नाका साथै दिनु पर्ने पवित्र दान; **ददाथ** = गच्छे अनुसार सक्दो दान प्रदान गर्न सकून्; **सीलं** = तन र वचन दमन र शमन गर्ने पञ्चशील अष्टशीलादि पवित्र शीललाई, **सब्बदा** = रातदिन नबिराई सर्वदा; **रक्खथ** = रक्षा गरी राख्न सकून् । **भावनाभिरता** = जति पनि शमथ र विपश्यना कार्यहरू छन् ती सबैमा



Downloaded from http://www.dhamma.digital

यथार्थ रूपले रमाउने मन भएकाहरू बन्न, **होथ** = साँच्चिकै समर्थ होऊन् । **अमतं वरं** = साँच्चिकै मृत्यु रहित पवित्र निर्वाणमा; **सीघं** = अरू धेरै जन्म लिन नपर्ने गरी चाँडै नै; **पप्पोथ** = देख्ने, सुन्ने, सुँघ्ने, छुने, सोच्ने, विचार्ने, पसार्ने (फैलाउने), खुम्चाउने, हिँड्ने, उभिने, बस्ने, सुत्ने, फुलिने, दबिने आदि (क्रिया) हुँदा जहिले पनि हरेकपल्ट साँच्चै प्रकट रूपमा भइरहने रूप र नामधर्मलाई अटूट भाविताद्वारा अभिवृद्धि गर्दै विपश्यना-ज्ञानका खुड्किलाहरू क्रमैले उक्लदै मार्ग-ज्ञान र फल-ज्ञानद्वारा, **अमतं वरं** = साँच्चै नै मृत्यु रहित निर्वाणलाई) अवलोकन गरी, जानी र त्यहाँ पुगी साक्षात्कार गर्न सकून् ।

**साधु ! साधु !! साधु !!!**

**-: समाप्त :-**

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital